# विद्यार्थीबीच हुने विभेदले शिक्षण सिकाइमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन
विषय स्नातकोत्तर तह (एम.एड.) द्वितीय बर्षको आंशिक
आवश्यकता पूरा गर्नेको लागि तयार गरिएको

## शोधपत्र

शोधकर्ता
हिरालाल पहाडी
क्या.क्रम संख्याः ६९/०६६
परीक्षा रोल नं.: २३३००१७/०६७
त्रि.वि.दर्ता नम्बरः ९-२-५३२-६-२००५

शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली

२०७३

# सामुदायिक विद्यालयमा विद्यार्थीबीच हुने विभेदले शिक्षण सिकाइमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक
योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह
(एम.एड.) द्बितीय बर्षको आंशिक
आवश्यकता पूरा गर्नेको
लागि तयार गरिएको

**शोध प्रस्ताव**

प्रस्तावक
हिरालाल पहाडी
क्या.क्रम संख्याः ६९/०६६
परीक्षा रोल नं.: २३३००१७/०६७
त्रि.वि.दर्ता नम्बरः ९-२-५३२-६-२००५

सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली
शैक्षिक योजना तथा व्यवस्थापन विभाग

२०७३

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय सिन्धुली बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह (एम्.एड्.) दोस्रो वर्ष परीक्षा रोल नं २३३००१७ भएका छात्र हिरालाल पहाडीले **विद्यार्थीबीच हुने विभेदले शिक्षण सिकाइमा पारेको प्रभाव** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निजले तयार पारेको यस शोधपत्रप्रति म सन्तुष्ट छु । यो शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

..............................

विश्वराज कुमार शर्मा

शोधनिर्देशक

मिति : **२०७३/११/०१**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह (एम्.एड्.) दोस्रो वर्षका छात्र हिरालाल पहाडी **विद्यार्थीबीच हुने विभेदले शिक्षण सिकाइमा पारेको प्रभाव** शीर्षकमा तयार पारेको शोधपत्र शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

श्री दुर्गाप्रसाद अधिकारी ....................................

(क्याम्पस प्रमुख)

श्री विश्वराज कुमार शर्मा ....................................

(शोध निर्देशक)

प्रा. डा. हेमराज ढकाल ....................................

(बाह्य परीक्षक)

मितिः २०७३/१२/०२

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय ठाकुरराम बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह एम्. एड. दोस्रो बर्षको ५९८ को पाठ्यांश पूरा गर्ने प्रयोजनका निमित्त ***विद्यार्थीबीच हुने विभेदले शिक्षण सिकाइमा पारेको प्रभाव*** शीर्षकमा तयार गरिएको हो ।

यो शोधपत्र प्रस्तावना देखि अन्तिम रुपमा तयार पार्न हौसला प्रदान गर्नुहुने शोध निर्देशक गुरु सह-प्राध्यापक विश्वराज कुमार शर्माप्रति हार्दिक आभार ज्ञापन गर्दछु । त्यसै गरी आवश्यक सामग्रीहरु उपलब्ध गराइदिनु हुने सबै प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा यो शोधपत्र कम्प्युटर टाइप तथा प्रिन्ट गरिदिनु भइ उपलब्ध गराइदिने ए.एस.पि.एम कम्प्युटर सेन्टर सिन्धुलीलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

हिरालाल पहाडी

शोधार्थी

मिति : २०७३/१०/२४

# शोधसार

प्रस्तुत अध्ययन सामुदायिक विद्यालयमा विद्यार्थीबीच हुने विभेदले शिक्षण सिकाइमा पारेको प्रभाव शीर्षकमा तयार पारिएको हो । विद्यार्थीहरु बीच हुने विभेदले शिक्षण सिकाइमा पारेको प्रभाव विश्लेषण गर्नु यो अध्ययनको उद्देश्य रहेको छ ।

यो अध्ययन मिश्रित अनुसन्धनात्मक ढाँचामा तयार गरिको छ । डकाहा स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयहरुलाई जनसंख्याको रुपमा लिइ उद्देश्यमूलक नमूना छनौट विधिबाट नमूना छनौट गरिएको छ । अध्ययनका लागि प्रश्नोत्तर, अन्तर्वार्ता, समूह छलफल तथा कक्षा अवलोकनलाई साधनको रुपमा प्रयोग गरि तथ्याङ्क संकलन गरिएको छ । यसका लागि अध्ययन क्षेत्रसँग सम्वन्धित स्रोतव्यक्ति, नमूना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक एवं विद्यार्थीहरुसँग भेटी प्रश्नावली वितरण गरी अवस्थाको अवलोकन गर्नुका साथै समूह छलफल तथा अन्तर्वार्ता द्धारा प्राथमिक श्रोतबाट तथ्याङ्कप्राप्त गरिएको छ । गुणात्मक तथ्याङ्कलाई वर्णनात्मक विधिर परिमाणात्मक तथ्याङ्कलाई कम्प्युटरको प्रयोग मार्फत वर्गीकरण तथा साधारण तालिकाको सहायताले विश्लेषण गरिएको छ ।  यसैगरी सूचनाको सहायक श्रोतका रुपमा विद्यालय तथ्याङ्क, पत्रपत्रिकामा प्रकाशित लेख, जिल्ला शिक्षा कार्यालय, विद्यालय, स्रोतकेन्द्र आदिद्धारा प्रकाशन गरेका पुस्तक सन्दर्भ सामग्री, आदिको अध्ययनबाट संकलन गरिएको छ ।

अध्ययन क्षेत्रका विद्यालयहरुमा विद्यार्थी बीचमा पाइएको लैङ्गिक विभेदको अवस्थालाई हेर्दा विद्यार्थीहरुकाबीचमा गरिने व्यवहारमा कक्षाकोठा भित्रको बसाइ, अतिरिक्त क्रियाकलाप, कक्षाकोठा भित्र र बाहिरको अवस्थामा प्रभाव परेको देखिन्छ । त्यस्ता प्रभावहरुमा कक्षाकोठाभित्र छात्रछात्राहरु छुट्टाछुट्टै बस्ने, अतिरिक्त क्रियाकलापमा छात्राहरु भाग नलिने, नाचगानमा छात्राहरु बढी सहभागी हुने गरेको अध्ययनले

*देखाएको छ । लैङ्गिक विभेदको कारण शिक्षण सिकाइमा छात्राहरु बीचैमा कक्षा छोडेका छात्राहरुमा नकरात्मक शैक्षिक दृष्टिकोण सिर्जना भएको पाइयो । विद्यार्थीबीचमा हुने लैङ्गिक असमानताका कारणहरुमा घरायसी वातावरण, विद्यालयको वातावरण, चेतनाको स्तर आदि पक्षहरु रहेको पाइयो । निष्कर्षको आधारमा अध्ययन क्षेत्रमा सम्वन्धित निकायबाट जनचेतनामूलक कार्यक्रम लागुगर्नु पर्ने, विभेद न्यूनीकरण सम्वन्धी कानून निर्माण तथा कार्यान्वयनको अवस्था सिर्जना गर्नुपर्ने देखिन्छ । विद्यालयमा छात्रछात्राहरुबीच हुने लैङ्गिक विभेदलाई व्यवस्थापन गर्नमा सामाजिक जागरण सञ्चालन गर्न पर्ने, शिक्षा व्यवहारबादी हुनुपर्ने, छात्राहरुलाई कार्यमूलक दिशामा समाविष्ट गर्नु पर्ने देखिन्छ । त्यसैगरी सामाजिक र परम्परागत व्यवहारको परिवर्तन, छोरीलाई हेर्ने दृष्टिकोणमा सकरात्मकता, छोरीलाई पनि छोरा सरहको महत्व र अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने देखिन्छ ।*

**सिफारिस पत्र** I

**स्वीकृति पत्र** II

**कृतज्ञता ज्ञापन** III

**शोधसार** IV

## बिषय सूची

**पेज नं.**

### परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ९

१.३ अध्ययनको औचित्य

११

१.४ अध्ययनको उद्देश्य १२

१.५ अनुसन्धात्मक प्रश्न १२

१.६ अध्ययनको परिसीमा १३

### परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन तथा अवधारणत्मक खाका

२.१ सम्वन्धित साहित्यको पुनरावलोकन १४

२.२ अध्ययनको लागि पुनरावलोकनको उपादेयता १९

२.३ अध्ययनको अवधारणात्मक खाका २०

### परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया

३.१ अनुसन्धानात्मक ढाँचा २३

३.२ अध्ययनको जनसंख्या तथा नमूना २३

३.३ नमूना छनौट विधि २४

३.४ अनुसन्धानका साधनहरु २४
३.५ तथ्याङ्क संकलन प्रक्रिया २५
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २६

## परिच्छेद चार : नतिजाको विश्लेषण

४.१ विद्यार्थीबीच हुने लैङ्गिक विभेदको वर्तमान अवस्था २७
४.१.१ व्यवहारिक लैङ्गिक विभेद २७
४.१.२ बसाइमा लैङ्गिक विभेद २९
४.१.३ अतिरिक्त क्रियाकलापमा लैङ्गिक विभेद ३१
४.१.४ भर्नाका आधारमा लैङ्गिक विभेद ३३
४.१.५ छात्रछात्राहरुको उपस्थितिको आधारमा लैङ्गिक विभेद ३५
४.१.६ कक्षाकोठामा लैङ्गिक विभेद ३८
४.१.७ कक्षाकोठा बाहिर लैङ्गिक विभेद ३९
४.२ विद्यार्थी बीच हुने लैङ्गिक विभेदले शिक्षण सिकाइमा पारेको प्रभाव ४२
४.२.१ बीचैमा कक्षा छोडाइ ४२
४.२.२ शिक्षाप्रतिको दृष्टिकोण ४४
४.२.३ छात्रछात्राहरुको सिकाइ व्यवहार ४५
४.२.४ पाठ्यक्रम कार्यान्वयनको अवस्था ४७
४.३ विद्यार्थी बीच लैङ्गिक असमानताका कारणहरु ४८
४.३.१ विद्यालय वातावरण ४९
४.३.२ पारिवारिक वातावरण ४९
४.३.३ चेतना स्तर ५२
४.४ शिक्षामा लैंगिक समानताका लागि सुधारात्मक उपाय ५४
४.४.१ लैंगित विभेदको दुरी कम ५४
४.४.२ सबल आर्थिक अवस्थाको सिर्जना ५४

४.४.३ जनचेतनामा वृद्धि ५५
४.४.४ सरकारी नीति ५५
४.४.५ महिलामैत्री पारिवारिक वातावरण ५५

## अध्याय : पाँच : निष्कर्ष तथा सुझावहरु

५.१ निष्कर्ष ५६

५.२ सुझावहरु ५७

५.२.१ नीतिगत तह ५८

५.२.२ कार्यान्वयन तह ५९

५.२.३. अनुसन्धानात्मक तह ५९

**सन्दर्भ ग्रन्थहरु**

**अनुसूचीहरु**

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामान्य अर्थमा लिङ् भन्नाले महिला र पुरुषको जैविक एवं प्राकृतिक भिन्नतालाई बुझाउने यौन अङ्ग बुझिन्छ । समाजका प्रत्येक व्यक्तिहरुमा रहेको जैविकीय विशेषताको आधारमा महिला वा पुरुष भन्ने कुरा सार्वभौम रुपमा छुट्याउन सकिन्छ । यही आधारमा महिला र पुरुष छुट्टिनुलाई हामी लिङ्ग भन्न सक्छौं । व्यक्तिहरुमा रहेका मौलिक जैविकीय विभिन्नताहरुका आधारमा व्यक्तिलाई जब छुट्याइन्छ भने त्यसलाई हामी लिङ्ग वा प्राकृतिक लिङ्ग भन्दछौं । यसैले लिङ्ग वा प्राकृतिक लिङ्ग व्यक्तिका शारीरिक विशेषताहरु हुन् । लैङ्गिकता नितान्त सामाजिक साँस्कृतिक व्यवस्थामा निर्धारण हुन्छ । त्यसैले लैङ्गिकता को निर्धारक तत्व कुनै जैविकीय विशेषता नभई सामाजिक साँस्कृतिक व्यवस्थाले निर्धारण गरे अनुरुप महिला र पुरुषबाट समाजले अपेक्षित गरेको भूमिका नै सामाजिक लिङ्ग लैङ्गिकता हो ? यीनै विभिन्न विश्लेषणका आधारमा के भन्न सकिन्छ भने प्राकृतिक लिङ्गलाई महिला र पुरुष बीचमा रहने शारीरिक विशेषताका आधारमा छुट्याइन्छ जुन निश्चित हुन्छ भने सामाजिक लिङ्ग भन्नाले समाजले महिला र पुरुषलाई दिएको भूमिकालाई जनाउँछ । जुन समाजै पिच्छे फरक फरक र परिवर्तनशील  हुन्छ  (आचार्य, २०६७) ।

लिङ्ग भन्नाले जैविक रुपमा पुरुष र महिलालाई पहिचान गर्ने अङ्गलाई बुझिन्छ भने लैङ्गिकता भन्नाले समाजले पुरुष र महिलाबीचमा समाजिक, आर्थिक, राजनैतिक, सहभागिता, साँस्कृतिक लगायतका क्षेत्रमा सिर्जना गरेको मानिस निर्मित विभेदलाई बुझिन्छ (मेगील, १९९६ उद्धृत आचार्य २०६७) ।

मानव समाजमा लैङ्गिक सर्वव्यापी रहेको छ । भाषा, नातेदारी, धर्म, प्रविधि जस्तै लैङ्गिक पनि मानव संस्था हो । लैङ्गिकले मानिसको समाजिक जीवनलाई सास्कृतिक ढाँचा अनुरुप संगठित गर्दछ । यसले दैनिक जीवनका समाजिक सम्वन्धहरुका साथै मुख्य सामाजिक संरचनाहरुलाई संगठित गर्दछ । लैङ्गिक सूक्ष्म संरचना र लैङ्गिक वृहत संरचनाले एक

अर्काकालाई प्रोत्साहित गर्दछन् । एक अर्काको पुनर्उत्पादन गर्दछ । त्यसैगरी समाजमा एउटा व्यक्तिले लैङ्गिक नियमअनुसार काम गर्दछ । त्यसले व्यक्तिको शक्ति हैसियत, सम्मान, इज्जत, औकात निर्धारण गर्दछ । लैङ्गिक स्थिर हुँदैन यो विगतमा परिवर्तन भएको थियो, वर्तमान परिवर्तन भएको छ र भविष्यमा पनि परिवर्तन हुनेछ (अर्याल, २०६८) ।

हरेक देशका जनताको जीवन स्तरलाई उकास्न प्रगति, विकास तथा समृद्धिका लागि आत्मवल अभिवृद्धि गर्नुका साथै चेतनाको विकास गर्दै सक्षम योग्य र अनुशासित नागरिक तयार गर्ने कार्य शिक्षाले गर्दछ । शिक्षा विकासको पूर्वाधार हो । यसको अभावमा अन्य पूर्वाधारहरुको विकास असम्भव हुन्छ । शिक्षा क्षेत्रको विकास र विस्तार गर्न सकेमा मात्र मानवीय विकास सम्भव हुन्छ । राष्ट्रका सम्पूर्ण भौगोलिक क्षेत्र, हरेक जातजाति, भाषाभाषी र सम्प्रदायका मानिसहरुका पहुँचमा शिक्षा पु¥याउनु अति आवश्यक छ । जवसम्म शिक्षा सर्वव्यापी र सर्वसुलभ हुँदैन तवसम्म राष्ट्रको सर्वाङ्गिण विकास सम्भव हुँदैन यसर्थ शिक्षा, स्वास्थ्य, सामाजिक क्रियाकलाप, राजनैतिक क्षेत्र, रोजगारीको क्षेत्र लगायत विकास प्रशासनको हरेक तह र प्रक्रियामा पुरुष र महिलाहरुको संलग्नता एवं समान अवसर प्रदान गर्नु नै लैङ्गिक समानता हो (पौडेल, २०५८) ।

महिला र पुरुषको अलग अलग अस्तित्व कायम राख्नका लागि नै यो लैङ्गिक पहिचान भएको हुनुपर्दछ । तर आम रुपमा बुझिने लैङ्गिक विभेद भने प्रकृति प्रदत्त लैङ्गिक पहिचान भन्दा फरक रहेको पाइन्छ । हाम्रो जस्तो विकासशील राष्ट्रमा महिला र पुरुष बीचमा भएको व्यवहारिक विभेद नै लैङ्गिक असमानता हो । आजको २१ औं शताब्दीमा पनि लिङ्गकै आधारमा विभेद गरी संसार चिन्ने मौकाबाट वञ्चित गर्नु मानव सभ्याताको खिल्लि उडाउनु वा उपहास गर्नु हो । लैङ्गिक विभेदको स्थितिलाई हेर्ने हो भने यसको प्रत्यक्ष प्रभाव सामाजिक, आर्थिक, साँस्कृतिक विकासका सबै पक्षहरुमाथि परेको पाइन्छ । यस्ता सामाजिक पक्षहरुमा शिक्षा, स्वास्थ्य, रोजगारी, सम्पत्तिमा स्वामित्व, राजनैतिक पहुँच आदि पर्दछन् ।

महिला तथा पुरुषबीचको आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक रुपमा समान सहभागिता नहुनुलाई लैङ्गिक विभेद भनिन्छ । लैङ्गिक अध्ययन गर्दा सम्वन्धित समाजको वा समुदायको सामाजिक तथा साँस्कृतिक अवस्थाका विभिन्न पक्षहरुबारे व्याख्या र विश्लेषण गर्नुपर्छ । सामाजिक रुपमा के कस्ता व्यवहार, क्रियाकलाप, अन्तरसम्वन्ध, पद्धति तथा प्रचलन रहेका छन् जसबाट महिला र पुरुषबीच असमान सम्वन्ध रहन गएको छ । समाजमा रहेका सामाजिक मान्यता र व्यवहारले महिला पुरुषसरह स्वतन्त्र हुन सकेका हुँदैनन । जसकै कारण सम्पत्ति तथा श्रोतमाथि उनीहरुको पहुँच तथा निर्णय प्रक्रियामा कमजोर स्थान रहन गएको छ । एउटै परिवारमा पनि सामाजिक साँस्कृतिक मान्यताका कारण महिला र पुरुष वा छोरा छोरीबीच असमान व्यवहार रहेका हुन्छन् ।

कानुन, ऐन, नियम आदि बनेर पनि सामाजिक साँस्कृतिक मान्यता तथा बन्देजका कारण महिलाहरुले पुरुष सरह शिक्षा रोजगार, स्वतन्त्रता, मनोरञ्जन आदि प्राप्त गर्न सकेका हुँदैनन । सन् १९६० को महिला आन्दोलनसँगै समाज शास्त्रीय मानवशास्त्रीय विश्लेषणमा महिलाबादी दृष्टिकोणलाई आत्मीकरण गर्दै शक्ति सम्बन्ध लैङ्गिक संरचना, लिङ्ग र जीवनका अवसरहरुका सम्वन्ध सामाजिक लिङ्गको अन्तरसाँस्कृतिक रचना, पितृसत्ता र महिला अधिकारको अवस्था, सुक्ष्म र वृहत अन्तरक्रियातमक प्रक्रिया आदिका बारेमा विश्लेषणात्मक अध्ययन अनुसन्धान गरी सूचनाको संकलन र प्रसारण गरियो, महिला अध्ययन अनुसन्धानमा जोड दिइयो । सन् १९६० को दशकमा यूरोप तथा अमेरिकाका देशहरुमा विश्वविद्यालयमा महिला अध्ययन सम्वन्धी पठन पाठन सुरु गरियो र महिलावादी विधिशास्त्रको विकास गरियो । जसबाट महिलासँग सम्वन्धित विषयमा अनुभवसिद्ध तरिकाबाट अधययन अनुसन्धान गर्न सकियो । यस बीचमा उदारवादी महिला आन्दोलन मार्क्स वादी महिला आन्दोलन समाजवादी महिला आन्दोलनहरुले आफ्ना अभियानहरु सिद्धान्तका रुपमा अघि सारे । फलस्वरुप सन् १९८० को दशकमा महिलाको

समाजशास्त्र र महिलाको मानवशास्त्र जस्ता समाजशास्त्र तथा मावनशास्त्रका विभाजनहरुको विकास गरियो (आचार्य, २०६७) ।
अमेरिका, जापान, ब्राजिल र डोमिनिका गणराज्यजस्ता देशहरुमा प्रथम विश्वयुद्धभन्दा पहिले १८ औ शताब्दिको मध्यकालदेखि नै महिलाहरुको आर्थिक, सामाजिक तथा राजनीतिक समानताका लागि विभिन्न महिला मुक्ति आन्दोलनहरुको प्रारम्भ भएका थिए । यसरी विभिन्न देश महादेशमा भएका महिला आन्दोलनका परिणामस्वरुप नै सन् १९४५ मा संयुक्त राष्ट्र संघको आफ्नो बडापत्रमा महिला र पुरुषबीच समानताको सिद्धान्तलाई स्थान दियो । सामान्तयतया नेपालले महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धि सहित हालसम्म मानव अधिकार सम्बन्धी विभिन्न १६ ओटा अन्तर्राष्ट्रिय दस्तावेजहरुलाई अनुमोदन गरिसकेको छ । नेपालका सन्दर्भमा महिलावर्गको हक, हित र संरक्षणसम्बन्धी धारणा सर्वप्रथम धर्मबाट नै सुरु भएको पाइन्छ । धर्मको गलत अर्थ लगाएर महिला माथि शेषण दमन समेत हुने गरेको छ (काफ्ले, ढकाल र अधिकारी, २०६५) ।

युनिसेफका अनुसार सम्पूर्ण महिला का साथसाथै बच्चाहरुलाई उनीहरुको क्षमता र दक्षताको आधारमा समान अवसर प्रदान गर्नु नै लैङगिक समानता हो । यसअर्थमा लैङगिक असमानता भनेको महिला तथा बच्चाहरुलाई अवसर प्राप्त नहुनु वा अवसर प्रदान नगर्नु हो भन्ने बुझिन्छ (आचार्य, २०६०) ।

समयसापेक्ष रुपमा महिलालाई पुरुषको सहयोगीको रुपमा लिँदै सामाजिक व्यवस्थामा एउटै रथका दुई पाङग्राका रुपमा परिभाषित गरिएतापनि व्यवहारमा महिलाको हैसियतलाई निकै कम महत्व दिने परिपाटी रहि आएको छ । महिलाको अवस्था तुलनात्मक रुपमा परम्परागत भूमिकाबाट परिवर्तन हुदै आएपनि आर्थिक, सामाजिक, शैक्षिक, साँस्कृतिक तथा राजनीतिक क्षेत्रबाट भूमिका प्राप्त गर्ने अवसरमा पुरुष भन्दा तुलनात्मक रुपमा पछाडि नै रहेको अवस्था पाईन्छ । शिक्षा विकासको मेरुदण्ड भएपनि

शिक्षामा लैङिक समानताको अभाव टड्कारो रुपमा देख्न सकिन्छ । महिलाको स्थिति सुधार्ने सम्वन्धमा भएका विभिन्न राष्ट्रि तथा अर्न्तराष्ट्रिय आन्दोलन, सभा, सम्मेलन तथा विविध प्रयासका फलस्वरुप शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक-आर्थिक, शैक्षिक तथा राजनीतिक स्थिति हेर्दा दक्षिण एशियामा सबैभन्दा बढी असमानता नेपालमा नै रहेको अवस्था पाईन्छ । यसैको प्रभावले शैक्षिक क्षेत्रमा आशातित मात्रामा उपलब्धि हुन नसकिरहेको अवस्था पाईन्छ (लैङ्गिक समविकास योजना, २०६३) ।

ई.स. १९६० को दशकमा सबै महिला तथा पुरुषको आधारभूत आवश्यकताको परिपूर्ति तथा गरीबी निवारणको सैद्धान्तिक अवधारणाको विकास भएबाट नीति नियमको विकास गरिए अनुरुप हरेक निर्णय प्रक्रियामा महिलाको संलग्नता अनिवार्य हुनुपर्ने सैद्धान्तिक दृष्टिकोणको विकास भएको पाईन्छ । त्यसै ले "महिला समस्याहरु" लाई सार्वजनिक गर्ने तथा समग्र देखिएको समस्यालाई विश्लेषण गर्ने उद्देश्य अनुरुप संयुक्त राष्ट्र संघले ई.स. १९७५ लाई "महिला बर्ष"को घोषणा गरेको पाईन्छ । साथै संयुक्त राष्ट्र संघ ले ई.स. १९७५-१९८५ लाई "महिला दशक" को रुपमा घोषणा गरी महिलाको विषयलाई विशेष महत्वका साथ जोड दिई हालसम्म चारवटा विश्व महिला सम्मेलनहरु सम्पन्न भैसकेको पाईन्छ । जुन ई.स. १९७५ मा मेक्सिको शहर ई.स. १९८० मा कोपनहेगन, ई.स.१९८५ मा केन्याको नैरोवी र ई.स. १९९५ मा चीनको राजधानी वेईजिङमा अन्तर्राष्ट्रिय सम्मेलनहरु भइसकेको पाइन्छ । विभिन्न समयमा महिला सम्वन्धी पारित गरेका प्रतिबद्धता अनुसार महिला तथा पुरुषबीचको विद्यमान आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक रुपमा समान सहभागिता हुन सकेको पाइएको छैन । महिला तथा पुरुषलाई समान सहभागिता गराउन विभिन्न महिला सम्मेलनहरुले प्रयास र प्रोत्साहान गरेको पाइन्छ (शर्मा २०५८) ।

सन् १९९० मा थाइल्याण्डको जोम्टिनमा भएको "सबैका लागि शिक्षा" नामक सम्मेलनले महिलाको शिक्षामा सहभागित समान रुपले हुनुपर्ने कुरा पारित गऱ्यो । सन् १९९५ मा

चीनको वेइजिङ्गमा भएको महिला, गरिवी, शिक्षा, स्वस्थ, हिंसा, सशस्त्र विद्रोह, अर्थतन्त्र, नीति निर्माण, संस्थागत संरचना मानव अधिकार, वातावरण र वालिका गरी १२ वटा क्षेत्रमा गम्भिर रुपले ध्यान दिई लैङ्गिक समानता, महिला सशक्तिकरण र राष्ट्रिय कार्ययोजना २०५४ समेत नेपालले तर्जुमा गरिसकेको छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा १७ मा शिक्षालाई सबै नागरिकको मौलिक हकका रुपमा स्थापित गरिएको छ । मातृभाषामा प्राथमिक शिक्षा दिने व्यवस्था, माध्यमिक शिक्षालाई निशुल्क गर्ने र महिला तथा पिछडिएको वर्गको शिक्ष, स्वास्थ्य र रोजगारीको विषेश व्यवस्था गरी राष्ट्रिय विकासमा सहभागी गराउने जस्था कुराहरु समेटिएको छ (शिक्षा विभाग, २०६३) ।

नेपालको सन्दर्भमा भन्नुपर्दा कुल जनसंख्यामा आधा भन्दा बढी हिस्सा ओगटेको महिलाको स्थिति अत्यन्तै नाजुक अवस्थामा रहेको पाइन्छ । वि.सं. २०६८ सालको जनगणनालाई आधार मानेर महिला विभेदीकरणलाई केलाउने हो भने विकसित मुलुकका महिलाहरु चन्द्रमामा पुग्दा समेत हाम्रो देशका महिलाहरु चुलो चौको वरिपरी ढुनुमुनु गर्न बाध्य छन् । यो पुरुषप्रधान मुलुकको उएटा उपहार नै हो भन्दा अत्तियुक्ति नहोला । जे होस महिलाहरुको सशक्तीकरण मार्फत अघि बढन सकेको खण्डमा मुलुकमा दिगो विकास र सकरात्मक परिवर्तन भइ समग्र जनताको जीवनस्तर गुणस्तरीय बन्न जाने कुरामा दुइमत छैन । नेपालमा पनि लैङ्गिक विभेदलाई कम गर्न अनेकौं प्रयासहरु नभएका होइनन तर कार्यान्वयनको फितलो पक्षले गर्दा आशातीत लक्ष्य हासिल हुन सकेको छैन । सामान्य कामकाजदेखि लिएर नीति निर्माण तहसम्म महिलाको मात्रात्मक र गुणात्मक दुवै सहभागिता, अवसर र पहुँच लैङ्गिक विभेद अन्त्यका लागि अथवा भनौ लैङ्गिक समानताको लागि नितान्त आवश्यक छ (नारी र शिक्षा, २०६३) ।

नेपाल सरकारले आधारभूत गुणस्तर शिक्षा माथि बालिकाहरुको पूर्ण तथा समान पहुँचलाई मध्यनजर राखी सन् २०१५ सम्म शिक्षामा लैङ्गिक समानता प्राप्तिकको लागि प्रयासरत छ । तसर्थ नेपाल सरकारले शिक्षामा समानता माथि मुख्य जोड दिदै आइरहेको छ । सबैको लागि शिक्षा सन् २०१५ सम्ममा प्राथमिक तथा माध्यमिक शिक्षामा रहेको लैङ्गिक

असमानत निर्मूल गर्ने एक राष्ट्रिय परियोजना हो र यो बालबालिकाको गुणस्तरीय पूर्ण शिक्षामा समान पहुँचलाई मध्यनजर राखी निर्माण गरिएको कार्य योजना हो । सहस्राब्दी विकास लक्ष्यले लैङ्गिक असमानता विद्यालयको सबै तहबाट हटाउनका लागि लैङ्गिक समानता तथा महिला सशक्तिकरण बढाई शतप्रतिशत सहभागिता दर (छात्रा/छात्र) बढाउने लक्ष्य राखेको छ ।

देशको समग्र क्षेत्रलाई योजनाबद्ध विकास प्रक्रियामा आबद्ध गरी विकासको गतिलाई चुस्त एवं तिव्र बनाउने क्रममा वि.स. २०१३ साल देखि हालसम्म १० वटा पञ्चबर्षीय योजना र एउटा त्रीवर्षीय योजना पूरा भैसकेको छ । यी योजनाहरुमा शिक्षा क्षेत्रलाई समेत प्राथमिकता दिई कार्यसम्पन्न गरिएका छन् भने महिला शिक्षामा समेत जोड दिइएको छ । पहिलो योजना देखि पाँचौ योजना सम्म शिक्षामा विशेष चासो देखाइएको पाइदैन । छैटौ योजनामा महिला शिक्षा कार्याक्रम अर्न्तगत शिक्षक नियुक्तिमा महिलाहरुलाई ग्राहयता दिई महिला शिक्षा वृद्धि गर्ने र विद्यालय स्वीकृती दिँदा छात्रा संख्या बढी भएको विद्यालयलाई प्राथमिकता दिने जस्ता कार्यक्रम संचालन गरिएको थियो । सातौ योजनामा महिलाहरुको शिक्षा विकासको लागि छात्रवृत्ति तथा छात्रावासको व्यवस्था गरिएको छ । आठौ योजनामा महिला सहभागिता बढाउन बालिकाहरुलाई विद्यालयमा अध्ययनको लागि आकर्षण गर्ने र तिनहिरुलाई विचैमा पढाई नछोड्ने बानी बसाल्न स्कुल पोशाक, छात्रवृत्ति, बढि छात्रा भर्ना गर्ने विद्यालयलाई पुरस्कृत गर्ने जस्ता विषेश कार्यक्रमहरु विस्तार गरिए । त्यसै गरी ९ औ योजनाले महिला शिक्षा सम्बन्धि मुख्य तीन वटा नीति तथा कार्यनीति अघि सारेको पाइन्छ । जसअर्न्तगत महिलाहरुलार्य मुल प्रभावहमा समाहित गर्ने, लैङ्गिक भेदभाव हटाउने र सशक्तिकरण गर्ने, (बस्नेत २०५९) ।

दशौ योजनामा महिलाहरुको शैक्षिक स्तरमा सुधार गर्नको लागि औपचारिक तथा अनौपचारिक शिक्षाको पहुँचमा अभिवृद्धि गर्न छात्रवृत्ति, महिला शिक्षिका, प्राविधिक शिक्षामा जोड जस्ता नीति निर्माण एवं व्यवस्थापनमा ठोस लैङ्गिक समवेदनामूलक सूंचाक

तयार गरी लैङ्गिक सूचांक परिक्षण प्रणाली लागु गर्ने जस्ता नीति तथा कार्यनीति समेत समावेश गरिएको छ (दशौँ पञ्चबर्षीय योजना, २०५९) ।

एघारौं राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार नेपालको कुल साक्षरता प्रतिशत ६५.९ रहेको छ । जसमध्ये ७५.१ प्रतिशत पुरुषको रहेको छ भने महिलाको स्थिति ५७.४ प्रतिशत मात्र थियो । प्रजातन्त्रको पुनःस्थापना पश्चातपनि महिलाको साक्षरतामा वृद्धि हुन नसक्नुको पछाडि अनेकौ कारणहरु रहेका छन् । अर्कातर्फ ग्रामीण क्षेत्रलाई हेर्ने हो भने ५४.६ प्रतिशत पुरुष र ४५.४ प्रतिशत महिला साक्षर रहको पाइन्छ । त्यसैगरी सहरी क्षेत्रको अवस्थालाई नियाल्दा पुरुष र महिलाको साक्षरता स्थिति क्रमशः ५४.८ र ४५.२ प्रतिशत रहेको देखिन्छ (राष्ट्रिय जनगणना २०६८) । यस्तो नाजुक शिक्षा क्षेत्रको तहगत अवस्थालाई हेर्दा कति भयाभह स्थिति होला सहजै अनुमान गर्न सकिन्छ । हुन त राणा शासनकाल देखि नै महिलालाई पनि पुरुष सरह शिक्षा दिनु पर्ने आवश्यकता महशुस गरिएको थियो तर समय परिस्थितिका कारण त्यो सकरात्मक बन्न सकेन (केन्द्रिय तथ्याङ्क विभाग, २०७०) ।

नेपालमा जारी भएका विभिन्न संविधानमा शिक्षा नीतिलाई विशेष चासोका साथा अङ्गिकार गरेको पाइन्छ । अहिलेको अन्तरिम संविधानको (२०६३) धारा १७ भाग ३ मा शिक्षा तथा संस्कृति सम्वन्धी हकको व्यवस्था गरिएको छ । सभ्य समाज निर्माण गर्नका लागि पुरुष र महिला एक रथका दुइ पाङ्ग्रा हुनु पर्ने कुरा विभिन्न समयमा गठन भएका शिक्षा सम्वन्धी राष्ट्रिय आयोग एवं कानुनमा व्यवस्था भएबाट प्रष्ट हुन्छ । तर गरिबीको रेखामुनी बाँच्न वाध्य राष्ट्रका नागरिकमा शिक्षामा लगानी गर्न सामर्थ्य छैनन भने अर्कातर्फ अन्धविश्वास र रुढीवादी संस्कारको विकासले गर्दा छोरीलाई छोरा सरह शिक्षा दिनुपर्दछ भन्ने भावनाको विकास भएको पनि पाइदैन । समाजमा आफ्नो पहिचान प्रस्तुत गरी स्वतन्त्र नागरिकका हैसियतले जीवन जीउन महिलालाई शिक्षाको ज्ञान प्रदान गर्नु आजको प्रमुख आवश्यकता हो । जुन कार्यपश्चात राष्ट्रले सामाजिक, आर्थिक तथा

साँस्कृतिक एवं राजनैतिक विकासमा स्थायीत्व प्राप्त गर्न सक्षम हुन्छ भन्नुमा अतिसय नहोला ।

महिलालाई पनि शिक्षामा समान अवसर दिनुपर्छ भन्ने अभिप्रायले वि.सं. २०२७ मा युनिसेफको आर्थिक सहयोगमा शिक्षा मन्त्रालय माफर्त “महिलाहरुको निम्ति शिक्षामा समान अवसर” कार्यक्रम सञ्चालन भएको थियो । यस कार्यक्रमको प्रमुख उद्देश्य भनेको महिलालाई प्राथमिक तहको शिक्षकका रुपमा विकास गर्नु रहेको थियो । यो कार्यक्रम सर्वप्रथम पृथ्वीनारायण क्याम्पस पोखरा (२०२८) बाट शुरु भइ धनकुटा र जुम्ला क्याम्पसमा समेत सञ्चालन भएको थियो (प्रधान, २०६०) ।
वर्तमान अवस्थामा समयको परिवर्तनसँगै शिक्षामा महिलाको सहभागिता पनि बढदै गइरहेको छ । शिक्षा क्षेत्रमा महिलाको सहभागितालाई यथेष्ट रुपमा समावेश गर्न अनेकौ प्रकारका प्रोत्साहन कार्यक्रमहरु पनि लागु गरिएका छन् । नियमित छात्र वृत्ति, राष्ट्रिय छात्र वृत्ति, सिमान्तकृत, दलित, पिछडिएको वर्ग, गरिव तथा जेहेन्दार छात्रवृत्ति शिक्षमा महिलाको सहभागितालाई टेवा दिने कार्यक्रमहरु हुन् । विडम्वना नै भन्नु पर्छ यी कार्यक्रमले अपेक्षित लक्ष्य हासिल गर्न सकेको छैन ।

## १.२ समस्याको कथन

आजको २१ औं शताब्दीमा आइपुग्दासम्म पनि नेपाली समाजमा छोरा सरह छोरीलाई शिक्षा दिनु पर्दछ भन्ने मान्यता र सोचाइको विकास हुन अझै नसकेको पाइन्छ । तर यसका बावजुद पनि यो परिवर्तित विश्व परिस्थिति र ज्ञानको विकासका कारण यी मान्यताहरुमा आर्थिक रुपमा परिवर्तन नभएको होइन । २०१५ सम्म शिक्षामा लैङ्गिक समानता प्राप्तिको लागि नेपाल सरकारले आफ्नो संशोधन तथा प्रयास त्यस क्षेत्रतर्फ केन्द्रिकृत गरेको छ । सरकारले छात्राहरुको शिक्षाको लागि नीति, योजना तथा कार्यक्रमहरु निर्माण तथा तय गरेको पाइन्छ । अन्तरिम संविधान २०६३ ले सबैका लागि

शिक्षाको म्यान्डेटलाई समाहित दर्शनको रुपमा समेटेको पाइन्छ । तर यस्ता नीति, कार्य योजना तथा कार्यक्रमहरुका बावजुद पनि लैङ्गिक समानता अपुरो बन्न पुगेको छ ।

हिन्दुत्वको प्रभावबाट नेपाली समाजमा आजको यस गतिशील युगमा पनि छोरीलाई शिक्षा दिनु भनेको अर्काको फूलबारी गोडमेल गर्नु हो भन्ने संकुचित मानसिकताले जरो गाडेको छ । त्यसै गरी मरेपछि मृत्यु संस्कारका लागि छोराको उपस्थितिलाई सर्वोपरी ठान्नु पनि महिला शिक्षाको उपहास गर्नु हो र हो महिलाको सशक्तिकरणको बाधक बन्नु पनि । एकातर्फ शिक्षा आर्जनको बाटो बन्द गर्नु अर्कातर्फ विद्यालय भर्ना भएका छोरीहरुलाई छोराको तुलनामा भेदभाव गरी स्कुल छुटाउनु र औपचारिकताका लागि विद्यालय भर्ना गरिदिएर उनीहरुको आवश्यकतालाई पूरा नगर्नु महिला शिक्षामा देखिएको भेदभावपूर्ण व्यवहार हो । समय सापेक्ष रुपमा लैङ्गिक विभेदलाई अन्त्य गर्न नसक्नु देशलाई अग्रगमनमा जान व्यवधान खडा गर्नु हो । यो समस्या हाम्रो देशमा विकराल अवस्थामा देखिएको छ । जनसंख्याको आकारमा महिलाको संख्या पुरुषको भन्दा बढी भएबाट नै प्रष्ट हुन्छ कि विद्यालय जाने उमेरका केटीहरुको संख्या पनि बढी नै रहेको छ । तर पुरुषको तुलनामा तिनीहरुको कम उपस्थितिले समाजिक समस्या अझ बढन पुगेको अवस्था हामी सबैले महशुस गरिएको छ । यीनै अव्यवहारिक समस्याहरुलाई सुक्ष्म रुपमा अध्ययनगरी समस्या समाधानका उपायहरुको खोजी गर्नु आजको आवश्यकता हो । त्यसैले यस विषयवस्तुलाई समावेस गरि विद्यालय शिक्षामा छात्रछात्राहरुबीच हुने लैङ्गिक असमानताको स्थितिलाई समस्या प्रस्तुतीकरणका रुपमा अघि सारिएको छ ।

विद्यालयमा हाल आएर छात्राहरुको भर्नादर वृद्धि भएको देखिए पनि कक्षामा उपस्थिति भने सन्तोषजनक पाइँदैन । विद्यालयमा उपस्थित छात्राहर अगाडि वेन्चमा बस्न नरुचाउने, केटा साथीसँग बस्न नमान्ने, अतिरिक्त क्रियाकलापमा भाग नलिने, जस्ता समस्याहरु देखिएका छन् । त्यतिमात्र होइन कक्षाकोठामा शिक्षकले पढाउँदा आफुले नबुझेका कुराहरु शिक्षकसँग सोध्न डराउने, लजाउने, जस्ता समस्याहरु देखिएका  छन् । कक्षा ९/१० मा

अध्ययनरत छात्रछात्राहरुलाई कतिपय केटासाथीहरुले जिस्क्याउने, प्रेमप्रस्ताव राख्ने, बाटो छेक्ने जस्ता क्रियाकलाप गरेको पाइन्छ । परिणामस्वरुप छात्राहरु विद्यालयमा उपस्थित नहुने, उपस्थित भएपनि तनावमा रहने, समस्याले गर्दा अध्ययन कार्यमा नकरात्मक असर परेको पाइन्छ । छात्राभर्नादर उच्च हुँदाहुँदै पनि कतिपय यस्ता समस्याका कारणले केटासाथीहरुसँग प्रतिकार गर्न नसकी विद्याल नै छाड्ने गरेको पाइन्छ । केटाहरुले केटीहरुप्रति हेर्ने दृष्टिकोण र केटीहरुले केटाहरुप्रति हेर्ने दृष्टिकोण नै फरक हुने भएकाले शिक्षण सिकाइमा यस्तो समस्या देखा परेको छ ।

विद्यालय तहमा छात्रछात्राहरुबीच हुने लैङ्गिक समानता कायम हुन नसक्नुका कारणहरु तथा समस्या समाधानका उचित उपायहरु समेत सुझाउने उद्देश्यले सामूदायिक विद्यालयमा छात्रछात्राहरुमा हुने लैङ्गिक विभेदको अवस्था नामक शोध शीर्षक चयन गरिएको हो ।

## १.३. अध्ययनको औचित्य

कुनैपनि अध्ययनको आफ्नै महत्व हुन्छ । महिलाहरु पुरुषका तुलनामा बढी निरक्षर भइरहेको वर्तमान अवस्थामा सिन्धुली जिल्ला पनि त्यसबाट अछुतो रहन सकेन । त्यसमा पनि दलित तथा जनजातिहरुको अवस्था कहालि लाग्दो छ । शिक्षामा रहेको लैगिंक असमानता हटाउन नेपाल सरकारले बालिकाहरुको शिक्षालाई प्रोत्साहन गर्न, नियम र योजनाहरु निमार्ण गरेको छ । विभिन्न समयमा गठित शिक्षा आयोगले महिला शिक्षामा विशेष जोड दिइरहेका छन् । विभिन्न किसिमका छात्रवृति, पोशाकको व्यवस्था, निशुल्क पाठ्यपुस्तक वितरण, खानाको व्यवस्था, अनिवार्य प्राथमिक शिक्षाको घोषणा लगायत महिलाहरुको हित र सम्वर्द्धनको लागि विभिन्न प्रयासहरु गर्दागर्दै पनि शिक्षामा पुरुषको तुलनामा महिला पछाडी परिरहेका छन् । महिलाहरुको स्तरवृद्धि हुन सकिरहेको छैन ।

माध्यमिक तहमा अध्ययन गर्ने उमेर समूहका छात्राहरु अधिकतम रुपमा विद्यालयमा सहभागी भइरहेका छैनन् । भर्ना भएका पनि शिक्षा पूरा नगरी किन बीचैमा विद्यालय छाड्ने गरेका छन् यी समस्याहरुको उत्तर खोज गर्न यो अनुसन्धान महत्वपूर्ण हुन सक्छ ।

विभिन्न संघसंस्था र सम्वन्धित निकायलाई समस्याको खोजी गरी समाधान गर्नका लागि उपायहरु समेत अवलम्बन गर्न सहयोग पुग्ने देखिन्छ । नेपाली समाजमा छात्रछात्राहरुलाई विभेदको दृष्टिले नहेरी सामान्यीकरण गर्न अभिभावक, समाजका व्यक्तिहरु एवं छात्रछात्रा स्वयंमलाई जनचेतना जगाउने कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ । यस्ता कार्यक्रमहरु सरकारी, गैरसरकारी संस्थाले सञ्चालन गरी, अभिभावक एवं छात्रछात्रालाई तालिम दिएर लैङ्गिक विभेद सम्वन्धी ज्ञान दिलाउन सकिन्छ र लैङ्गिक विभेदका सम्वन्धमा परम्परागत रुपमा स्थापित मान्यता र धारणामा परिवर्तन ल्याउने काममा सहयोग पुऱ्याउन सकिन्छ । लैङ्गिक विभेदप्रतिको समाजमा बसेको धारणमा परिवर्तन गराउन र छात्रछात्राहरुबीच हुने लैङ्गिक विभेद कमगरी गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ भनी उपाय सुझाउन यस अध्ययनले सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ ।

विद्यालय एउटा शान्तिपूर्ण रुपमा विद्या आर्जन गर्ने स्थान हो । जहाँ सिकारुले नयाँ ज्ञान, सीप र अवधारणाहरु निर्वाध रुपमा सिक्न पाउनु पर्दछ । जसले गर्दा उनीहरुले भविष्यमा जीवन जीउने तौर तरिकाहहरु प्राप्त गरी सफल जीवन जीउन सक्षमता हासिल गर्दछन् । यस अध्ययनले विद्यालय भित्र के कस्तो व्यवहारबाट सिकाइ हुन्छ ? उक्त सिकाइ उपलब्धि मूलक छ छैन ? छात्रछात्राहरुबीच हुने लैङ्गिक विभेदको समस्या निराकरणका लागि कुन उपायहरु अबलम्वन गर्न सकिन्छ भन्नेतर्फ शिक्षा क्षेत्रमा चासो राख्ने जो सुकैलाई पनि मार्ग प्रशस्त गर्ने हुँदा सिकारुका लागि र सिकाउनेका लागि झनै महत्वपूर्ण रहेको छ भनी यो शीर्षक चयन गरिएको हो ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस शोधपत्र अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१. विद्यार्थीबीच हुने लैङ्गिक विभेदको वर्तमान अवस्था पहिचान गर्नु ।
२. विद्यार्थीबीच हुने लैगिंक विभेदले शिक्षण सिकाइमा पारेको प्रभावको खोजी गर्नु ।
३. विद्यार्थीबीच हुने लैङ्गिक असमानताको कारणहरु पहिचान गर्नु ।

४. विद्यार्थीबीच हुने लैङ्गिक विभेदले शिक्षामा देखापरेका समस्याको समाधानको उपाय खोज्नु ।

### १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनलाई सार्थकतामा पुऱ्याउन अनुसन्धानात्मक प्रश्नहरु निम्न अनुसार रहेका छन् ।

१. विद्यार्थी विद्यार्थीबीचमा लैगिंक विभेदको अवस्था कस्तो छ?

२. छात्रछात्राहरुमा हुने लैगिंक विभेदले के प्रभाव पारेको देखिन्छ ?

३. विद्यार्थीबीचमा हुने लैगिंक विभेदका कारण के के हुन ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई सहज रुपमा अगाडि बढाउन सिमित साधन स्रोत र समयलाई ध्यानमा राखी सिन्धुली जिल्लाको डकाहा श्रोतकेन्द्र अन्तर्गतका १८ वटा सामुदायिक विद्यालयमध्ये ८ वटा माध्यमिक विद्यालयहरु मात्र लिइएको छ । अध्ययनको क्षेत्र माध्यमिक तहका विद्यार्थीहरु मात्र भएकाले माध्यमिक तहको कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरुलाई मात्र अध्ययन गरिएको हो । साथै विद्यार्थी विचमा हुने लैङ्गिक विभेद पहिचान गरी विभेदहरुलाई कम गर्ने उपाय पत्ता लगाउनुसँग मात्र यो अध्ययन अनुसन्धान सीमित रहेको छ ।

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन तथा अवधारणात्मक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित रचना कृतिको विश्लेषण तथा समीक्षाको उद्देश्य शोध शीर्षकको आधारभूत ज्ञान हासिल गरी त्यसका बारेमा धारणा कोर्नु हो । अनुसन्धान योग्य परिकल्पना नियमबद्ध परीक्षण गर्न धारणाको मापन गर्नु तथ्याङ्क श्रोतको पहिचान गर्नु अन्य अनुसन्धानका शोध अनुसन्धान संरचना लेखनशैली पद्धति आदिको अध्ययन एवम् टिप्पणी गर्नु समीक्षाको उद्देश्य रहने छ । सम्वन्धित अध्ययनको विषयसँग सम्वन्धित साहित्यको पुनरावलोकन गर्ने सन्दर्भमा अध्ययनकर्तालाई प्राप्त भएका साहित्यहरु सन्दर्भग्रन्थहरु, पत्रपत्रिका तथा प्रतिवेदनहरुको अध्ययन गरी निस्केका निस्केका निष्कर्ष उल्लेख गरिएको छ ।

समाज निर्माणका लागि महिला र पुरुषको संगमलाई नकार्न मिल्दैन । यसको तात्पर्य यो हो कि दुबै महिला र पुरुषको सामाजिक मान्यता सैद्धान्तिक रुपले मात्र नभई व्यवहारमा पनि बराबर हुनु पर्ने हो तर नेपालमा यो व्यवहारिक समस्या जटिल रुपले प्रस्तुत भएको छ । जुन लैङ्गिक विभेदको पराकाष्ठ हो । महिलालाई सन्तान  जन्माउने मेसिन र गृहणीका रुपमा मात्र स्वीकार गर्नुले महिला शिक्षालाई उपहास गरेको पाइन्छ । छोरा कमाइ गर्ने शक्ति हो छोरी नासो मात्र हुन् भन्ने गलत अवधारणाले गर्दा महिला र पुरुषबीच विभेद कायम भएको छ (भट्ट, २०५७) ।

शिक्षामा गरिएको लगानीले दीर्घकालीन परिवेशमा सामाजिक तथा आर्थिक परिवर्तनका लागि सकारात्मक भूमिका खेल्ने निश्चत छ । बालिका शिक्षा कार्यक्रम विश्वका विकासशील मुलुकका लागि प्रतिफलमुखी भएको छ भने दीर्घकालीन शैक्षिक परिवर्तनका लागि पृष्ठपोषण सावित भएको छ । तर नेपाली समाज रुढिवादी संस्कारबाट मुक्त हुन नसकेका कारण छोरीहरुलाई शैक्षिक लगानी गर्नु अर्काको फूलबारी गोडमेल गर्नु हो भन्ने संकुचित मानसिकताले पूर्वाग्रही भएका कारण छात्रा

शिक्षा कार्यक्रम फलदायी बन्न सकेको छैन । अर्कातर्फ हिन्दू धर्मको प्रभावले गर्दा छोराको उपस्थितिलाई सर्बमान्य ठानी छोरीलाई विद्यलाय शिक्षाबाट बञ्चित गरेको पाइन्छ (पौड्ेल, २०५८) ।

एउटा ग्रामीण समुदायमा महिलाको आर्थिक, सामाजिक उन्नति गर्ने हिसावमा भैसी पालन कार्यक्रम गरियो । सामान्यतया भैसी पालन पछि दूध बेचेर आम्दानी बढछ र परिवारका सबै केटाकेटी स्कूल जान्छन भन्ने उद्देश्य राखिएको थियो । यसले परिवारमा दुई-चार पैसाको आम्दानी भयो पनि तर घरका छोरीहरु पढन गएको पाइएन । किनभने भैसीको रेखदेख, चरनमा पुऱ्याउने काम छोरीहरुले गर्नु पऱ्यो । आमाको काममा छोरीहरुले मद्दत गरे त्यसैले विद्यालय जान पाएनन् । दूध बेच्न बजारमा घरका पुरुष गए त्यो आम्दानी छोराहरुलाई सहरको विद्यालय पढाउन प्रयोग गरे । केही पैसा निजी खर्चमा प्रयोग गरे केही दुरुपयोग पनि गरे । वास्तवमा त्यस परियोजनाले महिला र बालबालिकाको कार्यबोझ बढयो । आम्दानीको स्रोत उनीहरुसम्म पुगेन (सुवेदी, २०५९) ।

छात्राको शैक्षिक अवस्थामा प्रा.वि.भन्दा माथिल्लो तहमा कम उत्तीर्ण रहेको साक्षरतादर न्यून रहेको, शिक्षामा अभिभावकको कम बुझाई भएको साथै विषयगत अध्ययनमा गणित, अंग्रेजीमा न्यून रहेको पाइएको छ । छात्राको शैक्षिक अवस्थालाई सुधार गर्नको लागि छात्रालाई निश्चित तहसम्म निशुल्क हुनुपर्ने, अनिवार्य र सर्वसुलभ शिक्षा हुनुपर्ने, राष्ट्रिय विकासको मुलधारमा महिलालाई ल्याउनुपर्ने, शिक्षणमा महिलालाई संरक्षण/आरक्षणमा सुधार ल्याउनुपर्ने, नारी उत्थान, नारी शिक्षाको लागि सरकारी नीति नियम तथा जनचेतनामा सुधार आवश्यक रहेको छ (सापकोटा, २०६०) ।

सार्वजनिक प्राथमिक विद्यालयहरुमा अध्ययन गर्ने छात्राहरुले शिक्षा पूरा नगरी बिचैमा छोड्नुमा आर्थिक समस्या, अशिक्षा, रुढीबादी सोच, अन्धविश्वास, कुरीति, छिटो विवाह आदि कारण रहेको छ । सरकारबाट भएका प्रयासहरु प्राथमिक शिक्षा कार्यक्रम, महिला

शिक्षा कार्यक्रम तथा सामग्री निर्माणमा जोडदिए पनि शिक्षा पुरा नगरी बीचैमा छोड्नुको अवस्थालाई न्यूनीकरण गर्नको लागि सर्वप्रथम सरकारले प्रभावकारी नीति नियम बनाउनुपर्ने, शैक्षिक लगानीलाई व्यवहारिक रुपमा प्रयोग गर्नुपर्ने, तथा शैक्षिक योजनाकार, प्रशासक, अभिभावक, बुद्धिजीवी सबैले आ-आफ्नो क्षेत्रबाट योगदान दिन सकेमा यो अवस्था न्यूनीकरण हुनेछ (आचार्य, २०६०) ।

विगत दुई दशक यतादेखि देशमा भइरहेको राजनीतिक अस्थिरताले देश झन पछाडि परेको छ । यस्ता क्रियाकलापबाट देशको सामाजिक, आार्थिक, राजर्नतिक, शैक्षिक, स्वास्थ्यजस्ता विकासका लागि आभारभूत क्षेत्रहरुमा प्रत्यक्ष असर परेको छ । अझ भन्नुपर्दा शैक्षिक क्षेत्र बढी नै प्रभावित देखिन्छ । त्यसैले यस अध्ययनमा यस अगाडि गरिएका अध्ययन अनुसन्धान तथा त्यसबाट प्राप्त निष्कर्षहरु जुन महिलाको शिक्षासँग सम्बन्धित छन् तिनीहरुलाई समावेस गर्ने प्रयास गरिएको छ । राज्यले सबैका लागि समान शिक्षा भनेर घोषणा गरेता पनि व्यवहारमा प्रयोग नभएको, त्यस्तै छोराछोरीलाई शिक्षको उज्यालो घामबाट वञ्चित गरिनु हुन्न भनेता पनि व्यवहारमा प्रयोग नभएको देखिन्छ । विद्यालय भर्ना, विद्यालय छाड्ने, तथा विद्यालय उपस्थितिमा केटा र केटीमा भिन्नता छँदैछ साथै सामुदायिक विद्यालयका केटीहरुमा पनि यो भिन्नता रहेको छ । यसरी भिन्नता देखिनुको पछाडि अभिभावकको अशिक्षा, गरिबी, सामाजिक तथा साँस्कृतिक मान्यता र चेतनाको कमी जिम्मेवार रहेको देखिन्छ (घिमिरे, २०६१)

शिक्षामा लैङ्गिक विभेदको एक अध्ययन शोध पत्रमा राज्यले सबैका लागि समान शिक्षा भनेर घोषणा गरेता पनि यो व्यवहारमा त्यति प्रयोग भएको पाइँदैन । अभिभावकहरुले छोराछोरी सबैलाई शिक्षको उज्यालो घामबाट वञ्चित गरिनु हुन्न भने पनि व्यवहारमा प्रयोग भएको देखिंदैन । विद्यालय भर्ना, विद्यालय छाड्ने तथा उपस्थितिमा केटा र केटी बीच भिन्नता छँदैछ । सामुदायिक विद्यालयका केटा केटीहरुमा पनि यो भिन्नता कायमै देखिन्छ । यसो हुनुको पछाडि अभिभावकको अशिक्षा, चेतनाको कमी जिम्मेवार रहेको

देखिन्छ । अभिभावकको धारणा र सोचाइमा परिवर्तन गर्न राज्यले सबैका लागि एकै किसिमको समान स्तरीय शिक्षा प्रणाली लागु गर्नुका साथै सामुदायिक विद्यालयमा पढाइको गुणस्तर उकास्ने नीति निर्णय कडाइका साथ कार्यान्वयन गर्नु पर्ने देखिन्छ । गरीव वर्गको छोराले समेत शिक्षामा अवसर नपाएको अवस्थामा झन छोरीले पाउने त कुरै भएन । निष्कर्षमा महिलालाई शिक्षामा अवसर भन्ने सरकारको शैक्षिक नीति भएता पनि कार्यान्वयन पक्ष कमजोर देखिन्छ । त्यसैले शैक्षिक नीति कडाइकासाथ लागु गरिनु पर्ने र सबै नेपालीका छोरीहरुले छोरा सरह शिक्षा प्राप्त गर्न पाउनु पर्छ भन्ने सकारात्मक पक्षलाई उठान गरेको पाइयो (ज्ञवाली, २०६३) ।

विद्यालय शिक्षाको अवसर पाएका छात्राहरुको एस.एल.सी.उत्तीर्ण प्रतिशत छात्रहरुको तुलनामा कम रहेको पाइएको छ । २०६२ को नतिजालाई हेर्ने हो भने झापाकी अञ्जना राजवंशी ९२.३८ प्रतिहत अङ्क ल्याएर छात्रातर्फ नेपाल प्रथम हुने अवसर प्राप्त गरिन् । यो अंक बोर्ड प्रथम स्वतन्त्र गौतमको भन्दा ३ अंकले कम हो । तर स्वतन्त्र गौतम काठमाडौंको सुविधा सम्पन्न विद्यालयमा अध्ययन गर्ने छात्र थिए भने अञ्जना ग्रामीण भेगको साधारण विद्यालयकी छात्रा थिइन् । यस परिणमले तुलनात्मक रुपमा छात्राहरुको शैक्षिक मनोवललाई प्रोत्साहन गरेको छ भने सुविधाभोगी विद्यालयमा अध्ययन गर्ने छात्रछात्राहरु सबैलाई चुनौति दिएको छ (नारी र शिक्षा, २०६३) ।

समाजशास्त्रका नमुनाहरु पूर्वाग्रही रुपमा संसारभरि व्याप्त रहेर महिलाको भूमिकालाई उस्तै मानिस भएर पनि परुषको तुलनामा विभेद गरियो । सामाजिक परिवर्तनको कारकका रुपमा पुरुषलाई मात्र लिने र महिलालाई समाजमा दोस्रो दर्जाको पदवी दिन आदिम कालका समाजशास्त्रीहरु उन्मुख रहे परिणामस्वरुप समाजशास्त्रीका अनुसन्धानहरु पुरुषमुखी हुनपुगी महिलाको अवमूल्यन हुन गयो (ओझा, २०६३) ।

आज हाम्रो समाजमा छोरा र छोरीबीचको व्यवहारिक भेदभाव कायमै छ । सामाजिक सस्कार, मूल्य मान्यता तथा गरिवीले गर्दा पनि छोरीलाई पढाउने तथा आत्म निर्भर बनाउने तर्फ अभिभावकले ध्यान दिन सकिरहेका छैनन् । स्कुल तर्फको शिक्षामा छात्र छात्राको अध्ययन र उपलब्धिको स्थिति अध्ययन गर्नेहरु भन्दछन्, शिक्षाको समान अवसर

दिने कुरामा छात्र र छात्रका असमानता पाइन्छ । छात्रहरुको तुलनामा छात्राहरु बढी मात्रामा अनुत्तीर्ण हुन्छन् । यसका कारण अभिभावकले छोरीलाई भन्दा छोरालाई राम्रा र महङ्गा स्कुलमा पढाउने प्रवृत्ति हो (मरासिनी, २०६४) ।

समाजले निर्माण गरिदिएको महिला र पुरुषलाई भिन्नभिन्नै भूमिका तथा स्तरभित्र राखेको हुन्छ । तीन सामाजिक, अप्राकृतिक र मानव निर्मित साँस्कृतिक मूल्य मान्यता आदिले पुरुष र महिलालाई कसरी भिन्न रुपले असर पार्छ भन्ने कुराको खोज नै लैङ्गिक विभेद बुझ्ने आधार हो । वास्तवमा मानव निर्मित आधार वा मूल्यले पुरुषलाई बढी स्वतन्त्रता दिँदो रहेछ र महिलालाई स्रोत साधन प्राप्त गर्न तथा तिनलाई स्वतन्त्र रुपले प्रयोग गर्न समेत रोक लगाइएको रहेछ । यस किसिमको महिला र पुरुषबीच हुने विद्यमान अन्तरलाई लैङ्गिक विभेद भनिन्छ । तर सामाजिक लिङ्ग विभेदको बनोट, धर्म, वर्ण, जात, उमेर तथा वैवाहिक अवस्था अनुसार फरक फरक स्वरुपमा भेटिन्छ । जस्तो कि नेपाल वा अन्य दक्षिण एसियाली जस्ता देशहरुमा जहाँ जातीय अवस्था छ, त्यहाँ तल्लो जात वा वर्गका महिलाहरुका दाँजोमा माथिल्लो जात वा वर्गका महिलाहरुको गतिशीलता कम हुन्छ । उनीहरु घरायसी काममा पनि कमै मात्रामा संलग्न हुन्छन् । तसर्थ लिङ्गविभेदको विश्लेषण गर्दा समाज वा समुदायमा विद्यमान रीतिस्थिति, प्रचलन आदि सबैलाई ध्यान दिनु पर्दछ (काफ्ले, ढकाल तथा अधिकारी, २०६५) ।

नेपालमा महिलाको स्थिति नामक अध्ययनबाट वर्तमान समयमा विकासमा न्यून सहभागिता देखिएको पाइन्छ । यसको कारक तत्वको रुपमा अशिक्षा, गरीवी, चेतनाको कमी, परम्परागत सोच, भेदभाव आदि रहको र यस्तो समस्यालाई समाधान गर्नको लागि महिला सशक्तिकरण र लैङ्गिक समानता सम्वन्धी विविध कार्यक्रम सञ्चालन गर्नको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रबाट पनि आवश्यक स्रोत साधन र सहयोगको परिचालनको साथै समन्यात्मक रुपमा पहल गर्नुपर्ने आवश्यकता रहेको पाइन्छ (रेग्मी, २०६७) ।

माथिका अध्ययनहरुबाट के ज्ञात हुन्छ भने छोरीहरु आफैंमा कमजोर नभई हाम्रो सामाजिक परिवेशले, मानवीय व्यवहारले र संकुचित विचारधाराले कमजोर बनाएको हो भन्ने कुरामा दुई मत छैन ।

## २.२ अध्ययनका लागि पुनरावलोकनको उपादेयता

यस अध्ययनलाई प्रभावकारी बनाउन मार्क्सद्धारा प्रतिपादित नारी वादी सिद्धान्तलाई आधार मानिएको छ । मानव विकासका लागि सवैभन्दा महबत्वपूर्ण पक्ष शिक्षा हो । शिक्षालाई आर्थिक, सामाजिक उन्नति पाउनका लागि आवश्यक जीवनपायोगी सीप, ज्ञान, तथा अनुभव बढाउनको लागि मानिसको सामार्थ्य वृद्धि गर्ने एक शक्तिको रुपमा लिइएको छ । व्यक्ति, समाज र राष्ट्रका लागि शिक्षा सबभन्दा बढी महत्वपूर्ण प्राथमिकताहरु मध्ये एक हो । तसर्थ नेपाल जस्तो अल्पविकसित राष्ट्रको मुख्य उद्देश्य नै शिक्षामा पहुँच र गुणस्तरका मुद्दाहरुमाथि सम्बोधन गर्नका लागि थुप्रै अध्ययनहरु तथा विभिन्न योजना, कार्यक्रम, परियोजना शुरु गरिएका छन् ।

महिला वा छात्राहरुका लागि अवसर र पहुँच बढाउन र शिक्षामा लैगिंक विभेद अन्त्य गर्नु राज्यको एक महत्वपूर्ण उद्देश्य भएको छ । मानिस एक सामाजिक प्राणी भएकाले जति धेरै घनिष्ट मानवीय सम्वन्ध स्थापना गर्न सक्यो, त्यति नै राम्रो सम्वन्ध कायम भई स्तरीयता एवं प्रभावकारीता हासिल हुन्छ । सक्रिय सहभागिताको अत्यधिक महत्व हुन्छ । पुरुष र महिलाहरुबीच सुमधुर सम्वन्ध कायम गरी हरेक क्षेत्रमा एउटै रथका दुईपाँग्राको रुपमा विकसित गर्न सकेमा लैगिंक विभेद अन्त्य भइ समानता कायम हुन सक्दछ । नेपालको परिप्रक्ष्यमा धेरै मानिसहरु गाँस, बाँस र कपासको समस्याले ग्रसित छन् । गरिबकि कारण बिहान बेलुका छाक टार्ने अवस्था नभएको परिस्थितिमा शिक्षा टाढाको विषय बनेको छ । जति धेर नौला र बैज्ञानिक शैक्षिक कार्यक्रम सञ्चालन गरेतापनि त्यसले सार्थकता पाउन सक्दैन ।

विश्व मानचित्रमा नेपाल भौगोलिक रुपमा सानो भएतापनि सामाजिक र साँस्कृतिक रुपबाट हेर्दा धेरै ठूलो छ । नेपालको शैक्षिक विकासमा टेवा पुऱ्याउन विभिन्न खोज, अध्ययन र अनुसन्धान भइरहेका छन् । जुन यहाँको भौगोलिक अवस्था, सामाजिक,

साँस्कृतिक मूल्य मान्यताका आधारबाट हेर्दा अझै अपुरै छन् । विभिन्न अध्ययन र अनुसन्धानको प्रतिवेदनका आधारमा सरकारद्धारा शैक्षिक विकासमा विभिन्न कार्यक्रमहरु अगाडि सारिए पनि आशातित सफलता हुन सकिरहेको छैन । उल्लेखित पूर्व साहित्यको अध्ययन प्रतिवेदनमा विद्यालयमा छात्र सरह छात्राहरुको शैक्षिक सहभागिता नहुनुमा अर्थात लैगिंक विभेद हुनुमा विविध निष्कर्ष आएतापनि नेपालको सन्दर्भमा एकीकृत र ठोस विकास हुन अझै समय लाग्ने देखिन्छ ।

यस अर्थमा सामुदायिक माध्यमिक विद्यालयमा लैगिंक समानता व्यवस्थापन गरी छात्र सरह छात्राहरुलाई शिक्षाको समान अवसर र पँहुच स्थापित गर्नको लागि हालसम्म महिला उत्थानको लागि गरिएका विभिन्न अध्ययनहरुले खासै उपलब्धी हासिल गर्न नसकिरहेको अवस्थामा यस अध्ययनले विद्यालय तहमा लैगिंक विभेद हुनुका मुख्य कारण उजागर गरी त्यससँग सम्वन्धित उपायहरु पहिल्याई विद्यालयमा लैगिंक विभेद अन्त्यको व्यवस्थापन गर्न माथि उल्लेख्ति सिद्धान्तको आधार सहज हुने भएकाले यस अध्ययनलाई सोही दृष्टिकोणबाट प्रस्तुत गरिएको छ । विद्यालयमा लैगिंक व्यवस्थापन गर्नका निमित्त जुटिरहेका सरोकारवालाहरुलाई लैगिंक विभेद अन्त्य गरी समानता कायम गर्न र प्रभावकारी शिक्षण गर्न यस अध्ययनले विशेष सहयोग पुऱ्याउनेछ ।

साहित्य पुनरावलोकन र सैद्धान्तिक खाकाबाट पनि विद्यालयमा हुने छात्रछात्राहरुबीचको लैङ्गिक विभेदलाई हटाइ समानताको व्यवस्थापन गरी प्रभावकारी तरिकाबाट उनीहरुलाई समाजमा स्थापित गराउन सकिन्छ र भविष्यका लागि योग्य, सक्षम र कर्मशील बनाउन सहयोग मिल्दछ । यहि सैद्धान्तिक खाकाभित्र रहेर यस अध्ययनलाई पूरा गरिएको छ ।

### २.३ अध्ययनको अवधारणात्मक खाका

कुनैपनि विषयवस्तुको अध्ययन गर्नको लागि त्यस विषयवस्तुसँग मिल्दोजुल्दो सिद्धान्तको आवश्यकता पर्दछ । कुनैपनि संगठनलाई व्यवस्थित रुपबाट सञ्चालन गर्न विभिन्न समयमा विभिन्न विद्धानहरुले सिद्धान्तहरु प्रतिपादन गरेका छन् । जस्तै बैज्ञानिक व्यवस्थापनको सिद्धान्त, व्यवस्थापनको प्रशासनिक सिद्धान्त, व्यवहारवादी सिद्धान्त, निर्णय

सिद्धान्त, प्रणाली सिद्धान्त विचारधाराहरुले संगठनमा विभिन्न पक्षको व्यवस्थापनमा जोड दिएका छन् ।

दुई वा दुई भन्दा बढी धारणाहरुको संयोजन नै सिद्धान्त हो । कुनै पनि भनाई प्रतिको आफ्नो विचार, धारणा र दृष्टिकोण नै सिद्धान्त हो । सर्वमान्य बैज्ञानिक तर्कको आधारमा निर्माण गरिएको अन्तिम निष्कर्षलाई नै सिद्धान्त भनिन्छ । यसले प्राकृतिक घटना, वस्तु एवं पदार्थको वर्णन गर्दछ । यसले कारण र प्रभाव बीचको सम्वन्ध देखाउँछ तर कुन सही र कुन गलत हो त्यससँग सम्वन्ध राख्दैन साथै यसले ती प्राकृतिक घटनाहरुको भविष्यवाणी समेत गर्दछ (अधिकारी, २०६७) ।

कुनैपनि विषयको अध्ययन गर्ननको लागि त्यस विषयसँग मिल्ने विचार वा सिद्धान्तको आवश्यकता पर्दछ । अध्ययनलाई व्यवस्थित तरिकाले लैजानको लागि सिद्धान्तहरुको अवलम्वन गर्नुपर्ने हुन्छ । यो अध्ययनको विषयवस्तु र प्रकृतिलाई ध्यानमा राखी अध्ययनलाई विश्वसनीय र प्रभावकारी बनाउन कार्लमार्क्सद्धारा प्रतिपादित सिद्धान्त “नारीवाद” लाई अवलम्वन गरिएको छ ।

प्रस्तुत अध्ययन मार्क्सको नारी वादी सिद्धान्तमा आधारित छ । नारीवादको सिद्धान्तले महिला र पुरुष बीचको अस्वस्थ सामाजिक सम्बन्ध जसलाई यस अनुसन्धानमा लैङ्गिक विभेद भनिएको छ, सो को मुख्य कारण आर्थिक असमानता बढाउने निजी सम्पति हो भनेका छन् । उनको भनाईमा निजी तथा आर्थिक सम्पतिले नै असमानता परनिर्भता, राजनैतिक अस्त व्यवस्तता तथा अन्त्यमा हुने र नहुनेको बीचमा हुने उत्पीडनको जड हो भने महिलाको हकमा यहि कुराहरु महिला उत्पीडनको जड हो । उनको विश्लेषण नारीवादको आधारमा परिवारको उत्पति निजी सम्पति र राज्य लैङ्गिक उत्पीडन हो । परिवारको प्रवलनमा एउटा जटिल प्रणाली जसमा पुरुषहरुले महिलाको सेवा सुविधा माथि शासन गर्ने अस्तित्वमा आधारित छ ।

महिलाप्रति भएको लैङ्गिक विभेदलाई जैविक विभेद नभइकन समाजले बनाएको कृत्रिम विभेदको रुपमा लिएको छ । लैङ्गिक विभेदलाई हेरफेर गरेरै भएपनि महिला वा पुरुष जुन पछाडि छ त्यसलाई उकासेर समान बनाउनु नै लैङ्गिक समानता हो । सामान्यतया पुरुष

भन्दा महिलालाई हरेक क्षेत्र र अधिकारमा समाजले पछाडि पारेको पाइन्छ । तसर्थ हरेक क्षेत्रमा महिलाई समान अधिकार दिनु पर्छ भन्ने धारणा लैङ्गिक समानताको छ । यस सिद्धान्तले महिला र पुरुष बीच भेदभाव रहित सहभागिताको माग गर्दछ ।

समानता भनेको त्यो समानता हो जो जैविक रुपमा नै प्राप्त गरिएको हुन्छ । जुन मानवको प्राकृतिक आत्माबाट मुखारित हुने विवेकशील तर्क हो भनेर धेरै विद्धवानहरुले समता र समानतालाई पर्यायवाचकका रुपमा लिएको पाइन्छ । तर मार्क्सले भने समताले न्याय निष्पक्षता तथा उचित व्यवहार झक्काउँछ र महिला पुरुष बीचको असमानताहरुको नैसर्गिक न्यायलाई बुझाउँछ भने महिला पुरुष बीचमा समान सहभागिता, वितरण, पहुँच नियन्त्रण तथा अधिकारको बराबर उपभोग लैङ्गिक समानता हो । उनले उल्लेख गरेअनुसार समता लक्ष्य हो भने लैङ्गिक समता लक्ष्य प्राप्त गर्न अपनाइएको प्रक्रिया हो । त्यसैले महिला र पुरुषका बीचमा सामाजिक वा साँस्कृतिक रुपले कुनै पनि प्रकारको असमान व्यवहार वा विभेद गरिनुहुन्न (मार्क्स, १९९३ उद्धृत आचार्य, २०६७) ।

शिक्षामा लैङ्गिक समानता विशेष चासोको विषय बनेको छ । सबैका लागि शिक्षाको पहुँच पुर्याउने भनिएता पनि सो पूरा हुन सकेको देखिंदैन । यी पक्षहरुमा खोज अनुसन्धान हुन आवश्यक देखिन्छ । यस सम्बन्धी पक्षको जानकारीका लागि विगत वर्तमान र अनुमानित भविष्यको जानकारी हुनु आवश्यक छ । शिक्षाको विकास र ऐतिहासिक पृष्ठभूमि, विभिन्न शैक्षिक चिन्तन तथा सैद्धान्तिक आधार र सांस्कृतिक अवस्थाभित्र रहेर लैङ्गिक विभेदको अध्ययन वर्णन गरिएको छ । नेपाली समाजमा शैक्षिक पहुँचमा के कस्ता चुनौति रहेका छन् ? शैक्षिक अवसर कस्तो छ ? भन्ने कुरा ऐतिहासिक विकासक्रमको आधारमा वर्णन गरिएको छ । छात्राहरुलाई विद्यालय सहभागितामा प्रभाव पार्ने तत्वहरुको आधारमा अध्ययनलाई निष्कर्षसम्म पुर्याइएको छ । व्यवस्थापनको व्यवहारवादी सिद्धान्तलाई आधार मानेर अध्ययनलाई निष्कर्षमा पुऱ्याइको छ । व्यवहारवादी सिद्धान्तमा सामाजिक वातावरण समूहको चालचलन, सामाजिक संस्कृति पक्षलाई आधार मानेर अध्ययनलाई अगाडि बढाइएको छ । यस सिद्धान्तमा मानवीय शक्तिलाई समन्वय गर्ने, एकीकृत गर्ने, उद्देश्य प्राप्तिका लागि मानव साधानको

परिचालनलाई जोड दिइएको छ। व्यक्ति एक्लैले कुनै पनि उद्देश्य हाँसिल गर्न नसक्ने हुँदा मानवीय भावनाको कदर गर्नुपर्ने कुरालाई जोड दिइएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

कुनै पनि घटना वा विषयवस्तुसँग सम्वन्धित तथ्यहरुको बारेमा क्रमबद्ध एवम् व्यवस्थित तरिकाबाट अपनाइने अनुसन्धानको प्रक्रिया नै अनुसन्धान विधि हो । विषयवस्तुको प्रकृति अनुसार उद्देश्य पूरा गर्न अपनाइएका विविध तौर तरिका वा उपायहरुको अवलम्वनलाई नै अध्ययन विधि भनिन्छ ।

## ३.१ अनुसन्धनात्मक ढाँचा

अनुसन्धानका लागि निश्चित योजना तथा रणनितिको आवश्यकता पर्दछ । पूर्व योजना अथवा तयारी विना गरिने अनुसन्धान निश्चित लक्ष्यसम्म पुग्न सक्दैन । अनुसन्धान कार्यका लागि तयार पारिने वृहत योजना तथा रणनितीलाई नै अनुसन्धानात्मक ढाँचा भनिन्छ । कुनै पनि अनुसन्धान व्यवस्थित रुपमा सञ्चालन गर्नुभन्दा अगाडी तयार गरिने योजना र पूर्वनिर्धारित स्वरुपलाई नै अनुसन्धानात्मक ढाँचा भनिन्छ (पौड्ेल र पण्डित, २०६८) । यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि गुणात्मक तथा परिमाणात्मक दुवै किसिमका तथ्याङ्कको विश्लेषण गरिएको हुँदा यो अध्ययन मिश्रित ढाँचामा आधारित छ ।

## ३.२ अध्ययनको जनसंख्या तथा नमूना

अध्ययनको रुची अनुसारका एकै किसिमका विशेषताहरु मिल्ने व्यक्तिहरुको समूहलाई जनसंख्या भनिन्छ । अध्ययन कार्य गर्दा सकेसम्म ठूलो क्षेत्र लिई सबैको प्रतिनिधित्व गराएमा पूर्ण वैद्यता प्राप्त हुन सक्छ तर सिमीत स्रोत साधनका कारण निश्चित स्थानका अध्ययनसँग सम्वन्धित व्यक्तिहरु नै अध्ययनको जनसंख्या हुन सक्तछन् । यस अध्ययनमा अध्ययनको जनसंख्याका रुपमा डकाहा स्रोतकेन्द्रका १८ वटा सामुदायिक विद्यालयहरुका प्र.अ., विद्यार्थी, अभिभावक, स्रोतव्यक्तिलाई लिएको छ ।

नमूना भन्नाले अध्ययनको नमुना छनौटमा परेका ८ वटा सामुदायिक विद्यालयका विद्यार्थी, प्र.अ., वि.नि., स्रोत व्यक्ति तथा अभिभावकहरुलाई बुझाउँदछ । नमूना जनसंख्याका रुपमा डकाहा स्रोत केन्द्र अन्तर्गतका २८ वटा सामुदायिक विद्यालयहरु मध्ये ८ वटा सामुदायिक विद्यालयलाई छनौट गरी कक्षा ९ र १० मा अध्ययन गर्ने २ जना

केटा २ जना केटी गरी कुल ३२ जना विद्यार्थीहरुलाई समावेस गरिएको छ । साथै प्रत्येक नमूना विद्यालयबाट कम्तिमा १ जना पर्ने गरी ८ जना शिक्षकहरुलाई पनि अध्ययनमा छनोट गरिएको छ । सबै विद्यालयका प्र.अ.हरु जम्मा ८ जना पनि यस अध्ययनमा समावेस भएका छन् । त्यसैगरी प्रत्येक विद्यालयका १/१ जना अभिभावक गरी ८ जना र यी विद्यालयको स्रोतकेन्द्रका स्रोतव्यक्ति १ जना पनि यस अध्ययनमा नमूना छनौटमा परेका छन् । यसरी जम्मा ५७ जनाको नमूना छनौट गरेर यो अध्ययन सम्पन्न गरिएको छ ।

## ३.३ नमूना छनौट विधि

नमूना छनौट भन्नाले समग्रताबाट केही वस्तु वा जनसंख्यालाई अध्ययन अनुसन्धानका लागि लिनु भन्ने बुझिन्छ । अनुसन्धानकर्ताले आफ्नो उद्देश्य पूरा गर्नको लागि कुनै न कुनै नमूना छनौट विधिलाई अवलम्वन गर्नु पर्ने हुन्छ । त्यसकारण यस अध्ययनमा अनुसन्धानकर्ताले उद्देश्य पुरा गर्नका लागि विद्यालय, कक्षा ९ र १० का विद्यार्थी, अभिभावक, स्रोत व्यक्ति उद्देश्यमुलक नमूना छनौट विधि अवलम्वन गरी छनौट गरिएको छ ।

## ३.४ अनुसन्धानका साधनहरु

अध्ययनको क्रममा प्रयोग गरिएका सूचना, तथ्य एवं प्रमाण-जानकारी प्राप्त गर्ने माध्यमलाई नै तथ्याङ्कका साधनहरु भनिन्छ । अनुसन्धानलाई उद्देश्यमुखी बनाउनका लागि तथ्याङ्कको प्रयोग महत्वपूर्ण मानिन्छ । अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न निम्न अनुसारका साधनहरुको प्रयोग गरिएको छ ।

### ३.४.१ प्रश्नावली

लिखित रुपमा कसैलाई कुनै कुराको वारेमा सोध्ने माध्यमलाई नै प्रश्नावली भनिन्छ । यस अध्ययनका लागि पनि विद्यार्थी, सम्वन्धित विद्यालयका शिक्षक, प्र.अ. एवं श्रोतव्यक्तिलाई लिखित प्रश्नहरु तयार पारेर सूचनाहरु सङ्कलन गरिएको छ । प्रश्नावलीहरु अनुसूची १ देखि अनुसूची ५ सम्म व्यवस्थित गरिएको छ ।

### ३.४.२ अन्तर्वार्ता

कुनै पनि विषय वस्तुमाथि जानकारी हासिल गर्न प्रत्यक्ष रुपमा भेटर आमने सामने भइ सत्य तथ्य सूचनाहरु पत्ता लगाउने प्रक्रिया नै अन्तर्वार्ता हो । जसबाट आफ्नो अभिष्ट पुरा गर्न ठूलो मद्धत मिल्दछ । यस अध्ययनमा छनौटमा परेका नमूना जनसंख्यालाई उपयुक्त तरिकाबाट आमने सामने बसी सूचना प्राप्त गरिएको छ ।

### ३.४.३ समूह छलफल

यस प्रकारको छलफल एक अर्काको आमने सामने बसेर विषयवस्तु माथि प्रवेश गरी समस्याहरुको निचोडमा पुग्नका लागि गरिने अन्तक्रिया हो । छलफलका क्रममा पूर्व व्यवस्थित प्रश्नावली र तत्कालै कुनै मौखिक प्रश्न पनि गर्न सकिन्छ । अनुसन्धानकर्ता आफैं उपस्थित भएर सम्वन्धित विषयमा सरोकारवालासँग गरिने छलफल यस अनुसन्धानमा पनि प्र.अ., विद्यालय व्यवस्थापन समिति, शिक्षक एवं विद्यार्थीसँग सामूहिक छलफलका रुपमा गरिएको छ ।

### ३.४.४ अवलोकन

अवलोकन प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने एक भरपर्दो र प्रभावकारी माध्यम हो । कुनैपनि विषयमा पटक पटक विश्वस्त हुनका लागि यो अवलोकन विधि उपयुक्त मानिन्छ । किनभने सुनेकोभन्दा देखेका कुराहरु सत्यमा आधारित हुनुका साथै चीर स्थायी रहने गर्दछन् । यस अध्ययनमा अवलोकन स्वरुप विद्यार्थी हाजिरी, मूल्याङ्कन फारम, एस.एल.सी नतिजा विवरण, रुजु सूची आदिलाई लिइएको छ । रुजु सूचीको नमूना अध्ययनको अन्त्यमा समावेश गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्कको गोपनियता र सत्य तथ्यलाई कायम राख्नका लागि तथा वैद्यता र विश्वनियताका लागि अनुसन्धानकर्ताले सम्वन्धित व्यक्तिहरुसँग पुगेर सङ्कलन गरिने सूचनाको प्रक्रियालाई न तथ्याङ्क संकलन प्रक्रिया भनिन्छ ।

अध्ययनका लागि तथ्याङ्कहरु प्राथमिक र द्धितीय श्रोतबाट लिएको छ । प्रत्यक्ष रुपमा लिखित वा मौखिक प्रश्नावली मार्फत तथ्याङ्कहरु संकलन गरिने प्रक्रियालाई प्राथमिक

तथ्याङ्क संकलन भनिन्छ भने पहिलानै अन्य व्यक्ति वा संघसस्थाहरुले संकलन गरी प्रकाशन गरेको तथ्याङ्कीय श्रोतलाई द्धितीय तथ्याङ्क संकलनको श्रोत भनिन्छ ।

प्राथमिक तथ्याङ्कहरु प्रश्नावली सहितको प्रत्यक्ष अर्न्तावार्ताका माध्यमबाट लिएको छ भने द्धितीय तथ्याङ्कहरु जिशिका, विद्यालय, श्रोतकेन्द्र आदिद्धारा प्रकाशन गरेको पुस्तक, सन्दर्भ सामग्री, गाविसको प्रोफाइल आदिको अध्ययनबाट संकलन गरिएको छ ।

तथ्याङ्क संकलनका लागि सामान्य अनुसन्धान विधिको प्रक्रियालाई पछ्याइएको छ । जस अनुरुप उद्देश्य पूर्तिका लागि निमार्ण गरिएका प्रश्नावलीहरु प्रत्यक्ष अन्तरवार्ताका माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । व्यवस्थित प्रश्नावली बाहेक मौखिक प्रश्नहरु जुन अन्तरवार्ताका क्रममा आउँछन तिनलाई पनि समावेस गरिएको छ । प्र.अ.हरुको जानकारी, विद्यालयको अभिलेख समेत तथ्याङ्क संकलन प्रक्रियाका लागि स्वागत योग्य मानिएको छ ।

**३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया**

प्राथमिक र द्धितीय दुवै श्रोतबाट प्राप्त भएका तथ्याङ्कहरुको स्थितिलाई सर्वसाधारणले बुझ्न सक्ने गरी सामान्यीकरण गर्नु वा ती तथ्याङ्कहरुको अवस्थालाई नजिकबाट नियाली निष्कर्षमा पुग्न सक्नु नै तथ्याङ्क विश्लेषण हो । संकलित तथ्याङ्कहरु विश्लेषण गर्न कच्चा हुन्छन् । संकलित तथ्याङ्क पनि कुनै मौखिक हुन्छन भने कुनै संख्यामा आधारित हुन्छन । त्यसकारण ती तथ्याङ्कहरुलाई प्रशोधन र सम्पादन गर्नुपर्ने हुन्छ । त्यसपछि मात्र विश्लेषण गर्न सकिन्छ । यहि प्रक्रियालाई नै तथ्याङ्क विश्लेषण प्रक्रिया भनिन्छ । यसका लागि प्राप्त भएका गुणात्मक तथ्याङ्कलाई वर्णनात्मक विधि र परिमाणात्मक तथ्याङ्कलाई कम्प्युटरको प्रयोग मार्फत वर्गीकरण तथा साधारण तालिकाहरुको सहायता लिइ व्याख्या तथा विश्लेषण गरिएको छ ।

## परिच्छेद चार : नतिजाको विश्लेषण

यस परिच्छेदमा सामुदायिक विद्यालयमा विद्यार्थीहरुबीच हुने लैङ्गिक विभेदको अवस्था शीर्षकमा शोधपत्र तयार पार्नका लागि छनौट गरिएको सिन्धुली जिल्लाको डकाहा श्रोतकेन्द्र अर्न्तगर्तका ८ वटा सामुदायिक विद्यालयका विद्यार्थी, प्र.अ., श्रोतव्यक्ति, अभिभावक आदिबाट प्राप्त नतिजाहरुलाई विविध प्रकारका आवश्यकीय शीर्षक र उपशीर्षक राखि व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१ विद्यार्थी बीचमा लैङ्गिक विभेदको वर्तमान अवस्था

विद्यालय विद्यार्थीहरुको साझा घर हो । यहाँ छात्र-छात्रा ज्ञान आर्जन गर्नका लागि आउने गर्दछन र निश्चित ज्ञान आर्जन पश्चात पुनः अन्यत्र गइ आफ्नो जीवन पद्धतिलाई अगाडि बढाउदछन् । राष्ट्र विकासको मुख्य कसीका रुपमा आजका बालबालिकाहरु रहेका हुन्छन् । हो । राज्य विकासको लागि समाजका सम्पूर्ण मानव समूदाय सामुहिक रुपमा सक्रिय हुनुपर्छ । समाजका सबै मानव एक रुपमा अगाडी बढनका लागि विद्यार्थीहरुको भूमिका महत्वपूर्ण मानिन्छ । विद्यालय एक सामाजिक संस्था भएकाले समाजको परिवर्तन र सामाजिक विकासको निम्ति विद्यालयमा लैङ्गिक समानता हुन आवश्यक छ । विद्यालय तहमा छात्रछात्राहरुका बीच हुने लैङ्गिक विभेदको कारणले समग्र अध्ययन क्षेत्रमा मात्र नभएर देशको समग्र शैक्षिक राजनैतिक एवं आर्थिक गतिविधिमा समेत यसको प्रभाव देखिन्छ ।

### ४.१.१ व्यवहारमा लैङ्गिक विभेद

व्यवहार मानिसको आचरण झल्काउने एक पद्धति हो । जहाँ व्यक्तिका आफ्ना बानी र क्रियाकलापहरु समावेश भएका हुन्छन् । विद्यार्थीहरु बीचमा पनि व्यवहार समान नभएको अवस्थालाई लैङ्गिक विभेद भन्न सकिन्छ । सबै विद्यार्थीहरुले प्रस्तुत गर्ने वा देखाउने व्यवहार समान हुँदैन । छात्रछात्राहरुको बीच व्यवहारमा लैङ्गिक विभेद हुन्छ कि हुँदैन भनी सोधिएको प्रश्नमा सरस्वती उ.मा.वि. डकाहाका प्रधानाध्यापक अर्जुन प्रसाद बराल

भन्नुहुन्छ छात्रहरु छात्राहरु निडर साहसी र आफ्ना मनमा लागेका कुरा सजिलै भन्न सक्ने हुन्छन । निडर भएकै कारण लाज नमानी केटीहरुलाई हेपेर कुरा गर्ने, शिष्टताहीन कुरा गर्ने, अपशब्द समेत बोल्ने, बोल्दा जिस्काउने हिसाबले कुरा गर्ने गर्दछन । तर छात्राहरु भने बोल्ने संयमता अपनाउने, सामान्य बोलीचालीमा समेत डर महशुस गर्ने, नरम शैलीमा प्रस्तुत हुने, आफ्ना कुरा भन्न लजाउने, केटाहरुसँग प्रतिकार गर्नु परे साथीको सहयोग लिने गर्दछन् । केटाहरुको तुलनामा केटीहरुको व्यवहार सरल हुने गर्दछ । घरायसी एवं पारिवारिक वातावरणमा छोरालाई प्राथमिकता र महत्व दिइएको कारण छोराहरुमा अहमता र छोरीहरुमा संयमता देखिएको हो ।

अन्तर्वार्ताका समयमा श्री उमावि हर्षाहीको अध्ययनका क्रममा सामाजिक संकुचितताको परिणाम छात्राहरुभन्दा छात्रहरु अग्रसर र काम गर्न सक्ने क्षमतामा प्रस्तुत भएको पाइयो ।

त्यसैगरी किन छात्राहरु छात्रको तुलनामा कुनैपनि कार्य गर्न अग्रसर नभएका होलान् भनी सोधीएको प्रश्नमा श्री उमावि डकाहामा छात्राहरुलाई घरायसी कामकाजले गर्दा बाहिरी वातावरणमा समायोजित हुने समय दिइँदैन र कुनै नयाँ कार्य गर्न पनि छोरीको सट्टा छोरालाई नै अघि सारेको पाइयो । छोरीलाई अवसर र वातावरण नदिइएको पाइयो । अवसर दिएपनि छोरीले गरेको कार्यलाई महत्वहीन ठानी मूल्याङ्कन नगरिएको पाइयो । त्यसकारण छात्र वा केटाको भन्दा फरक व्यवहार रहेको पाइयो ।

यही प्रश्नमा कक्षा १० का छात्राहरुसँगको छलफल गर्दा घर परिवारमा पनि आफ्ना मनका कुरा खोलेर भन्न र गर्न संकुचित हुने गरेको पाइयो । परम्परावादी धारणाको कारणले छोरीले धेरै बोल्नु हुँदैन । बाहिरफेरो घुम्ने, डुल्ने गर्नु हुँदैन, बढी स्वतन्त्र भएका केटीहरु गाउँ समाजमा छाडा र उच्छृङखल (नक्कली) भन्ने गरिन्छ जसको डरले गर्दा केटीहरु केटासरह कुनै पनि कार्यमा अग्रसर नभएका पाइयो ।

अध्ययनका क्रममा खास गरी दनुवार समुदायको प्राचीन संस्कारले छोरीहरुलाई कुनै कार्य गर्न सामर्थ्य भएपनि अग्रसर भएर गर्न दिदैन र छोरालाई नै अघि सार्ने गरेको कारण छात्र र छात्रा बीचमा व्यवहार फरक भएको पाइयो ।

यस्तो हुनुको कारण के होला भनी सोधीएको प्रश्नमा अधिकांश उत्तरदाताहरुले छात्रहरु छात्राको तुलनामा सानैदेखि सामाजिक घुलमिल तथा बाहिरी वातावरणमा समायोजित हुने तथा घर बाहिरका काममा केटाहरुको सहभागितालाई  बढी प्राथमिकता दिने र छोरी वा छात्रहरुलाई घरायसी बन्धनमा नै राख्ने हाम्रो प्राचीन संकुचित अभ्यासको प्रतिफल हो भन्ने धारणा व्यक्त गरेका छन् ।

### ४.१.२ बसाइमा लैङ्गिक विभेद

विद्यालय शिक्षा आर्जन गर्ने सामूहिक शैक्षिक थलो हो । यहाँ शिक्षार्थीहरु विद्यार्थीका रुपमा शिक्षण प्रक्रियाद्धारा ज्ञान प्राप्त गर्न उपस्थित हुने गर्दछन् । यस्तो पवित्र ज्ञान आर्जन गर्ने थलोमा बिद्यार्थीहरु बीचमा हुने असमानता नै लैङ्गिक विभेद हुन् भन्ने भनाई डकाहा स्रोतकेन्द्रका स्रोतव्यक्तिको रहेको छ ।

छात्राहरु कक्षाकोठामा छात्रहरुसँग सँगै बस्न किन रुचाउदैनन भन्ने प्रश्नमा सिर्थौली उमाविका कक्षा ९ मा अध्ययनरत छात्रहरुका अनुसार केटाहरुसँग बस्दा अरुले जिस्काउने, पढाइतिर भन्दा अन्यकुरामा ध्यानजाने केटाहरुसँग जोगिएर बस्नुपर्ने, यदि बस्यो भने पनि घरपरिवारसँग गएर सधै यो त केटाहरुसँग बस्छे भनेर सुनाइदिने र घर परिवारबाट पनि केटाहरुसँग किन बस्नु पर्‍यो । केटीहरुसँग बसे हुँदैन भनी गाली गर्ने कारणले केटीहरु केटासाथिसँग नबस्ने गरेका हुन् ।

यसै सम्वन्धमा मावि राताटारका कक्षा १० मा अध्ययनरत छात्राहरुको बिचारमा प्राय केटा साथीहरुसँग बस्दा आफ्नै साथीहरुले शंकाको दृष्टिले हेर्ने, कतै यिनीहरुको प्रेमसम्बन्ध त बस्न गएको होइन भनी संकुचित धारणा राख्ने गरेको पाइयो । तर त्यस्तो कुराको

बेवास्ता गरी कतिपया छात्राहरु आफुभन्दा जान्ने छात्र साथीसँग बस्ने गरेको पाइयो । त्यस्तो कुरामा खासै मतलव राखिदैन भन्ने धारणा राखेको पाइयो ।
यसै सम्बन्धमा उमावि डकाहामा गरिएको प्रत्यक्ष अवलोकन र अन्तरवार्तामा केटाले केटा साथीसँग र केटीले केटी साथीसँग बस्दा आफ्ना समस्याहरु सजिलै राख्न सक्छन्। आफ्नै दौतरीलाई कुरा राख्न सजिलो हुन्छ भनेर केटा केटी भिन्दै बसेको पाइयो । तर हिजोआज विद्यार्थीहरुको सोचाइमा परिवर्तन भएकोले केटाकेटी सरावरी भएर बस्न थालेको पनि पाइयो ।

यसै सन्दर्भमा मावि राताटारको अध्ययन गर्दा घरपरिवार एवं समाजबाटै नारी र पुरुषबीचको असमान व्यवहारबाट विद्यार्थीहरु अछुतो छैनन् । उनीहरुको मानसिकतामानै केटाकेटीबीच विभेद रहेको छ । उनीहरुको मानसिकतामा परिवर्तन नआएसम्म कक्षा शिक्षकहरुले बाध्य पारेर कक्षाकोठामा केटा केटी सरावरी राखेपनि उनीहरु अन्तरहृदयबाट खुसी नभएको पाइयो । बरु त्यसलाई बोझका रुपमा लिएको समेत पाइयो ।

मूलभूत रुपमा छात्रहरुको उच्छृङ्खल व्यवहारले गर्दा छात्राहरु उनीहरुसँग बस्न नरुचाउने गरेको पाइएको छ । यस्तो व्यवहार किन छात्रहरुले प्रस्तुत गर्दछन भनी सोधिएको प्रश्नमा श्री उमावि सिर्थौलीका विद्यालय व्यवस्थापन समिति सदस्यका अनुसार विद्यालयमा माध्यमिक तह अध्ययन गर्ने विद्यार्थीहरुको उमेर परिवर्तनको उमेर भएकाले उनीहरुले आफ्नो परिवर्तित शारीरिक तथा मानसिक अवस्थाको सन्तुलन कायम राख्न नसक्दा र उचित प्रकारको दौतरी शिक्षा प्राप्त गर्न नसक्दा यस किसिमको समस्या आएको हो ।

विद्यालयमा छात्रहरु छात्राहरुलाई मिचेर, हेपेर, थर्काएर, डर त्रास फैलाएर, आफुले रुचाएको वा आफुलाई सहज हुने ठाउँमा बस्ने गरेको पाइयो भने छात्राहरु छात्रहरुले छोडेको ठाउँमा बस्नुपर्ने वाध्यता देखिएको छ । शिक्षण सिकाइमा ध्यान दिने छात्रहरु संयम भइ छात्राहरुसँग मिलेर अघि वा पछि बस्ने गरेको पाइयो भने शिक्षण सिकाइमा ध्यान नदिने छात्रहरु पछाडि बस्ने गरेको पाइयो । यस्ता छात्रहरु केटीहरुलाई जिस्काउन

सजिलो हुने ठाउँमा गइ बस्ने गरेको पाइयो । तर छात्र र छात्राहरु एउटै बेन्चमा मिलेर बस्ने गरेको देखिएन । अध्ययन क्षेत्र ग्रामीण भएकाले त्यहाँका छात्र छात्राहरुमा अझैपनि चेतनाको कमीले गर्दा एकै लहरमा मिसिएर बस्न हिचकिचाउने गरेको पाइन्छ । छात्रछात्रा एकै बेन्चमा बस्दा अन्य देख्ने व्यक्तिले जिस्काउने डरले गर्दा, घरमा बाबु आमाले एकै ठाउँमा बस्नुको कारण सोध्ने हुँदा, शिक्षकका छोराछोरी भए आफ्ना शिक्षक बाबुआमाको डरले, लाज संकोचले, छात्रहरुले छात्राहरुको संवेदसिल अंगमा नियतवस छुने डरले गर्दा छात्राहरु छात्रहरु बसेको बेन्चमा गएर बस्न नरुचाएको पाइएको छ । बसाइमा लैङ्गिक विभेद किन हुन्छ भनी सोधिएको प्रश्नमा श्री मावि पत्रिङ्गाका विद्यालय व्यवस्थापन समिति अध्यक्ष जतिसुकै आर्दशका कुरा गरेपनि आफ्ना छोरीहरु विद्यालय वा विद्यालय बाहिर जहाँ भए पनि केटाहरुसँग एकै सिटमा वा बेन्चमा बस्नु सामाजिक एवं परम्परागत संस्कारको विपरित हुने ठानिने हुँदा छात्राहरु छात्रहरु बसेको बेन्चमा बस्न डर मान्ने गरेको पाइयो ।

### ४.१.३ अतिरिक्त क्रियाकलापमा लैङ्गिक विभेद

विद्यालयमा भर्ना भएका छात्रछात्राहरु शतप्रतिशत विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुने गरेको पाइएन । विद्यालयमा भर्ना भएका छात्रछात्राहरु सबै अतिरिक्त क्रियाकलापमा भाग लिन नसक्नाको कारण पत्ता लगाउन र छात्रको तुलनामा छात्राहरु अतिरिक्त क्रियाकलापबाट उम्कन चाहेको कुराको विश्लेषण गर्न नमुना छनौटमा परेको सामुदायिक विद्यालयका कक्षा ९ र १० मा अध्ययनरत छात्रछात्राहरु अध्यापनरत शिक्षक एवं प्र.अ. सँग प्रत्यक्ष भेटी र अतिरिक्त क्रियाकलापमा संलग्न भई अवलोकन गरेर अतिरिक्त क्रियाकलापमा छात्रछात्राहरु सहभागिताको तथ्याङ्क संकलन गरिएको थियो ।

तालिका १ :  अतिरिक्त क्रियाकलापमा छात्रछात्राहरुको सहभागिता विवरण

| अतिरिक्त क्रियाकलापहरु | कक्षा ९ | | कक्षा १० | | जम्मा |
|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | |
| साँस्कृतिक कार्यक्रम | ३ | ५ | २ | ३ | १३ |
| खेलकुद | ४ | २ | ५ | ३ | १४ |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिकालाई विश्लेषण गर्दा अतिरिक्त क्रियाकलापमा छात्रहरुको तुलनामा छात्राहरुको सहभागिता कम रहेको पाइन्छ । यसो हुनुका कारणहरुमा छात्राहरु केटा साथिहरुका अगाडि लजाउने, सहभागि भएपनि केटाहरुले जिस्काउने, खेलकुदका कपडा लगाएर सहभागि हुँदा असजिलो महशुस हुने, परिवारका सदस्यहरुले पनि सहभागिताका लागि अनुमति दिन अस्वीकार गर्ने जस्ता पक्षहरु रहेका छन् । माथि प्रस्तुत तथ्याकं अनुसार साँस्कृतिक कार्यक्रम (नाच गानसँग सम्वन्धित) मा छात्रा सहभागिता बढी देखिएको छ भने खेलकुदका कार्यक्रमहरुमा छात्र सहभागिता बढी रहेको पाइएको छ ।

अतिरिक्त कार्यक्रममा सहभागी छात्रछात्रा अध्ययनरत शिक्षक एवं प्र.अ.सँग प्रत्यक्ष भेटी अतिरिक्त क्रियाकलापमा छात्रहरुको तुलनामा छात्राहरु किन कम सहभागी हुन्छन् भनी प्रश्न सोधिएको थियो । उक्त प्रश्नको उत्तरमा उमावि सिर्थौलीका प्र.अ.को छात्रहरु सानैदेखि उफ्रने, दौडने, कुस्ती खेल्ने जस्ता शारीरिक व्यायमप्रति आकर्षित हुन्छन् । केटाहरुलाई घरबाहिर जान पनि कुनै रोकटोक हुँदैन तर केटीहरु आफ्नो शरीरको जतन गर्ने, हात गोडा प्राय नरम तथा गोरो भएको रुचाउने भएकोले खेलकुदमा उनीहरु रुचि देखाउँदैनन् ।

अतिरिक्त क्रियाकलापमा लैंगिक विभेदसम्बन्धी विश्लेषण गर्दा उमावि मैनीका केटीहरुको संकुचित मानसिकता र शारीरिक दुर्बलताको कारणले अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकुदमा भाग नलिएपनि अन्य बौद्धिक क्रियाकलाप लगायत नाचगानमा भने अग्रसर हुने गरेको पाइयो ।

यसै सन्दर्भमा उमावि हर्षाहीको विश्लेषण गर्दा अतिरिक्त क्रियाकलामा भाग लिन पढाइभन्दा बाहेक अतिरिक्त समय निकाल्नु पर्छ, त्यसको लागि अभ्यास गर्नुपर्छ, धेरै समय खर्चिनु पर्छ । छोरीहरु घरमा गएपछि घरधन्धामा लाग्ने कि, गृहकार्य गर्ने कि, अतिरिक्त क्रियाकलापतिर लाग्ने ? घरधन्धामा लगाउने कारणले सहभागिता नभएको पाइएको छ ।

त्यसैगरी केटीहरु घरायसी कारण र कार्यव्यस्तताले गर्दा अतिरिक्त क्रियाकलापमा पछि परेको समेत अध्ययनका क्रममा पाइएको छ ।

यसर्थ अध्ययन क्षेत्रका सामुदायिक विद्यालयहरुको ०७१/०७२।०७३ सालको छात्र छात्राको भर्ना सम्वन्धी तथ्याङ्क र उक्त विद्यालयहरुमा अध्ययनरत छात्राहरुको उपस्थित विवरण संकलन गरिएको थियो । जसलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.१.४ विद्यार्थी भर्नाको लैङ्गिक विभेदको वर्तमान अवस्था

अध्ययन क्षेत्रका विद्यालयमा छात्रछात्राहरुका बीच हुने लैङ्गिक विभेद वर्तमान अवस्था थाहापाउन छनौटमा परेका विद्यालयको ०७१/०७२।०७३ सालको छात्र छात्राको भर्ना सम्वन्धी तथ्याङ्क संकलन गरिएको थियो । यस अध्ययनमा छानिएका ८ वटा सामुदायिक विद्यालयहरुबाट विद्यालयमा छात्रछात्राहरु बीच हुने लैङ्गिक विभेदको अवस्थाको बारेमा जानकारी लिन ०७१/०७२।०७३ शैक्षिक सत्रको छात्रछात्राहरुको भर्ना सम्वन्धी तथ्याङ्क विश्लेषण गरिएको छ ।

तालिका २ : अध्ययन क्षेत्रका विद्यालयको कक्षा ९ र १० को भर्ना विवरण

| साल | कक्षा | छात्र | छात्रा | कूल जम्मा |
|---|---|---|---|---|
| २०७१ | ९ | २३९ | २०१ | ४४० |
| | १० | २१० | १९८ | ४०८ |
| २०७२ | ९ | २४३ | २१५ | ४२८ |
| | १० | २५० | १८५ | ४३५ |
| २०७३ | ९ | २२१ | २४० | ४६१ |
| | १० | २२४ | २०९ | ४३३ |
| जम्मा | | १३८७ | १२४८ | २६०५ |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिकाको आधारमा विश्लेषण गर्दा अध्ययन क्षेत्रका सामुदायिक विद्यालयहरुमा कक्षा ९ र १० दुवै कक्षामा तीन वर्षको तथ्याङ्कलाई हेर्दा छात्रको तुलनामा छात्राहरुको संख्या कम रहनुले अध्ययन क्षेत्रमा लैङ्गिक विभेदको अवस्था स्पष्ट देखिन्छ । २०७३ सालमा कक्षा ९ को भर्ना विवरणलाई हेर्दा छात्रको तुलनामा छात्राको भर्ना संख्या बढेको देखिन्छ । हाल आएर छात्रको तुलनामा छात्राहरुको भर्ना संख्या वृद्धि हुनको कारण के हो भनी सोधिएको प्रश्नमा उमावि हर्षाहिका अभिभावकको भनाइअनुसार गाउँघरमा विदेश जानेको संख्या अत्यधिक बढेको छ । विदेश गएका अभिभावकहरुमा चेतनाको स्तर बढेको कारणले छोरीहरुलाई पढाउनु पर्छ भन्ने मानसिकताको विकास भएकोले विद्यालयमा छात्रा

भर्नादर बढेको पाइयो । सोही प्रश्नको उत्तरमा मावि राताटारका प्र.अ. का अनुसार छोरीको सम्पत्ति भनेको पढाइ हो । पढेका छोरीहरुको जीवनस्तर उच्च हुन्छ, कम्तीमा छोरीलाई पनि एस.एल.सी. गराउनु पर्दछ, सरकारले पनि महिलाको आरक्षण सुविधा दिन थालेको छ भन्ने कुराको ज्ञान अभिभावकमा हुन थालेको पाइएको छ ।

यसै सन्दर्भमा उमावि सिर्थौलीका विद्यालय व्यवस्थापन समिति सदस्यका अनुसार कमलाखोँच क्षेत्रमा दनुवार समुदाय बढी भएको तर छोरीलाई पढाउनु पर्छ भन्ने धारणा विकास नभएकाले विगतमा छात्रा भर्नादर कम भएको हो । हाल आएर दनुवार समुदायमा पनि चेतनाको स्तर उठ्न थालेकोले छोरीलाई पढाउनु पर्छ भन्ने मानसिकता विकास हुन थालेको कारणबाट छात्रा भर्नादर बढेको हो ।

यसै प्रश्नको उत्तरमा उमावि हर्षाहिका प्र.अ. को भनाइ छात्रहरुले पढेलेखेका भएपनि रोजगारी नपाएर विदेशिने क्रम बढेको छ । जागिर खान बढी प्रतिस्पर्धा हुन थाल्यो । सरकारी निकायबाट महिला, आदिवासी-जनजाति, दलित, अपाङ्ग, पिछडिएका वर्ग भनी अगाडि बढ्न नपढी काम छैन, महिलाहरुलाई जागिर खान सजिलो छ भन्ने मानसिकता अभिभावक एवं स्वयं छात्राहरुमा पनि पर्न थालेकाले हाल आएर छात्रा भर्नादरमा वृद्धि हुन थालेको हो ।

यसै सन्दर्भमा उमावि हर्षाहिका कक्षा ९ मा अध्ययनरत छात्रको भनाइ नपढेका केटीहरुको अव विवाह कुन पनि मुस्किल पर्न थाल्यो, विवाह हुँदैन कि भन्ने डरले छात्राहरु विद्यालयमा भर्नाहुन थालेका हुन । सोही प्रश्नको उत्तरमा उमावि हर्षाहीकी छात्रा भन्छिन, शिक्षा नै जीवनको ज्योति हो शिक्षा विना मानिसको सर्वाङ्गिण विकास सम्भव छैन, शिक्षाले नै मानिसको जीवन सफल छ भन्ने मानसिकताको विकास गाउँघरका महिलाहरुमा पनि हुन थालेको छ । त्यसैले हाल आएर छात्रा भर्नादर बढेको हो ।

उक्त विद्यालयहरुमा छात्राहरुको सहभागिता छात्रको तुलनामा कम देखिए पनि हाल आएर चेतनाको वृद्धि, सामाजिक विकासको कारणले छोरीहरुको संख्या पनि विद्यालयहरुमा वृद्धि हुँदैछ भन्ने कुरालाई २०७३ सालको कक्षा ९ को भर्ना तथ्याङ्कले देखाएको छ ।

खास गरी अध्ययन क्षेत्र वरिपरि दनुवार समुदायको बसोवास भएको कारणले उक्त समुदाय अध्ययन अध्यापनको क्षेत्रमा अलिपछि परेको भएपनि हाल रोजगारीको खोजीमा देश विदेश जानेक्रम बढेको कारण र अन्य समुदायसँगको हेलमेलबाट दनुवार समुदाय पनि सचेत भएको कारण विद्यालय तहमा छात्रा सहभागिता बढकेको कुरा स्थलगत सर्वेक्षणबाट जानकारी पाइयो । उक्त विद्यालयहरुमा छात्राको सहभागिता न्यून भई लैङ्गिक विभेदको अवस्था सिर्जना हुनुमा भने यहाँको स्थानीय समुदाय नै आर्थिक अभाव, चेतनाको कमी, सामाजिक मुल्यमान्यता, छोरीलाई घरको कामको बोझका कारण छोरासरह छोरीलाई विद्यालयमा भर्ना नगरेको पाइयो ।

### ४.१.५ छात्रछात्राहरुको उपस्थितिको आधारमा लैङ्गिक विभेद

विद्यालयमा भर्ना भएका छात्रछात्राहरु विभिन्न कारणले गर्दा शतप्रतिशत विद्यालयमा उपस्थित हुन सकिरहेका हुँदैनन् । यसर्थ विद्यार्थी भर्नालाई मात्र आधार मानेर विद्यालयमा लैङ्गिक उपस्थिति र शैक्षिक अवस्थाको बारेमा जानकारी लिन कठिन हुन्छ । विद्यालयमा भर्ना भएका छात्रछात्राहरु सबै उपस्थित हुन नसक्नाको कारण पत्ता लगाउन र छात्रछात्राको उपस्थितिको विश्लेषण गर्नको लागि नमूना छनौटमा परेका विद्यालय कक्षा ९ र १० मा अध्ययनरत कक्षा शिक्षकलाई प्रत्यक्ष भेटी हाजिरी रजिष्टर एवं कक्षा अवलोकनबाट विद्यार्थी उपस्थितिको विवरण तथ्याङ्क संकलन गरिएको थियो । अध्ययनको क्रममा छात्रको तुलनामा छात्राको सहभागितामा कमी देखिएकोले यहाँ अध्ययन क्षेत्रका छात्राहरुको उपस्थितिको संकलन गरी त्यसको विवरण यसप्रकार उल्लेख गरिएको छ ।

तालिका ३ : कक्षागत रुपमा तीन शैक्षिक सत्रको छात्राको उपस्थित विवरण

| कक्षा | २०७१ | | | २०७२ | | | २०७३ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भर्ना सं. | उपस्थित | प्रतिशत | भर्ना सं. | उपस्थित | प्रतिशत | भर्ना सं. | उपस्थित | प्रतिशत |
| ९ | २०१ | १९२ | ९५.५१ | २१५ | २०१ | ९३.४८ | २४० | २२७ | ९४.५८ |
| १० | १९८ | १८९ | ९६.४६ | १८५ | १७५ | ९४.५९ | २०९ | २०० | ९५.६९ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथि उल्लेखित तालिकाअनुसार अध्ययन क्षेत्रका नमुना छनौटमा परेका विद्यालयहरुको २०७१ सालमा कक्षा ९ मा भर्ना भएका छात्राहरुमध्ये ९५.९२ प्रतिशत र कक्षा १० मा ९५.४५ प्रतिशत छात्रामात्र उपस्थित भएको पाइयो । त्यसैगरी २०७२ सालमा कक्षा ९मा भर्ना भएका छात्राहरुमध्ये छात्रा उपस्थिति ९३.४८ प्रतिशत र कक्षा १० मा ९४.५९ प्रतिशत मात्र उपस्थित भएको पाइयो । २०७३ सालको विद्यार्थी भर्नाको आधारमा कक्षा ९ मा भर्ना भएका छात्राहरुमध्ये उपस्थित छात्र ९४.५८ प्रतिशत र कक्षा १० मा उपस्थित छात्रा ९५.६९ प्रतिशत मात्र रहेको छ । उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा प्रत्येक वर्ष लगभग ५ प्रतिशतदेखि ७ प्रतिशत विद्यालयमा भर्ना भएका छात्रछात्राहरुले विद्यालय बीचैमा छाड्ने गरेको पाइन्छ ।

यस सम्बन्धमा नमूना छनौटमा परेका विद्यालयमा परेका नमुना कक्षाका कक्षा शिक्षकलाई जिज्ञासा राख्दा छात्राहरु भर्ना भएको केही महिनासम्म उल्लेख्य उपस्थिति रहने र यो दर शैक्षिक सत्रको अन्त्यसम्म क्रमशः घठ्दै जाने बताउँछन् भने प्र.अ.हरुलाई यस सम्बन्धमा चासो राख्दा छात्राहरुको शैक्षिक सत्रको बीचैमा अभिभावकबाट विवाह गरिदिनाले कही छात्राहरु उपस्थित हुन छोड्छन् भने अधिकांश दनुवार समुदायका छात्राहरु भने छात्रवृत्ति वितरण गरिसकेपछि उनीहरुले सो वर्ष विद्यालय आउन छाड्ने गरेकाले सरकारको सबै बालबालिकालाई समान शिक्षा दिने लक्ष्य र विद्यालयमा लैङ्गिक विभेद कम गर्न समेत यो समस्याले अप्ठ्यारो पारेको कुरा श्री उमावि मैनीका प्र.अ. बताउनु हुन्छ ।

यसै सन्दर्भमा नमूना छनौटमा परेका विद्यालय व्यवस्थापन समितिका सदस्यलाई सोधिएको प्रश्नमा हाम्रो समुदाय अझैपनि पितृसत्तात्मक सोच र मान्यताबाट अभिप्रेरित छ, घरको कामधन्धा छोरीले नै गर्नु पर्छ, छोराहरु त घरका हाकिम हुन् भन्ने मानसिकता रहिरहेको छ । घरमा कुनै समस्या पर्‍यो, बाबुआमा घरबाहिर जानुपर्‍यो भने घरको कामधन्दा छोरीले जिम्मा लिनुपर्छ त्यसैले छोरीहरु कक्षामा बढी अनुपस्थित रहेका हुन् ।

सोही प्रश्नको उत्तरमा उमावि डकाहाका छात्राका अनुसार लैङ्गिक विभेदको कारण केटा साथीहरु हामीसँग नकारात्मक व्यवहार गर्दछन्, प्राय गरेर केटीहरु महिनावारी हुँदा पेट दुख्ने समस्या हुन्छ, महिनावारी भएको बेला विद्यालय आउन पनि संकोच हुन्छ, घरायसी काम धन्दाको कारण राम्ररी गृहकार्य गर्न पनि समय पुग्दैन, गृहकार्य नगर्दा शिक्षकहरुले गाली गर्नुहुन्छ, गाली खानु भन्दा कुनै बहाना बनाएर कक्षामा उपस्थित नहुनु नै बेस भनी छात्राहरु छात्रहरुको तुलनामा कक्षामा अनुउपस्थित हुने गरेको पाइयो । यसै सन्दर्भमा डकाहाका छात्रको भनाइ अनुसार केटीहरु बढी इर्ष्यालु हुन्छन्, प्राय साथिहरुसँग बाझ्ने, झगडा गर्ने, रिसाउने र नबोल्ने गर्छन, साथिहरुकै कारणले कक्षामा नियमित नभएका हुन् ।

अध्ययन क्षेत्रमा माध्यमिक विद्यालय तहमा छात्राहरुको संख्या छात्रहरुको तुलनामा थोरै भएपनि हालका दिनहरुमा भने छात्राको उपस्थिति पनि उल्लेख्य पाइयो । सम्पूर्ण विद्यार्थी संख्याको ४३ प्रतिशत छात्राहरुको भर्ना स्थिति भेटियो । विद्यालयमा छात्रछात्राहरु बीचमा लैङ्गिक विभेद हुनका लागि अझै केहि अवरोध छन् । यी अवरोधहरु परम्परागत मानसिकता, सामाजिक-आर्थिक अवस्था, साँस्कृतिक तथा मनोवैज्ञानिक पक्षहरु हुन् । अरु जातिको भन्दा जनजाति, दलित तथा दनुवार समुदायका छात्राहरुको विद्यालयमा सहभागिता न्यून रहेको पाइन्छ । दलित, जनजाति तथा दनुवार समुदायका छात्राहरुको न्यून सहभागिता हुनुमा शैक्षिक चेतनाको अभाव र उनीहरुको दयनीय आर्थिक अवस्थाको कारण छोरीहरुलाई विद्यालय पठाउन नसकेको पाइयो ।

यसका साथै घरायसी कामधन्दा, छोरालाई मान्यता दिने चलन, केटा साथिहरुको नकरात्मक व्यवहार, महिनावारी हुँदा पेट दुख्ने समस्या, गृहकार्य पूरा नगरेको अवस्था, इर्ष्यालु स्वभावकका कारण साथिहरुसँगको रिसिइवीले पनि छात्राहरु कक्षामा अनुपस्थित रहेको पाइयो ।

### ४.१.६ कक्षाकोठामा लैङ्गिक विभेद

जवसम्म विद्यार्थीहरुका बीच लैङ्गिक विभेद अन्त हुँदैन तवसम्म कक्षा शिक्षणमा प्रभावकारीता ल्याउन सकिदैन । शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी र आकर्षक बनाउन कक्षाकोठाको वातावरण राम्रो हुनुपर्दछ । साथसाथै कक्षा व्यवस्थापन हुनपनि जरुरी छ । त्यसको लागि कक्षामा छात्रछात्राहरुको सहभागिता एवं क्रियाकलापहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कक्षाकोठामा लैङ्गिक विभेद किन हुन्छ भनी राखेको प्रश्नलाई विश्लेषण गर्दा कतिपय विद्यालयहरुमा उचित भौतिक सुविधायुक्त कक्षाकोठा एवं फर्निचरको व्यवस्था नहुँदा छात्रछात्राहरुलाई कक्षाकोठा भित्र राम्ररी बस्नको समस्या रहेको हुन्छ । केटाहरु बसेको सिटमा केटीहरु बस्न नचाहाने केटीहरुसँग बस्न केटाहरु पनि लजाउने कारणले बसाइमा पनि समस्या देखापरेको पर्ने गर्दछ । कक्षा शिक्षणमा केटाहरुले केटीहरुलाई परेको समस्या कक्षाकार्य गर्दा गर्नुपर्ने सहयोग गर्दैनन र कुनै कुरा एक अर्कालाई सोध्न लाज मान्ने एवं सोधिहाले पनि सिकाउनेले संकोच मान्ने गर्दछन् । छात्रहरुको तुलनामा छात्राहरु कक्षामा सहभागिता कमहुने तर उपस्थित भएका मध्येमा छात्राहरु नै बढी अनुशासित हुने गर्दछन । खासगरी छात्रहरुको कक्षाकोठाको व्यवहारले गर्दा छात्राहरुबाछ पनि छात्रहरुलाई साथीको रुपमा नहेरेर विपक्षीको रुपमा हेर्ने गर्दछन् । त्यसैले कक्षाकोठमा छात्रछात्रा बीचमा लैङ्गिक विभेद भएको पाइयो ।

यसै सन्दर्भमा कक्षाकोठाभित्र छात्रछात्रामा सिक्ने सिकाउने क्रममा कस्तो समस्या आउँछ भनी सोधिएको प्रश्नको विश्लेषण गर्दा मा.वि. पत्रिङ्गाको कक्षाकोठामा शिक्षकले पढाइरहेको बेलामा पनि अलि उछृङ्खल केटा साथीहरुले आँखाको इसाराले जिस्काउने, पढाइमा ध्यान केन्द्रित हुन नदिने, पढाइतिर भन्दा केटा साथीको व्यवहारतिर ध्यान दिनुपर्ने वाध्यताले गर्दा हामी छात्राहरुको सिकाइमा नकरात्मक प्रभाव पर्ने गरेको पाइयो ।

कक्षाकोठामा छात्रहरुको तुलनामा छात्राहरु किन बढी अनुपस्थित हुन्छन भनी सोधेको प्रश्नमा विभिन्न घरायसी समस्याको कारणले उपस्थिति कम रहेको पाइयो भने कतिपय

छात्राहरुले भने गृहकार्य बनाउन नभ्याउने र शिक्षकले गृहकार्य नगर्नेलाई सजाय दिने, सजाय भोग्नुपर्दा केटासाथीहरुले जिस्काउने र हेप्ने भएकाले कहिलेकाही कक्षामा अनुपस्थित रहने गरेको अध्ययनका क्रममा भेटियो ।

अन्तर्वार्ताका क्रममा छात्रहरुलाई छात्राहरु किन कक्षामा बढी अनुपस्थित हुन्छन भनी सोधेको प्रश्नमा केटीहरुले घरको काम धन्दा गर्नुपर्ने, घरमा अभिभावकहरुले पनि केटालाई स्वतन्त्र छाड्ने तर केटीहरुलाई बढी घरको काममा लगाउने कारणले कक्षाकोठामा छात्राहरु अनुपस्थित बढी हुने गरेको श्री मावि पत्रिङ्गा टाँडीका कक्षा १० का छात्रको रहेको छ ।

विद्यालयका शिक्षक एवं छात्रछात्राहरुको प्रत्यक्ष भेटघाटमा पनि छात्रहरुले प्राय छात्राहरुसँग अभद्र व्यवहार गर्ने, प्रेमप्रस्ताव राख्ने, चिठीपत्र पठाउने, कक्षामा शिक्षकले पढाउँदा आँखाको इसराले कुरागर्न खोज्ने, पढाइतिरको ध्यान भङ्ग गरिदिने कारणले गर्दा कक्षाकोठा भित्र छात्राहरुले सास्ती भोग्नु परेको पाइएको थियो । यसबाट छात्रछात्राबीचमा कक्षाकोठाभित्र लैङ्गिक विभेद रहेको छ भनी उल्लेख गर्न सकिन्छ ।

### ४.१.७ कक्षाकोठा बाहिर लैङ्गिक विभेद

कक्षाकोठा बाहिर लैङ्गिक विभेद छ कि छैन भनी सोधिएको प्रश्नमा मा.वि. राताटारका अभिभावकको भनाइलाई विश्लेषण गर्दा समाजमा सानैदेखि छोरीलाई घरायसी काममा सिमित गर्न खोजिन्छ । फलस्वरुप कतिपय महिलाहरु शिक्षित र सक्षम भएपनि आर्थिक तथा पारिवारीक अवस्था सन्तोषजनक भएमा घरमै सजिएर बस्न रुचाउने गर्दछन । छोरीहरु धेरै पढे जागिर खाए भने छोराछोरीको वेस्याहार हुन्छ, घरपरिवारलाई समय दिन सक्दैनन् । पैसा ठूलो कुरा होइन घरपरिवार ठूलो कुरा हो भन्ने सोचाइले समाजमा छोरीलाई धेरै पढाउनु जागिर खुवाउनु भन्दा एस.एल.सी. सम्म जेनतेन दिलाउने अनि केटो खोजेर विवाह गरिदिने चलन अहिले पनि भएकोले छोराको तुलनामा छोरीको

पढाइलाई त्यति ध्यान दिइदैँन । त्यसैले कक्षाकोठा बाहिर घरपरिवारबाट समाजमा छोराछोरी बीचमा विभेदको अवस्था देखिएको पाइयो ।

विद्यालयमा नामाङ्कन भएपनि नियमित कक्षामा उपस्थितिमा किन छात्राहरु पछि परेका छन् भन्ने प्रश्नको उत्तरमा छात्राहरुले विद्यालयमा गएर उच्छृङ्खल केटाहरुसँग झगडा गर्नु भन्दा घरमै बसेर अलि अलि अध्ययन गर्ने र परीक्षा दिनमात्रै स्कूल जाने गरेको पाइयो । यसबाट छात्राहरु केटासाथीसँग डटेर प्रतिकार गर्न नसक्ने बरु पढाइको साटो घरकै काममा सिमित हुने गरेको पाइयो ।

अन्तर्वार्ताका समयमा कक्षाकोठा बाहिर किन लैङ्गिक विभेद हुन्छ भन्ने प्रश्नको श्री उमावि डकाहा कक्षा १० की छात्राहरुको भनाइलाई विश्लेषण गर्दा केटाहरुको केटीहरुलाई सार्वजनिक ठाउँमा जिस्काउने र अभिभावकका अगाडी शिर ठाडो राख्न नसक्ने गरी कुरा काट्ने हुँदा त्यस प्रकारको बानी सहन र प्रतिकार गर्न नसक्ने भएकाले विद्यालय जान नसकेको पाइयो ।

छात्रछात्राहरुका बीचमा हुने लैङ्गिक विभेदको कारणबाट उनीहरुको एक अर्कालाई हेर्ने दृष्टिकोणबाट विद्यालयमा गएर अध्ययन गरी समाज परिवर्तन गर्नुपर्ने भविष्यका कर्णधार छात्राहरु समेत शिक्षाबाट बञ्चित हुनुपर्ने समस्या कक्षाकोठा बाहिर देखिएको छ ।

विद्यालयका छात्र छात्राहरुकाबीच हुने लैङ्गिक विभेदका कारणबाट खासगरी कक्षाकोठा भित्र, कक्षाकोठा बाहिर र समाजमा समेत विकृति सिर्जना हुने अवस्था देखिएको पाइयो । छात्राहरुप्रतिको धारणामा छात्रहरुको सोच र स्वयं छात्राहरुको कमजोर मानसिकताले नै छात्राहरुको अवस्थालाई कमजोर बनाएको तथ्य उजागर भएको छ । जसको असर विद्यालयमा छात्राहरुको सहभागिता एवं कक्षाकोठा बाहिरको अवस्थामा समेत असर परेको दखियो ।

मार्क्सको नारीवादी सिद्धान्त अनुसार समाजको बनावटबाट व्यक्ति राम्ररी प्रभावित भएको हुन्छ । महिला र पुरुष बीचको अस्वस्थ सम्वन्ध सामाजिक सन्दर्भमा महिला उत्पीडनको जड हो । परिवारको उत्पत्ति, निजी सम्पत्ति र राज्य लैङ्गिक उत्पीडन हो । उनले परिवारको प्रचलनमा एउटा जटिल प्रणाली, जसमा पुरुषहरुले महिलाको सेवा सुविधा माथि शासन गर्ने अस्तित्व भनेका छन् । मार्क्सले यसरी महिला र पुरुष बीच समान राजनैतिक र सामाजिक अवसर र अधिकारबारे वकालत गरेको भएतापनि अध्ययन क्षेत्रका विद्यालयहरुमा गरिएको अनुसन्धानले व्यवहारमा छात्र र छात्राहरु बीच समानता नरहेको पाइएको छ । उनका विचारमा सामाजिक लिङ्गभेद समाजद्धारा वनाइएको हुन्छ र यसलाई परिवर्तन गर्न सकिने तर्क उनको रहेको पाइन्छ । यसर्थ अध्ययन क्षेत्रको सामाजिक परिवेशलाई बुझ्दा मार्क्सले भनेझैं उनीहरुमा शैक्षिक जागरण गराई छात्रा शिक्षाको महत्वलाई प्रकाश पार्न सकेको खण्डमा छिटो विवाह गरिदिने र विचैमा विद्यालय छाड्ने दरमा कम गर्न सघाउ पुग्ने देखिन्छ ।

सामुदायिक विद्यालयमा छात्रछात्राहरुबीच हुने लैङ्गिक विभेद खासगरी छात्रछात्राहरुले गर्ने व्यवहारमा नै देखियो । प्राय गरेर छात्रहरुले छात्राहरुप्रति हेर्ने दृष्टिकोण नकरात्मक भावनाको रहेको पाइएको छ । छात्रछात्राहरुबीच हुने व्यवहारलाई हेर्दा छात्रहरु आफ्ना कुरा निर्भिक रुपमा राख्न अघि सर्ने तर छात्राहरु भने लाज र डरले गर्दा आफ्ना कुरा राख्न अघि नसरेको पाइयो । त्यसैगरी छात्रछात्राहरुबीच कक्षाकोठाभित्र बसाइमा समेत विभेदको अवस्था रहेको पाइयो । छात्रहरु आफ्नो हैकमवादी प्रकृतिको फरक प्राय आफूले चाहेको ठाउँमा बस्ने, छात्राहरु भने छात्रहरुले छोडेको ठाउँमा बस्नु पर्ने बाध्यता रहेको पाइयो । अध्ययनका क्रममा प्राय छात्रहरु केटीसाथीसँग बस्न रुचाए पनि छात्राहरु भने केटासाथीसँग बस्दा लाज मनेको पाइयो ।

त्यसैगरी छात्रछात्राहरुको अतिरिक्त क्रियाकलाप, कक्षाकोठा बाहिर र कक्षाकोठा भित्र विभिन्न अवस्थामा लैङ्गिक विभेद पाइयो । अधिकांश छात्राहरु अतिरिक्त क्रियाकलाप

अन्तर्गत खेलकुदमा सक्रिय नहुने तर नाचगानमा भने भागलिन अग्रसर हुने गरेको पाइयो । छात्राहरुको तुलनामा छात्रहरु भने अतिरिक्त क्रियाकलापमा अग्रसर हुने गरेको तथ्य अध्ययनको क्रममा पाइएको छ । विद्यालयमा नामाङ्कन गर्ने छात्राहरुको संख्या बढी भएपनि केटासाथीहरुको व्यवहार, विद्यालयको वातावरण, घरायसी समस्याका कालरणले छात्रहरुको तुलनामा छात्राहरुको कक्षामा उपस्थिति कम हुने गरेको पाइयो ।

मार्क्सले आफ्नो सिन्द्धातमा पुरुष सरह महिलालाई पनि समान अधिकार नदिए सम्म उनीहरु अघि बढ्न नसक्ने कुरालाई औंल्याएका छन् । सोही अनुरुप विद्यालयमा छात्र सरह छात्राहरुलाई पनि समान व्यवहार नगरिए छात्रछात्राहरुमा विभेद कायमै रहन जाने हुँदा यँहा मार्क्सको नारीवादी सिद्धान्त मेल खाएको पाइन्छ ।

## ४.२ विद्यार्थी बीचमा लैङ्गिक विभेदले शिक्षण सिकाइमा पारेको प्रभाव

जवसम्म विकास समाहित पहुँच वा धारणामा आधारित हुँदैनन् तवसम्म विकासकका प्रक्रियाहरु अधुरै रहन्छन । समाहित विकासको लागि विद्यालय तहदेखि नै छात्र-छात्राबीचमा लैङ्गिक विकासलाई मेरुदण्डको रुपमा लिनुपर्दछ । जुन समग्र र एकीकृत हुन सकोस् । सामाजिक विकासको लक्ष्य प्राप्तिको लागि शिक्षा लगायत सामाजिक जीवनका हरेक पक्षमा महिला तथा पुरुषले समान अवसर पाउनु पर्छ । यसर्थ छात्रछात्राहरुबीचको लैङ्गिक व्यवस्थापनमा देखिएका समस्याहरुको विश्लेषण गर्न विद्यालयमा छात्रछात्राहरुबीच विभेद कम गर्न के के गर्नु पर्ला ? लैङ्गिक आधारमा पठन पाठनमा देखिएका समस्याको समाधानका उपायहरु केके हुन सक्छन ? भनि यस अध्ययनको नमूना छनौटमा परेका व्यक्तिहरुलाई विविध प्रकारका प्रश्नावली एवं अवलोकन फारम प्रयोग गरी प्राप्त तथ्यांकलाई आवश्यकता अनुसार विश्लेषण गरिएको छ ।

### ४.२.१ बीचैमा कक्षा छोडाइ

छात्रछात्राहरु बीच हुने लैङ्गिक विभेदले छात्रछात्राहरु विभिन्न प्रकारका शैक्षिक समस्याहरु भोग्न वाध्य भएका छन् । छात्रछात्राहरु बीच हुने लैङ्गिक विभेदले भोग्नु परेका शैक्षिक समस्याहरुका बारेमा विद्यार्थी, शिक्षक, अभिभावकसँग प्रश्नावली, छलफल तथा अन्तर्क्रिया

गरिएको थियो । जसबाट छात्रहरुको तुलनामा छात्राहरु लैङ्गिक विभेदको कारण विद्यालय शिक्षामा पछि परेको कुरा जवाफमा पाइयो ।

अभिभावकसँग गरिएको अर्न्तर्क्रियाको आधारमा श्री उमावि हर्षाही अभिभावकको जवाफलाई विश्लेषण गर्दा छात्राहरु टाढाको बाटो विद्यालय जान मन नगर्ने, बाटामा केटा साथीबाट नराम्रो व्यवहार सहनु पर्ने, प्रायः अर्को साथी लिएर हिड्नु पर्ने वाध्यता भएको गुनासो गरेको पाइयो । त्यसैगरी छात्रछात्राहरुसँग गरिएको अन्तर्क्रियामा प्राय केटाकेटीको छुट्टै गुण हुने, केटा र केटीहरुको समूहगत रुपमा मनमोटाव हुने, कक्षामा केटी साथीहरुले बोल्दा सबै केटा साथीहरु हाँस्ने, जिस्क्याएर नक्कल गर्ने जस्ता क्रियाकलापहरु गरिएको पाइयो । यस्तो किन हुन्छ भनी प्राप्त उत्तरलाई विश्लेषण गर्दा पुरुष प्रधान समाजमा केटाहरुको मनस्थितिमा नै केटीहरुभन्दा हामी स्वतन्त्र भएको घमण्ड रहेको पाइयो । घर परिवारमा हाम्रो अस्तित्व छोरीहरुको भन्दा माथि रहेको जसको कारण कक्षाकोठामा पनि केटीहरुसँग हेप्ने व्यवहार गर्ने गरेको पाइयो ।

तालिका : ४ विगत तीन शैक्षिक सत्रमा बीचैमा कक्षा छाडने छात्राहरुको संख्या

| कक्षा छोड्नु पर्ने कारणहरु | छात्राहरुको कक्षा छोडाइ संख्या | | |
|---|---|---|---|
| | २०७१ | २०७२ | २०७३ |
| घरायसी काम धन्धा | ९ | ६ | ५ |
| केटासाथिहरुको व्यवहार | २ | १ | १ |
| व्यक्तिगत समस्या | १ | × | १ |
| अभिभावकको छोरीको शिक्षाप्रति नकरात्मक सोचाइ | २ | १ | ३ |
| बढ्दो उमेर | × | २ | १ |

स्रोत : स्थलगत अध्ययन,२०७३

विगत तीन बर्षको तथ्याङ्कलाई हेर्दा घरायसी काम धन्दाका कारण बीचैमा कक्षा छोडाई घट्दो रुपमा रहेको छ । आमा बुबाको छोरीलाई हेर्ने दृष्टिकोणमा केही परिवर्तन आएको, समाजमा छोरीलाई पढाउन छाडेर घरधन्धामा मात्र सीमित गर्नु हुँदैन भन्ने चेतनाको केही

अभिभावकमा बढेको, साथै छात्राहरु स्वयं पनि पढाइप्रति आकर्षित भएका कारण घरायसी काम धन्धाको कारण कक्षा छोडाई घट्दै गएको पाइएको छ ।

शिक्षकहरुसँग गरिएको अन्तर्क्रियामा प्रायः छात्रहरुबाट छात्राहरु अपहेलित हुनुपरेको पाइएको छ । छात्रहरु आफ्नो मनमा लागेका जिज्ञासा खुलम् अुला रुपमा राख्ने, शिक्षकहरुसँग सोध्न नहिच्किचाउने तर छात्राहरु भने आफूले नबुझेका कुरामा पनि लाजसरमका कारण आफ्ना कुराहरु राख्न नसकेको पाइयो । जसले गर्दा छात्राहरुले बीचैमा कक्षा छाड्ने गरेको पाइएको छ । केटासाथीहरुमा अर्काका छोरी चेलीहरु पनि आफ्नै दिदीबहिनी हुन् । तिनीहरुसँग गलत व्यवहार गर्नु हुँदैन भन्ने धारणाको विकास हुन थालेकोले विगतको तुलनामा छात्राहरुको कक्षा छोडाइ कम हुँदै गएको पाइयो ।

### ४.२.२ शिक्षाप्रतिको दृष्टिकोण

छात्रछात्राबीचमा हुने लैङ्गिक विभेदले शिक्षाप्रतिको दृष्टिकोण कस्तो रहेको छ भनी सोधिएको प्रश्नमा हाम्रो समाजमा छोराछोरीलाई पढाएर के हुन्छ भन्ने मानसिकता अझैपनि जीवितै रहेको पाइन्छ । अर्काको घरमा जाने जात पढाउन हुदैन भन्ने भ्रम हाम्रो समाजमा व्याप्त रहेको पाइन्छ । जवसम्म शिक्षामा सकारात्मक दृष्टिकोण विकास गरी समाज परिवर्तन गर्न सकिदैन तवसम्म छोरा र छोरी बीचमा लैङ्गिक विभेद कायमै रहिरहन्छ । त्यसकारण शिक्षाप्रतिको नकरात्मक दृष्टिकोण पनि शिक्षण सिकाइमा प्रभाव पार्ने एक पक्षका रुपमा लिन सकिन्छ भन्ने भनाइ सरस्वती उमावि डकाहाका विद्यालय व्यवस्थापन समितिका अध्यक्षको रहेको थियो ।

शिक्षाप्रतिको दृष्टिकोणका सम्बन्धमा सोधीएको प्रश्नमा उमावि सिर्थौलीका अभिभावक को भनाइलाई विश्लेषण गर्दा देशको शैक्षिक नीति व्यवहारिक र जीवनमुखी शिक्षा प्रदान गर्ने खालको छैन । सैद्धान्तिक धारणामा मात्र सीमित शिक्षाले मानिसलाई जीवनोपयोगी बनाउन सक्दैन । त्यसकारण हालको शिक्षा नीतिमा परिवर्तन गर्न आवश्यक रहेको पाइयो ।

त्यसैगरी उमावि हर्षाहीको प्रसंगमा अभिभावकमा छोरीलाई स्वतन्त्र भएर छोरा सरह शिक्षा दिँदा आफुलाई कुनै फाइदा नभएको, छोरी विवाह भएर गएपछि त्यो शैक्षिक लगानी अर्को घरको हुन्छ भन्ने सोच र धारणामा अभिभावकको परिवर्तन नभएको पाइयो । त्यसैले छोरीका कारण अभिभावकको शिक्षाप्रति नै नकरात्मक दृष्टिकोण रहेको पाइएको हो । यसै सन्दर्भमा छात्रछात्राहरुबीच हुने लैङ्गिक विभेदले शिक्षाप्रति नकारात्मक दृष्टिकोण किन हुन्छ भनी सोधिएको प्रश्नमा उमावि डकाहाकी छात्राको भनाइलाई विश्लेषण गर्दा केटाहरुले प्रेमप्रस्ताव राख्ने, जिस्क्याउने, अपमानित गर्ने, कहिलेकाही विवाह प्रस्ताव समेत राख्न पछि नपर्ने कारणबाट पढाइतिर भन्दा अन्यत्र ध्यान जाने, उनीहरुको घुर्की, धम्की एवं त्रासका कारणबाट प्रेम प्रस्ताव एवं विवाह प्रस्ताव समेत स्वीकार्न वाध्य हुनुपर्ने कारणबाट कतिपय छात्राहरुले पढाइप्रति नकारात्मक दृष्टिकोण रहेको पाइयो जसले गर्दा छात्रहरुको तुलनामा छात्राहरु कक्षा छाड्ने, विद्यालय छाड्ने एवं पूर्ण रुपमा पढाइनै छाड्न बाध्य भएको समेत अध्ययनका क्रममा पाइयो ।

### ४.२.३ छात्र छात्राहरुको सिकाइ व्यवहार

छात्रहरुको सिकाइ व्यवहारको अवलोकन गर्दा के पाइयो भने धेरैजसो छात्रहरु केटा साथीहरुलाई नसिकाउने र केटी साथीहरुलाई कक्षा कार्यकलापका समस्याहरु सिकाउने गरेको पाइयो । केही छात्रहरु भने आफुले जानेको कुरा पनि सिकाउन संकोच मान्ने गरेको पाइयो । कक्षाकोठा भित्र छात्रछात्राहरुको सिकाइ व्यवहार कस्तो हुन्छ भनी सोधिएको प्रश्नमा हामी केटीहरु केटाहरुलाई सिकाउन नचाहेको, केटाहरुलाई आफुले जानेको कुरा सिकायो भने कक्षामा उछिन्न सक्छन्, केटाहरु प्राय घमण्डी हुने हुँदा आफुभन्दा जान्ने भयो भने हामीलाई हेप्छन भन्ने डरले केटा साथीहरुलाई सिकाइदैंन भन्ने भनाई मा.वि. राताटारमा कक्षा ९ मा पढने छात्राहरुको भनाइ रहेको पाइयो । सोही प्रश्नको उत्तरमा केटी साथीहरुसँग शिक्षण सिकाइ गर्न रमाइलो हुने र उनीहरुसँग नजिकिन सजिलो हुने हुँदा केटी साथीहरुलाई आफूले जानेको कुरा सिकाउने गरेको श्री उमावि डकाहाका कक्षा ९ का छात्रहरुको भनाइ रहेको पाइयो । छात्रहरु कमजोर भएपनि आफूलाई नआउने कुराहरु केटी साथीहरुसँग सोध्ने नगरेको पाइयो ।

यस्तो किन हुन्छ भनी सोधेको प्रश्नको स्रोतव्यक्तिको जवाफलाई विश्लेषण गर्दा केटाहरुले कक्षामा आफूलाई सर्वमान्य ठान्ने र केटीहरुको तुलनामा आफू जान्ने देखाउन नजानेका कुराहरु पनि नसोध्ने गरेको पाइयो । केटाहरु केटीहरुलाई कुनै कुरा सोध्दा आफू कमजोर भएको महशुस गर्ने कारणले पनि उनीहरुसँग सोध्न नचाहेको पाइयो । त्यसैगरी शिक्षकसँग नजानेका कुराहरु सोध्न पढाइमा दख्खल भएका केही छात्रहरु भने निकै उत्सुक रहेको अध्ययनका क्रममा पाइयो ।

त्यस्तै यौन तथा छात्र-छात्राहरुको बानी व्यहोराको विषयवस्तुमा भने सबै छात्रहरु विषयवस्तुप्रति उत्सुकता देखाउदै होहल्ला गरी त्यसको खिल्ली उडाउने आशयले शिक्षक तथा केटी साथीसँग प्रश्न सोध्ने गरेको पाइयो । कुनैपनि कुरा भन्न इन्कार गर्दापनि अश्लील शब्द प्रयोग गर्दै जबरजस्ती केटाहरुसामु बोल्नुपर्ने बाध्यता सिर्जना गरेको पाइयो ।

यस्तो व्यवहार किन हुन्छ भनी सोधिएको प्रश्नमा उमावि डकाहाका कक्षा ९ का छात्रको भनाईलाई विश्लेषण गर्दा यौनका कुरा गर्दा रमाइलो लाग्दछ, आफ्नो व्यवहारसँग सम्वन्धित कुरा भएकोले यस्तो विषयवस्तुमा चासो राख्नु स्वभाविकै रुपमा लिइएको पाइयो ।

छात्राहरुको सिकाइ व्यवहार कस्तो छ भनि कक्षा शिक्षकलाई प्रश्न गर्दा श्री उमावि सिर्थौलीका शिक्षकको जवाफलाई केलाउँदा छात्राहरु लजालु स्वभावमा सिकाइ अगाडि बढाउने, कक्षामा उपस्थिति कम हुने, उपस्थित हुनेहरुले गृहकार्य गरेर ल्याउने, कक्षा कार्यकलाप पनि गर्ने, अधिकांश छात्राहरु पढन र सिक्न उत्सुक हुने गरेको पाइयो । सोही प्रश्नको उत्तरमा श्री उमावि सिर्थौलीका प्र.अ.को भनाइलाई विश्लेषण गर्दा छात्राहरु छात्रहरु भन्दा पढाइमा लगनशील र उत्सुक हुने तथा केही छात्राहरु भने आफ्ना सहपाठी केटीहरुले उछिन्ने डरका कारण अरु छात्राहरुको अगाडि आफुले जानेका कुराहरु नभन्ने बरु केटा सहपाठीहरुलाई सोध्ने र भन्ने गरेको पाइयो । सोही प्रश्नमा छात्राहरुको आशय

बुझ्दा छात्रहरुले एक्लै हुँदा यौनिक हैरानी दिने, समूहमा बस्दा त्यसो नगर्ने, यद्यपि बस्दाखेरी नजिकै आई छात्राहरुलाई छोएर बस्ने अनि सिक्न खोज्ने, आफूले सोधेका कुराहरु पनि छात्रहरुले भनिदिने बरु छात्राहरुले नै नभन्ने, छात्रहरु बढी नियमित विद्यालयमा उपस्थित हुने हुँदा उनीहरु छात्राहरु भन्दा बढी जानकार हुने कारणले उनीहरुसँग बढी नजिकिएको पाइयो ।

### ४.२.४ पाठ्यक्रम कार्यान्वयनको अवस्था

कुनैपनि राष्ट्रको शैक्षिक लक्ष्य र उद्देश्यहरु हासिल गर्नका लागि पाठ्यक्रम एउटा सशक्त साधन हो । सबै व्यक्तिहरुलाई राष्ट्रिय मुलधारमा समेट्ने औजारको रुपमा यसलाई लिने गरिन्छ । त्यसैले पाठ्यक्रमलाई समाज उन्नतिको मेरुदण्डका रुपमा लिने गरिन्छ । पाठ्यक्रमले व्यक्ति, समाज र राष्ट्रिय आवश्यकतालाई समेट्दै प्रत्येक व्यक्तिको व्यक्तित्व विकास गरी आत्मनिर्भर भएर जिउन सक्ने क्षमताको विकास गर्नुपर्दछ । सामाजिक कुसंस्कार र छात्रछात्राहरुबीचको लैङ्गिक विभेदलाई अन्त्य गरी व्यक्तिमा वर्तमान युगसँग सामाञ्यस्ता गर्न सक्ने सीप, क्षमता र दक्षताको विकास गर्न सक्ने विषयवस्तु समेटिनु पर्दछ ।

विद्यालयमा छात्रछात्राहरु बीचमा हुने लैङ्गिक विभेद व्यवस्थापनमा पनि अधिकांश विद्यालय र क्याम्पसमा हुने पढाई सैद्धान्तिक मात्र हुनु व्यवहारिक र सीपमुलक शिक्षाको अभाव र शिक्षित बेरोजगारहरुको समस्याले पनि शिक्षाप्रति छात्राहरुको वितृष्णा बढन गइ विभेद भएको पाइयो । माध्यमिक तहका उमेर समुहका सबै छात्राहरुलाई विद्यालयमा सहभागि गराउन शिक्षा व्यवहारिक, वैज्ञानिक, सीपमुलक र आत्मनिर्भर भएर बाँच्न सक्ने किसिमको हुन आवश्यक छ । विद्यालयमा छात्रछात्राहरु बीचमा हुने लैङ्गिक विभेदको व्यवस्थापन हुन नसक्नुमा विद्यालय निरीक्षकको धारणा यस्तो रहेको पाइयो “वर्तमान पाठ्यक्रममा समावेश गरेको शिक्षाले सैद्धान्तिक विषयवस्तु मात्र समेटेको, दिनभर कक्षाकोठामा बसेर सुनिरहनु पर्ने, पट्यार लाग्दो हुने छात्राहरुको मनोबल बढाउने खालका

पाठहरु समावेश हुन नसकेको र रोजगारमुखी पाठ्यक्रम हुन नसकेको शिक्षा नीति र कार्यान्वयनका कारण छात्रछात्राहरु बीचमा लैङ्गिक विभेद कायम रहेको पाइयो ।

पाठ्यक्रममा समावेश गरिएका नारीपुरुष समानताको वकालत गर्ने पाठयांशहरु पनि केवल सिद्धान्तमा मात्र सीमित रहेको र त्यसको कार्यान्वयन पक्षलाई हेर्दा समाजमा खासै प्रभाव परेको पाइएन । कक्षा ८, ९ र १० को जनसंख्या विषयमा राखिएका छोराछोरी दुवै बरावरी भन्ने भनाई केवल सिद्धान्तमा नै सीमित रहेको पाइन्छ । त्यसको कार्यान्वयनमा प्रभावकारिता देखिदैन जवसम्म छोराको जन्म हुँदैन तवसम्म परिवार नियोजन नगर्ने, छोरी जन्मदा मन खिन्न पार्ने, छोरा नजन्मिने हो कि भन्ने कुराले चिन्ता गर्ने गरेको पाइन्छ । जनसंख्या शिक्षा पढाउने शिक्षक स्वयंनै छोराको चाहनामा धेरै वटी छोरीको बाबु बनेका उदाहरण यस अध्ययनका क्रममा पाइयो ।

छोराछोरी बीचको विभेद गर्ने खालका पाठ्यक्रम नराखिएको पुरुष प्रधान समाजको असरले अग्रज महिलाहरुको सक्रियता कम भएकोले गर्दा पाठ्यक्रम निर्माण देखि सञ्चालन सम्म पनि महिलाको सहभागिता कम हुनुले पनि छात्रछात्राहरुबीच लैङ्गिक विभेद भएको पाइयो ।

त्यसैले शिक्षा सीपमुलक, व्यवहारिक र वास्तविक परिवेशसँग सुहाउने आत्मनिर्भरमुखीका साथै महिलाहरुको आत्मबल बढ्ने किसिमको हुनु पर्दछ । जसबाट विद्यालय तहदेखि नै छात्रछात्राहरुमा लैङ्गिक विभेद अन्त्य हुन सकोस् । पुरुष प्रधान समाजमा हुर्केका हैकमबादी पुरुषहरुको महिलामाथि हेर्ने दृष्टिकोणलाई परिवर्तन गर्न सके महिलाहरु पनि सक्षम हुन्छन्, पुरुष सरह कुनै पनि जिम्मेवारी वहन गर्न सक्दछन । महिलाहरुको कमजोर मनस्थितिकै कारण उनीहरु पछि परेको पाइयो । आत्मबल बलियो बनाएर हरेक परिवर्तनमा, हरेक परिस्थितिमा अगाडि बढ्न सके महिलाहरुले पनि पुरुष सरह कुनै पनि काम सजिलै गर्न सक्छन भन्ने खालको पाठ्यक्रम निर्माण गर्नु पर्ने देखिन्छ । त्यस्तै रुची, क्षमता, अवस्था, र आवश्यकतालाई ध्यान दिएको पाठ्यक्रमले मात्र छात्रछात्राहरुको लैङ्गिक

विभेद अन्त्य गर्न सहयोग पुऱ्याउन सक्ने कुरालाई पनि उत्तिकै मध्यनजर गर्न आवश्यक रहेको प्रस्तुत अध्ययनका क्रममा पाइएको छ ।

## ४.३ विद्यार्थी बीचमा हुने लैङ्गिक असमानताका कारणहरु

स्वभावैले समान स्थान, काम, अवसर, र प्रतिफलमा पनि विभेद गरिन्छ भने त्यहाँ नकारात्मक असर पर्छ । त्यसकारण विद्यालयमा छात्रछात्राहरु बीचमा लैङ्गिक विभेद हुने के कस्ता कारणहरु रहेका छन् भन्ने कुरालाई निम्न बुँदाहरुमा छोटकरीमा उल्लेख गरिएको छ ।

### ४.३.१ विद्यालय वातावरण

विद्यालयमा गएर पनि छात्राहरुले आफ्नो व्यक्तिगत वा सामुहिक कार्य गर्न असमर्थ हुदै आएको पाइन्छ । छात्राहरुले आफूलाई आइपरेका समस्याहरु समाधान गर्नका लागि को सँग र कसरी सहयोग लिने भन्ने बारेमा अन्यौलता रहेको पाइयो । शिक्षक तथा अभिभावकहरुलाई समस्याका बारेमा भन्दा उनीहरुले छात्राहरुलाई नै समस्या दवाएर राख्न सल्लाह दिने गरेको पाइएको छ । त्यसैले माथि उल्लेखित कारणले गर्दा विद्यार्थी बीचमा लैङ्गिक असमानता कायम भएको पाइयो ।

विद्यार्थी बीचमा लैङ्गिक असमानताका कारणहरुमा विद्यालयको वातावरण पनि एक हो ? भन्ने प्रश्नको उत्तरमा अधिकांश छात्राहरुले विद्यालयमा प्रार्थनाको समयमा पनि केटाकेटीको छुट्टाछुट्टै लाइन लगाइने, पिटीखेल्दा केटीहरुलाई समस्या हुने, केटा साथीहरुले हामी उफ्रेको निहुरेको बेलामा केटीतिर नजर लगाउने, एकान्त ठाँउ पारेर पिटी खेलेको र खेलाएको कुरा गरेर जिस्क्याउने जसले अतिरिक्त क्रियाकलापमा खुलेर सहभागी हुन सक्ने वातावरण छात्राहरुको लागि नभएको पाइयो ।

यसै सन्दर्भमा विद्यालयको वातावरणले लैङ्गिक विभेद सिर्जना गर्ने धारणामा सहमत हुँदै केटाकेटीहरु कक्षाकोठामा बस्दा छुट्टाछुट्टै बस्ने, साथी बनाउँदा केटा/केटा, केटी/केटीको छुट्टै समूह बन्ने, विभिन्न क्रियाकलापमा शिक्षकहरु समेत केटा केटी भनेर छुट्याउने

कारणले विद्यालयको वातावरण पनि लैङ्गिक विभेदको कारण हो भन्ने भनाई उमावि हर्षाहीका अभिभावकको रहेको पाइयो । यसप्रकार विद्यालयमा शिक्षक तथा प्रशासनिक निकायको तर्फबाट गरिने व्यवहार पनि विद्यार्थी बीचमा लैङ्गिक विभेद सिर्जना गर्नमा उत्तिकै जिम्मेवार रहेको पाइयो ।

### ४.३.२ पारिवारिक वातावरण

विद्यार्थी बीचमा हुने लैङ्गिक असमानताका कारणहरुमा घरायसी वातावरण पनि एक हो भन्ने तथ्य अध्ययनले देखाएको छ । पुरुष प्रधान समाजमा हरेक सामाजिक गतिविधिमा पुरुषको प्रधानता भई महिला पछि परेको यथार्थ छ । जसबाट यस अध्ययन क्षेत्र पनि अछुतो छैन । यस क्षेत्रका अधिकांश मानिसहरुको आर्थिक अवस्था कमजोर भएकाले पुरुषहरु घरबाहिरको काममा तल्लिन हुने घर छोडेर बाहिरको काममा कमाउन जानु पर्ने भएकाले महिलाले घर परिवार धान्नु पर्ने, खेतीपाती चलाउनु पर्ने, बालबच्चा हुर्काउनु पर्ने, बस्तुभाउ चराउनु पर्ने जस्ता घरायसी कामको बोझका कारण छात्रछात्रा बीच हुने लैङ्गिक विभेदका आधारमा पठनपाठनमा असर परिरहेको देखिन्छ । यस अध्ययन क्षेत्रको सामाजिक अन्धविश्वास र चेतनाको कमीका कारण छोरीलाई विद्यालय पठाउने र छोरीलाई घरधन्दामा सीमित राख्नाले र विद्यालय पठाए पनि नियमित उपस्थितिमा छोरालाई प्राथमिकता दिई घरको व्यवहारिक कामको बोझ धानी सकेपछि मात्र छोरीले विद्यालय जानुपर्ने, विद्यालय गएको समयमा पनि घरमा काम पर्दा छुट्टी मागेर छोराको तुलनामा छारीलाई घर बोलाई घरधन्दा तथा व्यवहारिक काममा लगाएको पाइएकोले विद्यार्थी बीच हुने लैङ्गिक असमानताको व्यवहारले पठनपाठनमा असर पर्न गएको पाइयो ।

विद्यालयमा छात्रछात्रा बीच हुने लैङ्गिक विभेदका आधारमा पठनपाठनमा असर पर्ने कारणहरु के के हुन सक्दछन भनी राखिएको खुल्ला प्रश्नबाट प्राप्त उत्तरलाई अभिभावक स्वयं सचेत नहुँदा बालबालिकाहरु शिक्षामा पछाडि परेको पाइयो । स्वयं छात्राहरुको निष्कृयता र देशको ढुलमुले शिक्षा नीति एवं सामाजिक संरचनाको कमी कमजोरीका

कारण यस्तो समस्या आएको कुरा उमावि सिर्थौलीका अभिभावकहरुको धारणा रहेको पाइयो ।

यस अध्ययन क्षेत्रको समग्र अवस्थालाई नियाल्दा धेरै क्षेत्रमा जनजाति आदिवासी दनुवार समुदायको बाहुल्यता रहेको र उनीहरु पहिलेदेखि नै दासता र परनिर्भरता भएर जीवन जिउन विवश भएको पाउन सकिन्छ । यसबाट अध्ययन क्षेत्रका समुदायमा छोरा र छोरी वीचको भेदभाव हटाइ शैक्षिक चेतना विकास गरी सामाजिक अन्ध परम्परालाई आधुनिकीकरण गरी सोच विचारमा परिवर्तन गर्न र महिलालाई सधै घर धन्दा, चुलो चौकोमा मात्र सीमित नराखी यिनीहरुको चौतर्फी विकासका लागि शैक्षिक जनचेताना जगानउनु पर्ने तथ्य देखिएको छ । विद्यालयमा छात्रछात्रा बीच हुने लैङ्गिक विभेदका कारणले पठनपाठनमा असर पारेको छ कि छैन ? भन्ने खुला प्रश्नमा उत्तरदाताहरुले समाजमा महिला शिक्षा सम्बन्धी जनचेतनाको कमीले गर्दा छात्रा सहभागीतामा प्रत्यक्ष असर पुगेको धारणा व्यक्त गरे भने बाँकी उत्तरदाताहरुले महिलाहरुलाई सीपमूलक शिक्षाको अभाव, शिक्षा नीतिमा परिवर्तन नहुनु, शिक्षा निःशुल्क हुन नसक्नु तथा अभिभावहरुको परम्परागत दृष्टिकोणमा परिवर्तन नहुनु जस्ता कारणमाथि आ-आफ्नो धारणा व्यक्त गरे ।

विद्यालयमा छात्रछात्रा बीचमा हुने लैङ्गिक विभेदका कारणले पठनपाठनमा असर परेको छ कि छैन भनी सोधिएको प्रश्नमा पठनपाठनमा असर परेको कुरालाई अधिकांश उत्तरदाताले स्वीकार गर्दै शिक्षा अनिवार्य र निःशूल्क हुन नसकेको बताएको पाइयो । रोजगारमूलक, सीपमूलक र समयसापेक्ष शिक्षाको अभावमा छात्रछात्राहरु बीचमा लैङ्गिक विभेद हुने गरेको पाइयो । तर पारिवारिक वातावरणले गर्दा छोरीको पठनपाठनमा समस्या उत्पन्न भएको पाइयो ।

शिक्षा नियमावलीमा विद्यालय व्यवस्थापन समितिको अधिकार स्पष्ट र उचित रहेपनि कार्यान्वयनका पक्षमा विद्यालय व्यवस्थापन समितिले सक्रिय भूमिका निर्वाह गर्न नसक्दा

यस्तो परिस्थिति आइपरेको देखिन्छ । छात्रा विद्यार्थीहरुले विद्यालयमा केटाहरुले जिस्क्याउने, महिनावारी भएका बेलामा विद्यालयमा छात्राका लागि कपडा फेर्ने छुट्टै शौचालय नहुने जस्ता कारणहरुले गर्दा पनि छात्रछात्रा बीचमा लैङ्गिक विभेद हुने अवस्था सिर्जना हुने गरेको देखिन्छ ।

मार्क्सले आफ्नो सिद्धान्तमा शिक्षा, स्वास्थ्य, रोजगार, राजनैतिक, सामाजिक, आर्थिक र साँस्कृतिक सबै पक्षमा महिलाको सहभागिता समान हुनु पर्दछ भनि उल्लेख गरेपनि अध्ययन क्षेत्रमा महिलाहरु घरायसी कामकाज, कृषि, चुला चौका आदिमा नै रुमलिन बाध्य रहेको थाहा पाइयो । हाम्रो जस्तो अल्पविकसित राष्ट्रमा अन्धविश्वासका कारण र सामन्ती संस्कारले गर्दा छात्रछात्राबीचमा लैङ्गिक विभेद रहेको पाइएको छ ।

सामुदायिक विद्यालयमा विद्यार्थी बीचमा हुने लैङ्गिक असमानताका कारणहरुमा विद्यालयको वातावरण, घरायसी एवं पारीवारिक वातावरण, चेतनाको कमी आदि रहेको पाइयो । विद्यालयमा लैङ्गिक आधारमा देखिएका असमानता समाधान गर्नमा विद्यालयको वातावरणमा सुधार गर्नु पर्ने, विद्यालय भित्र र बाहिर छात्राहरुसँग गरिने व्यवहार एवं हेराइको दृष्टिकोणमा सकरात्मक परिवर्तन गर्नु पर्ने, विद्यालयमा छात्राहरुकालई हरेक क्रियाकलापमा सहज वातावरणको सिर्जना गर्न सम्बन्धित पक्षबाट अग्रसरता देखाउनु पर्ने, विद्यालयको भौतिक अवस्थालाई समयानुकुल सुधार गर्नु पर्ने पाइयो । यसका साथै घरायसी वातावरण एवं रुढीवादी सोचमा परिवर्तन गरी घरपरिवार, समाजबाट छोराछोरीबीच हुने विभेद कम गर्न, रुढीवादी मान्यताहरुलाई परिवर्तन गर्न व्यापक रुपमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने, छोरा सरह छोरीहरु पनि अवसर पाए जुनसुकै काम गर्न सक्षम छन् । उनीहरुलाई अधिकारको खाँचो छ भन्ने भावनाको विकास घर, परिवार एवं समाजमा देखाउन सके छात्रछात्राहरुबीच हुने लैङ्गिक विभेद कम गरी शैक्षिक गुणस्तर कायम गर्न सकिन्छ भन्ने ठम्याइ रहेको छ ।

**४.३.३ चेतना स्तर**

अन्धकारको ज्योतिका रुपमा शिक्षालाई अङ्गिकार गर्न नसक्नु, शिक्षा जीवन जिउने आधार हो भन्ने मनन गर्न नसक्नु, छोरा सरह छोरीलाई पनि शिक्षालयहरुमा नपठाउनु जस्ता चेतनाको अभावले गर्दा पनि छात्रछात्रा बीचमा लैङ्गिक विभेद कायम भएको पाइन्छ । छोरी भएर जन्मनु नै उसको अभिसाप होइन यो त समाज र परिवारले निम्त्याएको मानवीय विभेद हो भन्ने कुराको जानकारी नभएका कारण विद्यालय जस्तो पवित्र ठाउँमा शिक्षा आर्जनका लागि छात्राहरुले विभेद खेप्नु परिरहेको पाइएको छ । जसबाट भविष्यमा देश विकासका लागि चाहिने जनशक्ति उत्पादन हुन नसक्दा खाली समाज र परिवारले मात्र होइन समग्र राज्यले नै मानव संशाधनको अभाव व्यहोर्नु पर्ने स्थिति देखा पर्ने अवस्था छ । चेतनाको कमीले गर्दा छात्रछात्राहरुबीच हुने लैङ्गिक असमानता किन हुन्छ भनी सोधिएको प्रश्नमा प्राप्त उत्तरलाई विश्लेषण गर्दा पुरुषप्रधान समाजमा अहिलेसम्म पनि नारीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइएन । महिलाहरु पुरुषका दास हुन्, घरका भान्छे हुन्, तिनीहरुले पुरुषको हैकम सहनै पर्छ, मान्नै पर्छ भन्ने मान्यता अझै जीवन्त रहेको पाइयो । जसले गर्दा महिलाहरुको शिक्षामा पहुँच पुग्न नसकिरहेको पाइयो । स्वयं महिलाहरुमा पनि पुरुषसँग प्रतिस्पर्धा गर्ने सोचको विकास भएको पाइदैन । घर परिवार, समाज विद्यालय आदिका सोच, व्यवहार र परिवेशको कारण छात्रहरु हरेक कुरामा सक्रिय हुने तर छात्राहरु पछि पर्ने गरेका हुन् । नारी र पुरुष समान हुन लिङ्गको आधारमा यिनीहरुको बीच विभेद हुनु हुँदैन भन्ने चेतनाको विकास गराउन सके छात्राहरुको पठनपाठन लगायत जीवनस्तर उठाउन सहज हुने देखियो ।

यसै सन्दर्भमा लैङ्गिक विभेद घर परिवार, समाज हुँदै विद्यालयमा आइपुग्छ । त्यसको सिकार छात्राहरु भएको र घरपरिवार एवं समाजको धारणा अनुसार नै छात्रहरुबाट छात्राहरु माथि अभद्र व्यवहार हुने गरेको पाइयो । शिक्षकहरुको दृष्टिकोण पनि सकरात्मक देखिँदैन । जबसम्म मानसिक रुपमा महिलाहरुलाई समानरुपले हेर्ने दृष्टिकोणको विकास हुँदैन तवसम्म विद्यालयमा हुने लैङ्गिक विभेद अन्त्य नहुने कुरा यस अध्ययनको ठम्याई रहेको छ ।

छोरा सरह छोरीले पनि नयाँ सिर्जना गर्न सक्छन् । पुरुषले गर्ने गलत व्यवहारलाई नारीले प्रतिकार गर्न सक्नु पर्दछ । पुरुषले नारीमाथि गर्ने शोषणको अन्त्य गर्न, नारी सक्रिय भएर लाग्नु पर्छ, त्यसको लागि चेतनाको विकास हुन जरुरी छ भन्ने कुरालाई आत्मसात गर्दै केटा साथीहरुले गर्ने नराम्रो व्यवहारको प्रतिकार गर्न सक्छौ भन्ने हिम्मत छात्राहरुमा हुन जरुरी रहेको पाइयो ।

मार्क्सको नारीवाद सिद्धान्तअनुसार महिला दमन भनेको वर्गीय दमन हो । महिला समाजमा दमित भएर रहेका छन् । महिला मुक्तिको एवम् स्वतन्त्रताको लडाइँ वा संघर्ष पुरुषको विरुद्धमा नभई पूँजीवादी प्रणाली र पूँजीवादी व्यवस्था विरुद्धको संघर्ष हो । वर्गसंघर्ष नै सबै किसिमका विभेद शोषणको माध्यम हो । समाजमा जवसम्म निजीसम्पत्ति रहन्छ तव सम्म महिला र पुरुषबीच असमानता रहने हुँदा निजी सम्पत्तिको अन्त्य गरी उत्पादन प्रणालीमा सामूहिक स्वामित्व कायम गर्न सकेमा मात्र महिला र पुरुषबीचका विभेद अन्त्य हुन्छन् (अर्याल, २०६८) । यसप्रकार छात्रहरुबीच विभेद अन्त्य गर्न सर्बप्रथम महिलालाई सम्मान गर्नु पर्ने कुरा देखिएकोले मार्क्सको नारीवादी सिद्धान्त मेल खाएको पाइन्छ ।

### ४.४ शिक्षामा लैङ्गिक समानताका लागि सुधारात्मक उपाय

महिलाहरुलाई शिक्षामा समान अवसर दिनु पर्छ भन्ने अभिप्रायले वि.सं. २०२७ सालमा युनिसेफको आर्थिक सहयोगमा महिलाहरुका निम्ति समान अवसर कार्यक्रम शिक्षा मन्त्रालयबाट सुरु गरिएको थियो । त्यति बेला देखि सुरु भए तापनि सरकारी नीति कडाइका साथ लागु गर्न नसक्दा यसले प्रभावकारी भूमिका निभाउन सकेन र समस्या जस्ताको तस्तै रह्यो । छनोटमा परेका सम्वन्धित व्यक्तित्वहरुको प्रतिक्रिया तथा शिक्षामा लौङ्गिक असमानता सम्वन्धि प्रश्नावलीहरुबाट प्राप्त सुधारात्मक उपायहरु सम्वन्धि तथ्यहरुलाई निम्नानुसार बुँदागत रुपमा देखाइएको छ ।

### ४.४.१ लैंगिक विभेदको दुरी कम

विद्यालय शिक्षामा विद्यमान लैङ्गिक विभेदको दुरीलाई अझै साँगुरो बनाई समानतामा पुऱ्याउन टेवा पुगोस् भन्नाका लागि शिक्षा विभाग अर्न्तगत आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम संचालन हुँदै आएको छ । यस कार्यक्रमले विद्यालय सहभागिता केही वृद्धि भए तापनि जति हुनु पर्ने हो त्यति हुन नसकेको देखिन्छ ।

विद्यालयमा छात्रा सहभागिता वृद्धि गर्नका लागि खासगरी अभिभावक शिक्षाको खाँचो देखिन्छ । शिक्षित अभिभावकहरु आफ्ना छोराछोरीलाई जसरी पनि विद्यालय पठाएर पढाईलाई निरन्तर दिन चाहन्छन् भने अशिक्षित अभिभावकहरुले छोराछोरीलाई विद्यालय पठाउँदा आफुलाई बोझ बढेको अनुभव गर्छन् । त्यसैले गर्दा लैङ्गिक असमानता कम गर्दै लैजान सर्वप्रथम अभिभावक शिक्षाको व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

### ४.४.२ सबल आर्थिक अवस्थाको सिर्जना

अभावका कारणले गर्दा कतिपय अभिभावकले छोराछोरीलाई पढाउन नसकेको देखिन्छ । छोरा छोरी मध्ये कसलाई पढाउने त भन्दा अभिभावकहरु सकेसम्म छोरालाई नै विद्यालय पठाउन चाहन्छन् । आर्थिक अवस्था केही राम्रो भएका अभिभावकले छोरालाई संस्थागत विद्यालय र छोरीलाई सामुदायिक विद्यालय पठाउने गरेको पाइन्छ । यसलाई कम गर्न सरकारी स्तरबाट एकै किसिमका विद्यालय संचालन गरी समानता कायम गर्नु पर्ने देखिन्छ ।

अभिभावकलाई स्वरोजगार तालिम उपलब्ध गराई आय आयर्जन वृद्धि गर्नु पर्ने देखिन्छ । आय आर्जन वृद्धि भएमा उनीहरुले आफ्नो आम्दानी शिक्षा क्षेत्रमा लगाउँछन् जसबाट लैङ्गिक असमानतामा देखिएको समस्या समाधान गर्न मद्दत पुग्दछ ।

### ४.४.३ जनचेतनामा वृद्धि

परम्परा देखि चलिआएका संस्कृतिहरुमा रहेका नकारात्मक पक्षहरुलाई विस्तारै सुधार गर्दै लैजान अभिभावकहरुको परम्परागत धारणामा परिवर्तन ल्याउन जनचेतनामूलक कार्यक्रम संचालन गर्ने र विद्यालयमा हुने लैंगिक विभेदलाई न्यूनितकरण गर्न सकिन्छ ।

### ४.४.४ सरकारी नीति

विद्यालयहरुमा अध्ययनरत छात्र र छात्राहरुको विभेदलाई न्यूनिकरण गरी विद्यालय शिक्षा आर्जनका क्रममा हुने छात्र-छात्रा बीचको विभेदलाई कम गर्ने र खालको विद्यालयको शैक्षिक व्यवस्थापनलाई चुस्त र मजबुत बनाउने किसिमको शैक्षिक नीति निर्माण गरी सोको प्रभावकारी कार्यान्वय गर्न आवश्यक देखिन्छ ।

### ४.४.५ महिलामैत्री पारिवारिक वातावरण

विद्यार्थी बीचमा हुने लैङ्गिक असमानताका कारणहरुमा घरायसी वातावरण पनि एक हो । पुरुष प्रधान समाजमा हरेक सामाजिक गतिविधिमा पुरुषको प्रधानता भई महिला पछि परेको यथार्थ छ । जसबाट यस अध्ययन क्षेत्र पनि अछुतो छैन । यस क्षेत्रका अधिकांश मानिसहरुको आर्थिक अवस्था कमजोर भएकाले पुरुषहरु घरबाहिरको काममा तल्लिन हुने घर छोडेर बाहिरको काममा कमाउन जानु पर्ने भएकाले महिलाले घर परिवार धान्नु पर्ने, खेतीपाती चलाउनु पर्ने, बालबच्चा हुर्काउनु पर्ने, बस्तुभाउ चराउनु पर्ने जस्ता घरायसी कामको बोझलाई न्यूनिकरण हुने वातावरणको तयारी हुन जरुरी देखिन्छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

## ५.१ निष्कर्ष

यस अध्ययनबाट प्राप्त भएका तथ्य र तथ्याङ्कलाई सैद्धान्तिक विश्लेषणको आधारमा प्राप्त भएका निष्कर्षहरु लाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ । पुरुष र महिलाको समान सहभागिता र समानताबाट मात्र राष्ट्र र समाजको उन्नति हुन्छ भन्ने कुरा यस अध्ययनबाछ प्रष्ट भएको छ । जसरी रथ एउटा मात्र पाङ्ग्राले हिँड्न सक्दैन ठीक त्यसै गरी समाजमा विकासका गतिविधि अघि बढाउनका लागि स्त्री र पुरुषका बीचमा लिङ्गकै आधारमा विभेद गरिनु हुँदैन भन्ने ज्ञान यस अध्ययनले दिएको छ । मार्क्सले मानवको जन्मजात प्राप्त हुने महिला र पुरुषबीचको जैविक लिङ्ग विभेदका आधारमा महिला र पुरुषबीच भेदभाव गर्न नहुने र समान सहभागिता हुनुपर्ने उनको सिद्धान्तले बताए पनि अध्ययन क्षेत्रमा छात्रछात्राहरु बीचमा लैङ्गिक विभेद कायमै रहेको पाइयो । यसर्थ विद्यालयमा छात्रछात्राहरु बीचमा हुने लैङ्गिक विभेदको अन्त्य गर्नका लागि सामाजिक अन्धविश्वासलाई निर्मूल पार्दै र छोरीको समान अस्तित्व एवम् समान शैक्षिक सहभागिता अभिबृद्धि गर्न जनचेतना मार्फत सबै अभिभावकहरुलाई सचेत पार्न आवश्यक देखिन्छ ।

विद्यालयमा छात्रछात्रा बीचमा हुने लैङ्गिक विभेदलाई व्यवस्थापन गर्नमा सामाजिक जागरण सञ्चालन गर्नुपर्ने, छात्रा भर्ना दरमा बृद्धि गर्नु पर्ने, समयानुकुल पाठ्क्रमको परिवर्तन गरिनुपर्ने, शिक्षा व्यवहारमुखी हुनुपर्ने र छात्रछात्राहरुलाई कार्यमुलक दिशामा समाविष्ट गर्नुपर्ने देखिन्छ । मार्क्सले प्रस्तुत गरेको हुनेखाने र गरीखाने वर्ग बीचको अन्तरलाई संघर्षबाट प्राप्त उपलब्धिको आधारमा मानिसहरुको आवश्यकताहरु एकपछि अर्को गर्दै बढ्ने र ती आवश्यकताहरु परिपूर्ति गर्न उनीहरुमा सामर्थ्य रहदैन भने झै अध्ययन क्षेत्रमा पनि यसको प्रभाव देख्न सकिन्छ । दैनिक आधारभूत आवश्यकता (गाँस, बाँस, र कपास) कसरी पूरा गर्ने भनेर चिन्ता बढीरहेका बेलामा शिक्षा, स्वास्थ्य, सहभागिता एवम् सशक्तिकरण तथा समता र समानताका कुरा लगायत लैङ्गिक विभेद व्यवस्थापन गर्न सोच्ने फुर्सदै नै नभएको पाइयो ।

अर्कातर्फ विद्यालयमा छात्रछात्रा बीचमा हुने लैङ्गिम विभेदलाई हटाउन र पठन पाठनमा सुधार ल्याइ सभ्य समाजको निर्माण गर्न छात्राका लागि छुट्टै शौचालय, खेलका सामग्री, कक्षाकोठामा शिक्षकले विद्यार्थीलाई गर्ने व्यवहारमा समानता, महिला शिक्षाको विकास, व्यवहारमुखी र आयमुखी पाठ्यक्रमको निर्माण एवम् कार्यान्वयन आवश्यक देखिएको छ । त्यसैगरी सामाजिक र परम्परागत व्यवहारको परिवर्तन, छोरीलाई हेर्ने दृष्टिकोणमा सकरात्मकता, त्यसैगरी सामाजिक र परम्परागत व्यवहारको परिवर्तन, छोरीलाई पनि छोरा सरहको महत्व, निशुल्क र अनिवार्य शिक्षा आवश्यक रहेको पाइयो ।

त्यसैगरी छात्रछात्राहरु बीच हुने लैङ्गिक विभेद अन्त्य गर्न बाल विवाहको अन्त्य सम्पत्तिमा अधिकार, पेशाको सम्मान, घरायसी कामकाजलाई पनि पेशाको रुपमा स्वीकृति दिनुपर्ने जस्ता आवश्यकता रहेको जानकारी यस अध्ययनबाट पाइयो । सरकारका तर्फबाट कडा कानुन निमार्ण गरी छात्रछात्राका बीचमा लैङ्गिक विभेद गर्नेलाई व्यवहारिक रुपमा नै कारवाही गरिनु पर्ने नीतिगत आवश्यकताहरु खड्किएको यस अध्ययनमा देखिन्छ ।

## ५.२ सुझावहरु

विद्यालयमा छात्रछात्राहरु बीचमा हुने लैङ्गिक विभेदलाई हटाउनको लागि निम्न तीन किसिमका बाटाहरु अबलम्वन गर्न सकिन्छ ।

विद्यालयमा छात्रा आकर्षण गर्ने पक्षलाई पाठ्यक्रम, अतिरिक्त क्रियाकलाप, अनुभवि शिक्षकशिक्षिकाका व्यवस्थापन, स्वच्छ र सफा वातावरण, पर्याप्त भौतिक सुविधाहरु, शिक्षक विद्यार्थी बीचमा सुमधुरता जस्ता कुराहरु पर्दछन् । यस्ता पक्षहरुलाई ध्यान दिइएको खण्डमा निश्चय पनि छात्रा भर्नादर बढ्ने देखिन्छ । त्यसैगरी भर्ना भएका छात्राहरुलाई टिकाइ राख्नका लागि पुरस्कार, प्रोत्साहान, हौसला एवम् सकारात्मक सोचको विकास गर्नु पर्ने देखिन्छ ।
कार्यक्रम कायान्वयनको तह, भौतिक पूर्वाधारको विकास र व्यवस्था, सभ्य शान्त वातावरण, विद्यालय पुग्ने दुरीको कमी, सडक, पुल, बिजुली, सञ्चार, यातायात,

समुदायका संस्कार, सामाजिक परम्पराको संस्थागत विकास, प्रविधिसँगको सामञ्ज्यस्यता रहेका छन् । समाज र राज्यका सबै व्यक्ति र समुदायले यी पक्षहरुको सिर्जना, संरक्षण, सम्वर्द्धन र पृष्ठपोषण गर्न सकेको अवस्थामा मात्र छात्रछात्रा बीचको लैङ्गिक विभेद अन्त्य हुने हुँदा यी पक्षहरुमा ध्यान दिन जरुरी देखिन्छ ।

### ५.२.१ नीतिगत तह

नेपाली समाज प्राचीन सभ्यता र परम्पराबाट अगाडि बढेकोले यो समाजका हरेका क्रियाकलापहरु धार्मिक मूल्यमान्यताहरुले प्रभावित रहेका छन् । तिनको सत्य तथ्य भन्दा पनि आर्दश र अदृश्य एबम् भाग्यमा विश्वास राखेर काम सम्पन्न गर्ने गरेको पाइन्छ । सरकारले यथार्थ, दृश्यात्मक, कर्मशील नागरिक उत्पादन गर्न नीतिगत तहमा रहेकाहरुले कडा कानुन र कार्यान्वयन गर्न आवश्यक रहेको देखिन्छ । शिक्षा प्रणालीलाई मार्गनिर्देशक तथा स्पष्ट दृष्टिकोण राख्ने किसिमको लैङ्गिक नीति तर्जुमा गरी छात्रछात्राहरु बीचको लैङ्गिक विभेद हटाउन ती नीतिहरु लागु गर्नुपर्ने अवस्था रहेको छ ।

छात्र छात्राहरुको लैङ्गिक विभेद हटाउन विभिन्न समतामूलक कार्यक्रम ल्याउनुपर्ने देखिन्छ । विभिन्न विधामा उत्पिडित र उपेक्षित महिलाहरुको पहिचान गरी राज्यले उपयुक्त कार्यक्रमको निर्माण गर्ने, रोजगारीमा महिलाहरुलाई आरक्षण कोटा छुट्ट्याउने, छात्राहरुलाई लक्षित गरी विभिन्न छात्रवृत्ति कार्यक्रम, अनौपचारिक शिक्षा कार्यक्रम, छात्रा सहभागितामा प्रोत्साहन गर्ने कार्यक्रम तथा विद्यालय छाडिसकेकालाई फर्काउनका लागि छुट्टै आकर्षक कार्यक्रम तथा सबै क्षेत्रमा महिलाहरुको पहुँच सुनिश्चित गर्ने ।

शिक्षा प्रणालीलाई मार्गनिर्देशक तथा प्रष्ट दृष्टिकोण राख्ने किसिमको लैङ्गिक नीति तर्जुमा गर्नु पर्ने । यसको लागि सम्बन्धित सरोकारवाला पक्षसँग छलफल र परामर्श गरी वास्तविक प्रतिफल प्राप्त हुनेगरी नीतिहरु निर्माण गर्ने ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयमा हुने छात्रछात्राहरुको लैङ्गिक विभेद अन्त्य गर्नका लागि कार्यान्वयन तहले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । त्यसैले छात्रछात्राका बीचमा हुने लैङ्गिक विभेद अन्त्य गर्न उनीहरुका अभिभावक, विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समितिका

पदाधिकारीहरु, शि.अ.सं.का व्यक्तिहरु, अनुगमनकर्ताहरु, जि.शि.का. लगायतका निकायहरुमा कार्यक्रम सञ्चालनपछिका परिणामहरु र अगाडिका अवस्थाहरुका बारेमा जानकारी गराइ २१ शताब्दी सुहाउँदो शिक्षा प्रदान गर्न आवश्यक रहेको छ । गरीबीले पिरोलिएका छात्रछात्राका अभिभावकलाई जीवन गुजाराका साधनमा सहुलीयत दिएर पनि विभेद पूर्ण कार्यक्रमहरु अन्त्य गर्न प्रोत्साहित गर्नुपर्ने स्थिति रहेको देखिन्छ ।

छात्रछात्राहरुमा हुने लैङ्गिक विभेदलाई कम गर्न अभिभावकहरुमा आफ्नो बालबालिकाहरुले कम्तीमा विद्यालय शिक्षा पुरा गर्नुपर्ने तथा आफ्नो बालबालिकाप्रति रहेको उत्तरदायित्ववारे चेतना जगाउन विविध प्रकारका व्यवहारिक चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने । त्यसैगरी परिवारमा अभिभावकहरुले छोराहरु सरह छोरीहरुलाई पनि समानरुपमा हैसियत प्रदान गरी छोरीलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन गर्नु आवश्यक रहेको छ ।

लैङ्गिक विभेद कम गर्न शैक्षिक कार्यक्रमहरुको विकेन्द्रिकरण गरी प्रभावकारी ढंगबाट स्थानीय स्तरसम्म पुऱ्याउन सक्ने खालका कार्यक्रमहरु लागु गर्नुपर्ने ।

### ५.२.३ अनुसन्धनात्मक तह

देशभरि के कस्ता प्रकारका लैङ्गिक विभेदहरु कायम छन् ? ती लैङ्गिक विभेदहरु किन सिर्जना भए भन्ने यथार्थता खोज्नु आवश्यक छ । राष्ट्रिय नीति तर्जुमा गरी कार्यान्वयन गर्नका लागि प्रतिनिधित्वपूर्ण तथ्याङ्क लिइ त्यसको आवश्यक अध्ययन र अनुसन्धान गरी छात्रछात्राहरु बीचमा हुने लैङ्गिक विभेद न्यूनीकरण गर्न अझ व्यापक र प्रविधियुक्त खोज अनुसन्धान सरकारी तहबाट नै गर्न आवश्यक देखिन्छ ।

लैङ्गिक विभेद एक विषयवस्तु भएकाले शैक्षिक क्षेत्रमा शिक्षक नियुक्तिमा लैङ्गिक विभेद, विद्यालय व्यवस्थापन समितिको गठनमा लैङ्गिक विभेद, पुरुष र महिला शिक्षकहरुमा हुने लैङ्गिक विभेद आदि विषयमा पनि अनुसन्धान आवश्यक रहेको छ । त्यसै गरी शहरी र ग्रामीण क्षेत्रमा रहेका शैक्षिक संस्थाहरुमा रहेका लैङ्गिक विभेदहरुका कारणहरुका सम्बन्धमा पनि भविष्यमा अध्ययन अनुसन्धान गर्न सकिने छ ।

## सन्दर्भ सामग्री


अधिकारी, विष्णुप्रसाद (२०६७), *मावि तहको अध्यापन अनुमतिपत्र परीक्षा दर्पण,* आशिष पुस्तक भण्डार, काठमाडौँ : बागबजार ।

अर्याल, भोजेन्द्र (२०६८), *लैङ्गिक तथा महिलावादी अध्ययन,* ज्ञानकुञ्ज प्रकाशन, काठमाडौं : कीर्तिपुर ।

आचार्य, मोहन (२०६०), *सार्वजनिक प्राथमिक विद्यालयहरुमा अध्ययन गर्ने छात्राहरुले शिक्षा पूरा नगरी बीचैमा छोड्नका कारणको एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. : कीर्तिपुर ।

आचार्य, वलराम (२०६७), *लैङ्गिक र महिलावादी अध्ययन,* भोटाहिटी, नेशनल बुक सेन्टर : काठमाडौ ।

ओझा, नेत्र (२०६३), *समाजका ढाँचा,* एकेडेमीक बुक सेन्टर, काठमाडौं : कीर्तिपुर ।

काफ्ले, वासुदेव, ढकाल, हेमराज तथा अधिकारी, किसान प्रसाद (२०६५), *शिक्षामा सामाजिक न्याय,* काठमाडौँ : कीर्तिपुर, सनलाइट प्रकाशन ।

केन्द्रिय तथ्याङ्क विभाग (२०६८), *दशौ जनगणना,* काठमाडौं : लेखक ।

घिमिरे, गोमा (२०६१), *सामुदायिक र संस्थागत माध्यमिक विद्यालयमा छात्राहरुको सहभागिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं : त्रि.वि, कीर्तिपुर ।

पौडेल, तुलसीराम (२०५८), *लैङ्गिक अध्ययनको रुपरेखा,* निमा प्रकाशन, काठमाडौं : पुतलिसडक ।

प्रधान, भुवनेश्वर (२०६०), *नेपालमा महिला शिक्षा : एक चर्चा,* सचेतना त्रैमासिक : असोज अङ्क ।

फुँयाल, रमन कुमार (२०६८), *विद्यालयमा लैङ्गिक समानता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, पर्सा : ठाकुराम बहुमुखी क्याम्पस विरगंज ।

बस्नेत, प्रभा (२०५९), *नारी शिक्षा आजको आवश्यकता,* काठमाडौं : अर्न्तराष्ट्रिय शैक्षिक मञ्च ।

भट्ट, भिमदेव (२०५७), *लैङ्गिक समानता र महिला सशक्तिकरण,* काठमाडौं : अर्न्तराष्ट्रिय मञ्च छापाखाना ।

मरासिनी, शान्ता (२०६४), *पुरुष प्रधान समाजमा महिला सशक्तिकरण,* नारी मासिकपत्रिका, काठमाण्डौं : कान्तिपुर पब्लिकेशन प्रा.लि. ।

महिला शिक्षा (२०६०), *बदलिदो परिवेश भित्र महिला तथा बालबालिका,* काठमाण्डौं : मकालु बुक्स एण्ड स्टेशनर्स, पुतलीसडक ।

राष्ट्रिय योजना आयोग (२०५९), *दशौं पञ्चबर्षीय योजना* (२०५९-२०६४), काठमाडौं : लेखक ।

रेग्मी, सुनिता (२०६७), *नेपालमा महिलाको स्थिति* , नारी मासिक वर्ष १०, अंक ५ आषाढ ।

शर्मा, गोपिनाथ (२०५८), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

सापकोटा, हरि (२०६०), *महिलाको शैक्षिक अवस्था,* अप्रकाशित स्नातककोत्तर शोध पत्र, काठमाडौं : त्रि.वि. कीर्तिपुर ।

शिक्षा विभाग (२०६३), *लैङ्गिक मूल प्रवाहीकरण रणनीति,* सानोठीमी भक्तपुर : लेखक ।

सुबेदी, प्रतिमा (२०५९), *महिला पुरुष समविकासको आधार,* नारी चेतना केन्द्र, काठमाण्डौं : ज्ञानेश्वर ।

ज्ञवाली, गोपाल २०६३, *शिक्षामा लैङ्गिक असमानताको एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र पुर्वाञ्चल विश्व विद्यालय, नवलपरासी : लुम्बिनी आर्दश डिग्रीकलेज ।

## अनुसूची १

## अभिभावकसँग सोधिने प्रश्नावलीको नमुना

अभिभावकको नाम.........................................................................

ठेगाना.................................................................................

परिवार संख्या...................... छोरा......................छोरी..........................

पेशा............................... शैक्षिक योग्यता.......................................

१. तपाईको विद्यालय जाने उमेरका छोरा छोरी कति छन् ?

क) छोरा................ ख) छोरी .............................

२. छोरा र छोरीको शिक्षामा समान लगानी गर्नु भएको छ ?

क) छ ख) छैन

ग) छैन भने किन..........................................

३. तपाईको छोराछोरीहरुमा लैङ्गिक विभेद पाउनु भएको छ ?

क) छ ख) छैन

४. छोरा छोरीमा एकले अर्कालाई सहयोग गर्दछन कि गर्दैनन् ?

क) गर्दछन् ख) गर्दैनन्

५. छोराछोरीहरुबीच लैङ्गिक विभेद हुनुमा को बढी जिम्मेवार छ ?

क) अभिभावक ख) छोराछोरी

ग) समाज घ) विद्यालय

६. छोराछोरीबीच हुने लैङ्गिक विभेदलाई कम गर्न के गर्नु पर्ला ?

..................................................................................................

७. छोराछोरीबीच हुने लैङ्गिक विभेदले पठनपाठनमा असर पुऱ्याएको छ ?

क) छ ख) खासै छैन

८. विद्यालयमा छात्रछात्राहरुबीचमा हुने लैङ्गिक विभेदको आधारमा पठन पाठनमा देखिएको समस्याहरु समाधानका उपायहरु के के हुन् ?

..................................................................................................

९. तपाईको विचारमा छोरीहरुलाई कक्षाकोठामा बढी नियमित गराउन के गर्नु पर्ला ?

..................................................................................................

१०. छात्रहरुको तुलनामा छात्राहरुबीचमा कक्षा छाडने् समस्या समधान गर्न के गर्न आवश्यक छ ?

११. छात्राहरु छात्रहरुसँग किनसँगै बस्न रुचाउँदैन ?

## अनुसूची २

## प्र.अ.सँग सोधिने प्रश्नावलीको नमूना

नाम.........................................................................................................

विद्यालयको

नाम..........................................................................................

ठेगाना.............................................शैक्षिक

योग्यता....................................

१. तपाईको विद्यालयमा छात्र र छात्रामा कुन बढी छन् ?

क) छात्रा ख) छात्र

२. छात्रा र छात्रमा पढाईको स्तर कसको बढी पाउनु भएको छ ?

क) छात्रा ख) छात्र

३. छात्रछात्रावीचमा लैङ्गिक विभेद छ कि छैन ?

क) छ ख) छैन

४. छात्रछात्रावीचमा लैङ्गिक विभेद कम गर्न के गर्नु पर्ला ?

.........................................................................................................

.

५. विद्यालय तहमा छात्राको सहभागिता वर्तमान अवस्थामा कस्तो रहेको छ ?

क) धेरै ख) न्यून ग) सामान्य

६. छात्राहरुको सहभागिता अभिवृद्धि गर्न विद्यालयले के के नयाँ कार्यक्रमहरु राखेको छ ?

क) दिवाखाजा ख) निशुल्क पोशाक ग) छात्रवृत्ति

७. अतिरिक्त क्रियाकलापमा कसको सहभागिता बढी हुन्छ ?

क) छात्र　　　　　　　　ख) छात्रा

८. विद्यालयमा छात्रछात्रावीच लैङ्गिक विभेद हुनुमा को बढी जिम्मेवार देखिन्छ ?

क) छात्र　　　　　　　　ख) छात्रा　　　　　　ग) समुदाय

९. सरकारले शिक्षामा समान सहभागिता बढाउन गरेको सहयोगले कस्तो प्रभाव परेको छ?

क) सामान्य　　　　ख) खासै प्रभावकारी भएन　　　　ग) ज्यादै राम्रो

१०. शिक्षामा छात्राहरुको समान सहभागिताले समाजमा देखिएका सकारात्मक पक्षहरु के के हुन् ?

.........................................................................................................

.

११. तपाईले छात्रछात्राहरुबीच हुने लैङ्गिक विभेद कम गर्न आफ्नो विद्यालयको तर्फबाट कस्तो कदम चाल्नु भएको छ ?

.........................................................................................................

.

१२. छात्रहरुले किन छात्राहरुसँग अभद्र व्यवहार देखाउन खोज्दछन ?

.........................................................................................................

.

१३. छात्रहरुको तुलनामा छात्राहरु किन कक्षामा अनुपस्थित रहन्छन् ?

.........................................................................................................

.

१४. विद्यालयको कक्षाकोठामा छात्रछात्राबीचको बसाइँमा लैङ्गिक विभेद रहेको छ कि छैन ?

.........................................................................................................

.

## अनुसूची ३

## शिक्षकलाई सोधिने प्रश्नवालीको नमूना

१. विद्यालयमा विद्यार्थी विद्यार्थी बीचमा लैङ्गिक विभेद हुनुका कारणहरु के होलान् ?

.........................................................................................................

.....

२. कक्षा कोठामा छात्र सरह छात्रको उपस्थित भएता पनि कक्षा क्रियाकलापमा कम सहभागिता हुनुका प्रमुख कारणहरु के के हुन् ?

.........................................................................................................

.

३. सामुदायिक विद्यालयमा छात्रछात्राहरुबीच देखिएको लैङ्गिक विभेदले पठनपाठनमा देखिएका समस्या समाधान गर्न अपनाउनुपर्ने मुख्य उपाय कुन हो ?

क) छात्राहरुलाई प्रोत्साहित गर्नु पर्ने ख) लैङ्गिक सचेतना बढाउनु पर्ने

ग) शैक्षिक जनचेतना जगाउनु पर्ने

४. छात्र छात्राको बीचमा रहेको लैङ्गिक विभेदले पठनपाठनमा देखिएका समस्याहरु के के हुन ?

.........................................................................................................

.

५. शिक्षकका नाताले छात्रालाई विद्यालयमा बढी भन्दा बढी उपस्थि गराउन अभिभावकको चेतनास्तर उकास्न कस्ता उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्नु भएको छ ?

क) घरदैलो कार्यक्रम ख) रोजगारीको सुनिश्चितता

ग) सामाजिक सुरक्षा

६. तपाईले छात्रछात्राहरुबीच हुने लैङ्गिक विभेद कम गर्न आफ्नो विद्यालयको तर्फबाट कस्तो कदम चाल्नु भएको छ ?

७. लैङ्गिक समानताको नारालाई परिपूर्ति गर्न विद्यालयको शिक्षकको नाताले अभिभावक तथा विद्यार्थीहरुलाई प्रोत्साहन गर्न के कस्ता सुझावहरु दिनु हुन्छ ?

...........................................................................................................

८. विद्यलयमा लैगिंक आधारमा पठनपाठनले देखिएका समस्या समाधान गर्न अपनाउनु पर्ने मुख्य उपाय कुन हो ?

क) सीप मूलक शिक्षाको व्यवस्था हुनु पर्ने ख) लैगिंक सचेतना गराउनु पर्ने

ग) आर्थिक सुधार ल्याउनु पर्ने घ) शैक्षिक जनचेतना जगाउनु पर्ने

९. विद्यालयमा लैगिंक आधारमाबाट पठनपाठनमा देखिएका समस्याहरु समाधानको उपायहरु के के हुन सक्दछन् ?

...........................................................................................................

१०. विद्यालय तहमा विशेषगरी छात्रको तुलनामा छात्राको सहभागिता न्यून हुने प्रमुख कारण के हो ?

क) चेतनाको अभाव ख) घरको कामको बोझ

११. विद्यालयमा छात्राको संख्या बढी भन्दा बढी उपस्थित गराउन कस्तो उपाय अवलम्वन गर्न सकिन्छ ?

...........................................................................................................

१२. शिक्षामा छात्राहरुको समान सहभागिताले समाजमा देखिएका सकारात्मक पक्षहरु के के हुन् ?

...........................................................................................................

१३. कक्षा कोठामा छात्र सरह छात्रको उपस्थित भएता पनि कक्षा क्रियाकलापमा कम सहभागिता हुनुका प्रमुख कारणहरु के के हुन् ?

...........................................................................................................

.

१४.छात्रा संख्या वृद्धि गर्न के गर्नु पर्ला ?

क) छात्रवृत्ति दिनुपर्छ ख) अनिवार्य शिक्षाको व्यवस्था गर्नुपर्दछ ।

ग) भेदभाव हटाउने चेतनामूलक कार्यक्रम ल्याउनु पर्दछ

१५. अभिभावकले आफ्नो छोरा छोरीको पढाईप्रति कतिको चासो देखाउँछन् ?

..........................................................................................................

.

१६. विद्यालयको कक्षाकोठामा छात्रछात्राबीचको बसाइँमा लैङ्गिक विभेद रहेको छ कि छैन ?

..........................................................................................................

.

१७. छात्राहरु किन छात्राहरुलाई सिकाउन हिच्किचाउछन् ?

..........................................................................................................

.

## अनुसूची ४

## छात्र छात्राहरुको लागि सोधिने प्रश्नावलीको नमूना

नाम..........................................................................................................

ठेगाना......................................................................................................

.

कक्षा........................... रोल नं...................................

१. तिम्रो विद्यालय एवं कक्षाकोठाभित्र साथि साथिबीच लिङ्गको आधारमा विभेद छ कि छैन?

क) छ ख) छैन

२. तिम्रो परिवारमा छोराछोरीबीच भेदभाव छ कि छैन ?

क) छ ख) छैन

३. तिमी केटा/केटी साथिसँग कस्तो व्यवहार गर्दछौ ?

क) नजिक ख) टाढा

४. केटाकटी बीच एक अर्कामा सहयोगको भावना हुन्छ कि हुँदैन ?

क) हुन्छ ख) हुँदैन

५. विद्यालयमा छात्रछात्राहरुमा को बढी नियमित हुन्छन ?

क) छात्र ख) छात्रा

६. लैङ्गिक विभेदको मुख्य कारण के हुन सक्दछ ?

.......................................................................................................
.

७. छात्रछात्राहरु बीचमा हुने विभेदले सिकाइमा कस्तो प्रभाव पारेको छ ?

क) सकारात्मक ख) नकारात्मक

८. कक्षा शिक्षणमा सिक्ने सिकाउने क्रममा छात्रछात्राबीच आपसि सहयोग हुन्छ कि हुँदैन ?

क) हुन्छ ख) हुँदैन

९. केटाहरुले किन केटीहरुसँग अभद्र व्यवहार गर्दछन ?

.......................................................................................................
.

१०. छात्राहरु किन छात्रहरुसँग सँगैबस्न रुचाउँदैनन् ?

.......................................................................................................
.

## अनुसूची ५

## स्रोतव्यक्तिलाई सोधिने प्रश्नावलीको नमूना

नाम.......................................................................................................

ठेगाना....................................................पद............................................

१. छात्राको शिक्षामा सहभागिता न्यून हुने मुख्य कारण के होला ?

क) छोरा र छोरीमा भेदभाव ख) भौगोलिक कठिनाई

ग) घरधन्दा घ) छात्रछात्राबीच हुने विभेद

२. तपाईको स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुमा छात्रछात्राहरुबीच लैङ्गिक विभेद पाउनु भएको छ कि छैन ?

क) छ ख) छैन

३. के कस्ताम उपायहरु अपनाउँदा छात्रासंख्या बढ्न सक्छ ?

क) छात्रवृत्ति प्रदान गरेर ख) अनिवार्य शिक्षा लागु गरेर

ग) रोजगारीको व्यवस्था गरेर

घ) विद्यालयले अभिभावकसँग चेतना अभिवेद्धि कार्यक्रम आयोजना गरेर

४. विद्यालयमा लैगिंक विभेद हुनुमा मूख्य कारणहरु के के हुन सक्छन् ?

क) जनचेतनाको कमी ख) रुढीवादी मान्यता

ग) अभिभावकको दवाव घ) आर्थिक प्रभाव

५. विद्यालयमा लैगिंक व्यवस्थापन गर्न नसक्नुमा कुन कुन तत्वहरु जिम्वेवार छन् ?

क) सामाजिक तत्व ख) आर्थिक तत्व

ग) पाठ्यक्रम सम्वन्धी तत्व घ) भौतिक तत्व

६. नामाङ्कनको संख्या बढी भएपनि कक्षामा छात्रा सहभागिता न्यून हुनुमा कसको दोष देख्नुहुन्छ ?

क) अभिभावकको ख) शिक्षा निति

ग) विद्यालय घ) समुदाय

७. विद्यालयमा छात्रछात्राहरु बीच हुने लैगिंक विभेदका आधारमा पठनपाठनमा देखिएका समस्याको समाधानका उपायहरु के हुन सक्दछन् ?

.......................................................................................................

.

८. लैगिंक विभेद अन्त्य गर्नमा सामाजिक वातावरणले कतिको बाधा पुऱ्याएको छ ?

.......................................................................................................

.

९. छात्रछात्राहरुबीच हुने लैङ्गिक विभेदले पठनपाठनमा कस्तो असर पुऱ्याएको छ ?

.........................................................................................................

.

१०. छात्रछात्राहरुबीच हुने लैगिंक विभेदका आधारमा पठनपाठनमा देखिएका समस्या समाधान गर्ने मुख्य उपाय कुन हो ?

क) सीप मूलक शिक्षाको व्यवस्था हुनु पर्ने ख) लैगिंक सचेतना गराउनु पर्ने

ग) आर्थिक सुधार ल्याउनु पर्ने घ) शैक्षिक जनचेतना जगाउनु पर्ने

११. तपाईको तर्फबाट छात्रा भनादर बढाउन गर्नु पर्ने प्रयासहरु के के हुन ?

.........................................................................................................

.

१२. छात्रछात्राहरुबीच हुने लैङ्गिक विभेद क मगर्न शिक्षकलाई कस्तो सल्लाह दिनु हुन्छ

.........................................................................................................

.

१३. थप सल्लाह र सुझाव भए उल्लेख गर्नहोस् ।

.........................................................................................................

.

## अनुसूची ६

## विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई सोधिने प्रश्नावलीको नमूना

नाम..........................................................................................

ठेगाना...................................................पद.............................................

१. वि.व्य.स. मा महिला सहभागिता कति जना राख्नुभएको छ ?

क) १ जना　　ख) २ जना　　ग) ३ जना　　घ) छैन

२. महिला सदस्य सक्रिय हुनुहुन्छ ?

क) हुनुहुन्छ　　ख) हुनुहुन्न

३. विद्यालयमा छात्रा सहभागिता बढाउन गाउँमा कुनै चेतनामूलक कार्यक्रम गराउनुभएको छ ?

क) छ　　ख) छैन

४. गाउँका अभिभावकलाई विद्यालयमा छोरीहरुलाई नियमित उपस्थित गराउन कस्तो सल्लाह दिनुभएको छ

क) व्यक्तिगत　　ख) सामूहिक

५. विद्यार्थीहरुबीच हुने लैङ्गिक विभेदको कारणले उत्पन्न हुने समस्या समितिसम्म आएको छ कि छैन ?

क) छ　　ख) छैन

६. विद्यालयमा छात्रछात्राहरुबीच लैङ्गिक विभेद हुन्छ कि हुँदैन ?

क) हुन्छ　　ख) हुँदैन

७. विद्यार्थीहरुबीच हुने लैङ्गिक विभेद क मगर्न समितिको तर्फबाट केही उपाय अपनाउनु भएको छ ?

..........................................................................................

.

८. विद्यार्थीहरु बीच हुने लैङ्गिक विभेदले समाजमा कस्तो असर परेको छ ?

क) सकारात्मक　　ख) नकारात्मक

९. विद्यालयका शिक्षकहरुले लैङ्गिक विभेद क मगर्न समिति समक्ष कुनै समस्या राखेका छन् कि छैनन् ?

क) छन्                                   ख) छैनन्

१०. विद्यालयमा छात्राहरुको नामाङ्कन संख्या बढी भएपनि कक्षामा उपस्थिति कम हुनुमा को बढी जिम्मेवार देख्नुहुन्छ ?

.........................................................................................................

.

११. छात्रछात्राहरुबीच हुने लैङ्गिक विभेदका आधारमा देखिएका समस्या समाधान गर्ने उपायहरु के के हुन् ?

.........................................................................................................

.

१२. छात्राहरु किन छात्रहरुसँग सँगै बस्न रुचाउदैनन् ?

.................................